# परिच्छेद : एक

# परिचय

## १.१ पृष्ठभूमि

नेपाल बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, बहुजातीय देश हो । भौगोलिक विषमता, जैविक विविधता र हावापानी फरक भए झैं जाति, भाषा, धर्ममा पनि विविधता भएको देश नेपाल हो । जहाँ विभिन्न जाति, जनजातिहरुका आ आफ्नै भाषा, सामाजिक रहनसहन, धर्म संस्कार र संस्कृतिहरु पाउन सकिन्छ । नेपालमा हिन्दु धर्मावलम्बीहरुको सङ्ख्या बढी भए तापनि बुद्ध, इसाइ, जैन, क्रिश्चियन, किराँत आदि धर्म मान्ने मानिसहरु पनि रहेका छन् । तापनि यहाँको समाजमा हिन्दु धार्मिक संस्कारको प्रभाव अत्याधिक परेको छ ।

नेपाल दक्षिण एसियाका दुई महान राष्ट्रहरु चीन र भारतको बीचमा अवस्थित क्षेत्रफलको हिसाबले विश्वको कूल क्षेत्रफलको ०.०३% र एशियाको क्षेत्रफलको ०.३% क्षेत्रमात्र ओगटेको भए तापनि नेपाल विश्वमै छुट्टै पहिचान कायम गराउन सफल देशको रुपमा स्थापित छ । सानो क्षेत्रमा फैलिएको भए तापनि वास्तवमै नेपाल विविधतामा एकता भएको देश हो । प्राचिन ढुंगेयुग देखिनै मानवको वसोवास भएको प्रमाणित भइसकेको नेपाल प्राचीन समयदेखि नै विविध जातजातिका मानिसहरुको सुरक्षित स्थल बन्न पुग्यो । तराईको घना जंगल प्रचण्ड धुप तथा हिंस्रक जनावरहरुको अनि रोगको प्रकोपको भय तथा उत्तर तर्फ गगनचुम्वी प्राकृतिक पहरेदारका रुपमा युगौदेखि उभिइ रहेका हिमश्रृङ्खलाद्वारा परिवेष्ठित यस क्षेत्र मनमोहक भएकोले विभिन्न समयमा छिमेकी राष्ट्रहरुबाट मंगोल तथा आर्य मूलुकका मानिसहरु नेपाल आई स्थानीय रुपमा वसोवास गर्न थाले । नेपालमा शासन गर्ने राजवंशहरु गोपाल, महिषपाल, किराँत, लिच्छवी, मल्ल तथा शाहबंशबाट पनि यो पुष्टि हुन्छ । यसरी विविध जातिहरुको सङ्गम स्थलको रुपमा विकसित नेपालमा अहिले धेरै जातजातिका मानिसहरुको बसोवास रहेको छ । तराइको समथर भू-भागदेखि हिमाली भेगसम्म बसोबास गर्ने जातजातिहरुको आफ्नै अस्तित्व छ, आफ्नै विशेषता र मौलिकता छ । उत्तरतिर तिब्बतीहरुको प्रभाव र दक्षिणतिर भारतीयहरुको प्रभाव यहाँका जनजातिमा परेको छ (गोदार, २०६४) ।

त्यसै गरी भौगोलिक सीमा उत्तरमा चीन र तीन तिरबाट भारतले वेष्ठित भएको छ। उत्तरतिर तिब्बतीहरुको प्रभाव र दक्षिणतिर भारतीयहरुको प्रभाव यहाँका जनजातिमा परेको छ। पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत गण्डकी अञ्चलको दक्षिण पूर्वी भेगमा अवस्थित तनहुँ प्रकृति, संस्कृति र सभ्यता रहनसहन र जैविक विविधताले भरिपूर्ण मनोरम ऐतिहासिक पहाडी जिल्ला हो। विविध जातजाति र भेषभुषाले भरिपूर्ण एवम् विभिन्न कोट, मन्दिर, दरबार, गुफा र ऋषिमुनीहरुको तपोकेन्द्रहरु सहितको अलंकारहरुले सुसज्जित पनि छ तनहुँ जिल्ला (स्थानीय विकास सन्देश, २०७१, असोज, तनहुँ )।

परम्परागत नेपाली हिन्दु समाजमा लिङ्गको आधारमा श्रम विभाजन गरिएको देखिन्छ। जहाँ घर बाहिर सामाजिक, आर्थिक, राजनैतिक कारोबारमा पुरुषको प्रभुत्व रहेको देखिन्छ भने सन्तानको निरन्तरता दिने, बालबच्चाको स्याहार गर्ने, बूढाबूढीको हेरचाह गर्ने आदि काममा महिलालाई सक्रिय बनाइएको पाइन्छ किनभने महिलालाई शारीरिक रुपमा कमजोर र पुरुषलाई सक्षम मानिन्छ। तर वर्तमान समयमा देखिएका विभिन्न शैक्षिक, सामाजिक, सांस्कृतिक परिवर्तनमा विभिन्न प्रक्रियाले गर्दा समाजमा यो पुरुषले गर्ने र यो महिलाले गर्ने भन्ने अवधारणा विस्तारै लोप हुँदैछ। आज विश्वका ठूला ठूला देशहरु महिलाको नेतृत्वमा चल्दै आएको पाइन्छ। हाल आएर नेपाली समाजमा पनि लिङ्गको आधारमा श्रम विभाजन नगरी क्षमता, योग्यता आदिको आधारमा प्राथमिकता दिन थालिएको देखिन्छ। त्यस्तै नेपालको राजनैतिक, आर्थिक, प्रशासनिक, सामाजिक क्षेत्रमा महिलाको सहभागिता देखिन थालेको छ भने अझै पनि कतिपय दरै जातिको महिलाहरु घरभित्रबाट निस्कन सकेका छैनन्।

नेपालका ५९ जनजातिहरु मध्ये दरै जाति पनि एक आदिवासी जनजातिहरु हुन्। यिनीहरुको मुख्य बासस्थान मध्ये पहाडी र भित्री मधेसमा रहेको पाइन्छ। मंगोलियन अनुहारका देखिने दरै जाति पनि हिन्दु धर्मबाट बढी प्रभावित छन्। जनगणना २०५८ का अनुसार कुल दरैहरुको सङ्ख्या १४ हजार ८ सय ५९ छ भने तनहुँमा २ हजार ४ सय ८५ छ र २०६८ को जनगणना अनुसार व्यास नगरपालिकामा ३१०९ जना दरै जातिको जनसङ्ख्या रहेको छ (केन्द्रिय तथ्याङ्क विभाग २०६८)।

यसै सन्दर्भमा तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं. १ भादगाउँ निवासी दरै महिलाहरुको आयआर्जन र जीविकोपार्जनको अवस्था कस्तो रहेको छ भन्ने खोजको विषय रहेको छ। दरै जातिहरु हेर्दा सोझा, सरल र अरु जातहरुसँग चाडै घुलमिल हुन नसक्ने

आफ्नै भेषभुषा, रीतिरिवाज, चालचलन रहेको जातिहरु हुन् । थेप्चा नाक भएका मङ्गोलहरु नै वास्तविक दरै हुन । हिन्दु धर्म अनुसार यिनीहरुले विभिन्न संस्कारहरु गरेको पाइन्छ भने केही छुट्टै आफ्नै संस्कारहरु पनि यी दरै जातिहरुमा रहेको पाइन्छ । यसका साथै हिन्दु धर्म बाहेक आजभोलि क्रिश्चियन, बौद्ध धर्मलाई पनि आत्मसात गरेको पाइन्छ । पितृसतात्मक परिवार भएको कारणले गर्दा सम्पूर्ण आर्थिक कारोबार पुरुषले नै गर्ने गर्दछन् । खेतीपातीको अलावा पशुपालन गर्ने, जाँडरक्सी बनाएर बेच्ने त्यसका साथै भारत र नेपाली सेनामा भर्ती भएर देशको सेवा गर्ने तथा वैदेशिक रोजगारका लागि विदेशिनेहरुको सङ्ख्या बढ्दो छ भने कोही व्यापार व्यवसायमा पनि लागेका छन् तर त्यस्ता व्यक्तिहरु साह्रै थोरै मात्रामा छन् । सम्पूर्ण आर्थिक कारोबारहरु पुरुषले गरे तापनि आजभोलि शिक्षामा आएको परिवर्तनले गर्दा महिलाहरु पनि आर्थिक कार्यमा अगाडि बढ्को पाइन्छ । व्यास न.पा. भादगाउँका यिनै दरै महिलाहरुको आयआर्जन तथा जीविकोपार्जनको अवस्था बारेमा अध्ययन गर्नका लागि यस क्षेत्रलाई शोध क्षेत्रको रुपमा छनोट गरिएको छ ।

## १.२ समस्याको कथन

परम्परागत पितृसतात्मक हिन्दु दर्शनबाट प्रभावित नेपाली समाजमा अझै पनि लैङ्गिक भेदभाव र असमानताहरु पाइन्छन् । जुन भेदभाव र असमानता विशेष गरेर दरै जातिमा कुनै न कुनै रुपमा अवश्य देख्न सकिन्छ । महिला र पुरुषको लागि भनी छुट्याउने फरक र असमान भूमिकाले यी समुदायमा विशेष गरी महिलाहरुलाई तल्लो स्तरमा सीमित गरिएको छ । धेरै जसो महिलाहरु अझ घर बाहिरको काम अथवा सार्वजनिक भेला, सभा, समारोह, गोष्ठी, सेमिनार आदिमा संलग्न हुन सकिरहेका छैनन् । दरै महिलाहरु अझै पनि चुलो चौको मै सीमित छन् । इज्जत, प्रतिष्ठा, योग्यता र सीप बढाउने सार्वजनिक परिधिको क्षेत्रमा उनीहरुको पहुँच अझै पुग्न सकेको छैन । एकातिर निजी परिधिबाट माथि उठ्न नसक्नु र अर्कोतर्फ उनीहरुले गर्ने घरायसी कार्यको उचित मूल्याङ्कन नगरिनुले उनीहरुको स्थान पुरुषको तुलनामा निकै तल देखिन्छ । कतिपय कानुनी र सामाजिक, सांस्कृतिक कारणले गर्दा महिलाहरु शोषित, पीडित भइरहेका छन् ।

यी जातजाति अहिले आफ्नो सामाजिक अस्तित्व जोगाउन नसक्ने अवस्थामा रहेको पाइन्छ । विविधताले भरिपूर्ण भएर पनि विभिन्न कारणले सम्पूर्ण जनजातिहरुको राज्यको स्रोत र साधनमा पहुँच पुग्न सकेको छैन । त्यसमा आदिवासी दरै पनि एक हो । राज्यले विभिन्न

किसिमका सेवा, सुविधा तथा अवसरहरुको समुचित वितरण गर्न नसकेका कारण अझैसम्म अर्थात २१औं शताब्दीमा आएर पनि दरै जातिहरुको आर्थिक अवस्थामा अझै सुधार आउन सकिरहेको छैन ।

आफ्नै भाषा र संस्कृति भएका यस दरै जातिहरु औद्योगिककरण तथा सहरीकरणका कारण भएका विकास र परिवर्तनलाई विभिन्न आर्थिक, शैक्षिक तथा सामाजिक पछौटेपनको कारणले आत्मसात गर्न नसकेको हुँदा लोपोन्मुख तथा विस्थापित हुँदै गइरहेका छन् । यसर्थ राष्ट्रिय एकतामा अनेकता तथा अनेकतामा एकता संस्कार परम्पराबाट संचालन हुँदै आएको नेपाली समाज र संस्कृतिको एक महत्वपूर्ण समुदाय दरै हो । निम्न समस्याहरु नै यस शोधका पनि समस्या रहेको हुनाले यिनै समस्याहरु शोध कार्यमा केन्द्रित रहेको छ ।

१) अध्ययन क्षेत्रका दरै महिलाको आयआर्जन र जीविकोपाजर्नको अवस्था कस्तो रहेको छ ?

२) महिलाहरुको आर्थिक पहुँच कति छ ?

३) परिवर्तित समाजमा यस क्षेत्रका दरै महिलाहरुको विकासको अवस्था कस्तो छ ?

## १.३ अध्ययनका उद्देश्यहरु

**क) सामान्य उद्देश्य :**

तनहुं जिल्ला व्यास नगरपालिका निवासी दरै महिलाहरुको आयआर्जन तथा जीविकोपार्जनको अवस्थाको बारे खोजमूलक अध्ययन गर्ने ।

**ख) विशिष्ट उद्देश्य**

१) दरै महिलाहरुको आयआर्जन तथा आधुनिकीकरणको प्रक्रिया, जीविकोपार्जन र आयस्तर बीचमा आएको परिवर्तन बारे अध्ययन गर्ने ।

२) आयआर्जनले जीवनशैलीमा ल्याएको परिवर्तन बारे अध्ययन गर्ने ।

## १.४ अध्ययनको महत्त्व


दरै महिलाहरुको बारेमा गरिने यो अध्ययन नेपाली समाजमा महिलाहरुको भूमिकाको बारेमा पनि पर्याप्त सूचनाहरु प्रदान गर्दछ । यस अध्ययनबाट अध्ययन क्षेत्रका दरै महिलाहरुको आयआर्जन तथा जीविकोपाजर्नका विविध पेशा बारेमा अध्ययन अनुसन्धान

गर्न खोज्ने व्यक्ति वा संघसंस्थाका लागि सहयोग पुग्दछ । राज्यले दिने विभिन्न किसिमका स्रोत तथा साधन माथि आफ्नै छुट्टै पहुँच राख्न नसकेको कारणले गर्दा यस जातिहरु क्रमशः लोप हुने अवस्थामा रहेका छन् । शिक्षित दरै जातिको अभाव भएको कारणले गर्दा राज्यबाट प्राप्त हुने विभिन्न किसिमका सेवा सुविधाबाट पनि दरै जाति पछाडि परेको पाइन्छ । राज्यले हाल आएर विभिन्न खाले अवसरहरु दिएको कारण र विभिन्न सरकारी, गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले पनि यस जातिलाई महत्त्व दिएको हुँदा यस जातिको अध्ययनको महत्त्व बढी हुन्छ भन्ने आशा गरिएको छ । साथै यस किमिसको अध्ययनले स्वयम् महिलाहरुलाई आफ्नो अवस्था बुझ्न र आफ्नो भूमिकालाई उचित बनाउन सहयोग पुऱ्याउँछ । यस शोधपत्रमा दरै जातिको आयआर्जनमा जीविका उन्नतिको अध्ययन हुने हुँदा विशेष महत्त्व हुनेछ ।

## १.५ अध्ययनको सीमा

यो अध्ययन तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं. १ निवासी दरै महिलाहरुको आयआर्जन तथा जीविकोपाजर्नको अवस्था बारेमा मात्र अध्ययन गरिएको छ । यो अध्ययन एउटा सानो क्षेत्रमा मात्र सीमित भएको हुनाले यसले सम्पूर्ण दरै महिलाको वास्तविक यथार्थ नदिन सक्छ । साथै शैक्षिक क्षेत्रको आधुनिक कारणले गर्दा उनीहरुमा कस्तो विकास परिवर्तन आएको छ उक्त विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## १.६ अवधारणात्मक ढाँचा




व्यास नगरपालिका वडा नं. १ का दरै समुदायका आयआर्जन र जीविकोपाजर्नको अवस्थालाई प्रभाव पार्ने आर्थिक पक्ष, सामाजिक पक्ष र सांस्कृतिक पक्षलाई उनीहरुको वास्तविक जीवन निर्वाह पद्धतिसँग सम्बन्धित गरेर विश्लेषण गरिएको छ । आर्थिक पक्ष अन्तर्गत पेशा, आम्दानी, खर्च, सामाजिक पक्ष अन्तर्गत शिक्षा, स्वास्थ्य, पारिवारिक जीवन र सांस्कृतिक पक्ष अन्तर्गत धर्म, चाडपर्व, रीतिरिवाज आदि जस्ता तत्वहरुले दरैहरुको जीवन पद्धति चलेको हुन्छ भन्ने यस अवधारणात्मक ढाँचाबाट प्रष्ट पार्न सकिन्छ ।

## १.७ अध्ययनको संगठन

तनहुँ जिल्लाको व्यास न.पा. वडा नं. १ निवासी दरै महिलाहरुको आयआर्जन र जीविकोपाजनको अवस्था बारेमा अध्ययन गरिएको यस अनुसन्धानात्मक अध्ययनलाई ६ वटा परिच्छेदमा विभाजन गरिएको छ ।

पहिलो परिच्छेदमा परिचय शीर्षक राखिएको छ जसमा पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको सीमा, अवधारणात्मक ढाँचा र अध्ययनको संगठन राखिएको छ ।

परिच्छेद दुईमा पूर्व साहित्यको अध्ययन शीर्षक रहेको छ । जस अन्तर्गत ऐतिहासिक पृष्ठभूमिमा दरै जातिको परिचय, दरै जातिको उत्पत्ति रहेका छन् । त्यस्तै गरी सैद्धान्तिक समीक्षा, मार्क्सवादी अवधारणा, पुटिङ पिपल फस्ट सिद्धान्त र लैङ्गिक अवधारणा रहेका छन् ।

तेस्रो परिच्छेदमा अध्ययन विधि र प्रक्रिया रहेको छ । यसभित्र अध्ययन क्षेत्रको छनोट, अनुसन्धान ढाँचा, नमुना छनोट, तथ्याङ्कको स्रोत र प्रकृति, तथ्याङ्क संकलन विधिहरु, प्रश्नवली, अवलोकन, अन्तरवार्ता र वैयक्तिक अध्ययन, तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरणलाई समेटिएको छ ।

चौथो परिच्छेदमा अध्ययन क्षेत्रको सामान्य परिचय अन्तर्गत पृष्ठभूमि, तनहुँ जिल्ला व्यास न.पा. भादगाउँको भौगोलिक अवस्था र भादगाउँका महिलाहरुको स्थितिको बारेमा व्याख्या गरिएको छ ।

पाँचौं परिच्छेदमा आयआर्जन र जीविकोपाजर्नको अवस्था शीर्षक अन्तर्गत सामाजिक जनजीवन, घरको बनावट र ढाँचा, परिवार प्रथा, भाषा, धर्म, शैक्षिक अवस्था, आयआर्जनबाट सामाजिक सांस्कृतिक जीवनमा परेको प्रभाव, जन्म, विवाह, मृत्यु संस्कार, चाडपर्व र मनोरञ्जन, स्वास्थ्य उपचार, भादगाउँका दरै महिलाहरुको आयआर्जन, कृषि, पशुपालन, खेती गर्ने तरिका, उत्पादित अन्नको मात्रा, व्यापार, उद्योगधन्दा, नोकरी तथा वैदेशिक रोजगारी, पेन्सन, मुख्य पेशा, सामाजिक तथा आर्थिक क्षेत्रमा आएको परिवर्तन, शिक्षामा आएको परिवर्तन, आधुनिकीकरण र शहरीकरणले महिलाको स्थितिमा आएको परिवर्तन, स्वास्थ्य सम्बन्धी चेतनामा आएको परिवर्तन, पेशा तथा जीविकोपार्जनमा आएको परिवर्तन, आधुनिक सामानको प्रयोगमा आएको परिवर्तन, आर्थिक क्षेत्रमा आएको परिवर्तन, घरको प्रकारमा आएको परिवर्तन र केही वैयक्तिक अध्ययनलाई उल्लेख गरिएको छ ।

परिच्छेद छ मा सारांश, निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ । अन्त्यमा सन्दर्भ सूची, मौलिक स्रोत सूचीहरु, प्रश्नावली सूची र तस्वीरहरु समावेश गरिएको छ ।

# परिच्छेद : दुई
# पूर्व साहित्यको समीक्षा

## २.१ ऐतिहासिक पृष्ठभूमि

पृथ्वीमा मानव जातिका अस्तित्व करोडौं वर्षदेखि रहँदै आएको विश्वास गरिएको छ । आजभन्दा करिब ८० लाख वर्ष अघिदेखि बानर गुण छोडेर मानव रुप धारण गरेपछि संगठित रुपमा मानव बसोबास गर्न थालेको पाइन्छ । तथापि प्राचीन युगमा मानव जनजीवन अति नै जटिल भएको तथ्यलाई नकार्न सकिँदैन । सामुहिक उत्तरदायित्वको भावनाको विकास नहुने समयसम्म मानिसको जीवन सुरक्षित थिएन । मानव सभ्यताको प्रारम्भिक इतिहास पूर्ण तथ्यका साथ अगाडि ल्याउनु अति नै जटिल कार्य हो । हामी कुन कुरामा स्पष्ट हुन सक्छौ भने वर्तमान समयका मानिसहरुले भन्दा प्राचीन युगका मानिसहरुले विभिन्न समस्याहरु भोगेका थिए । न त खानाको प्रबन्ध, न घर न त शरीर ढाक्ने कपडा नै थियो ।

नेपालको बुटवल नजिकै प्राचीन मानव अवशेष फेला परेको तथा विभिन्न ठाउँहरुमा प्राचीन समयदेखि नै मानव वस्ती रहेको तथ्यलाई नकार्न मिल्दैन । पछिल्लो जनगणना २०६८ अनुसार १२५ जातजातिको अस्तित्व भेटिन्छ । आर्यन तथा मंगोल दुई वर्णका विभिन्न जातजातिहरु हिमालदेखि तराईसम्म विभिन्न ठाउँहरुमा आफ्नो बसोबासको केन्द्र बनाई बसिरहेका छन् । यति सानो भौगोलिक क्षेत्रभित्र सीमित भएर पनि विभिन्न जातजातिहरु माझमा आफ्नो जातीय अस्तित्व मौलिकता जोगाउँदै आदिवासी जनजातिको रुपमा रहेको जातिहरु मध्ये दरै जाति पनि एक हो ।

### २.१.१ दरै जातिको परिचय

समाजशास्त्री डोरबहादुर विष्टले सबै जातको फुलबारी पुस्तकमा उल्लेख गरे अनुसार तिब्बत बर्मेली समूहको भाषा बोल्ने र खोलाको किनारमा तथा बगरहरुमा बसोबास गर्ने जाति दरै, दनुवार र माझी हुन (विष्ट, २०५५) ।

गण्डकी प्रदेशका आदिवासी दरै जातिहरु प्राचीन किराँत जातिकै सन्तान हुन । दरै जाति बोटे, कुमाल, माझी, जिरेल, दनुवार, कुसुवार झै एक अत्यन्त अल्पसंख्यक जाति हो ।

नेपालमा यो भाषा बोल्ने बारेमा प्रकाशित पुस्तकहरु निकै कम नै देखिन्छ । दरैको भाषामा उनीहरु आफुलाई दराई नै भन्दछन् भने कतिपय ठाउँमा दरै पनि लेखेको पाइन्छ ।

दरैहरु घर छोडेर टाढा नजाने सरल स्वभावका हुन्छन् । भयंकर डर लाग्दा वन्यजन्तु र गोही जस्ता जलजन्तुसँग सामना गर्नुपर्ने यी अन्तरमुखी जातिका जो कोही मानिस पनि नौलो मानिस देखेर तर्सने, भाग्ने र लुक्ने गर्दछन् । माझी र दरैहरु डुगा चलाउने हुनाले घाट कुरेर बस्ने र बटुवालाई खोलाको वारिपारी गरेर ज्याला लिइ जीविका गर्ने गर्दछन् । धेरै जसोले आफुले कामगर्ने घाटकै छेउमा घर बनाएर बसेका हुन्छन् (विष्ट, २०५५) ।

दरै जातिको आदर्श मान्यता संयुक्त परिवार हो तर आजकलको आधुनिकतासँग यसको सट्टा एकल परिवार प्रथाको बढ्दो चलन पाइन्छ । यस जातिका अघिल्ला पुस्ताहरु पूर्ण कृषिमा नै निर्भर रहने भएकोले कृषि कार्यको लागि धेरै जनशक्तिको आवश्यकता पर्ने हुँदा संयुक्त परिवारमा नै यिनीहरु रहने गर्दथे । हाल आएर कृषि पेशामा मात्र सीमित नरही अन्य विकल्पहरुको खोजी गर्ने भएकोले एकल परिवार प्रथा यस जातिले अंगालेको छ । परिवारमा श्रम विभाजनको आधारमा काम गर्ने भएकोले महिलाहरुले घरधन्दामा बढी समय बिताउने र यस बाहेक पशु, चौपायाको रेखदेख, भान्साको काम, घरको सरसफाई, बच्चाको हेरचाह जस्ता घरायसी काममा व्यस्त हुन्छन् । शारीरिक परिश्रमका काममा र व्यवहारिक काममा पुरुष नै बढी खट्ने हुन्छन् भने महिलाहरु मेलापातको काममा सहभागी हुने गर्दछन् (सिग्देल, २०६१) ।

गण्डकी अञ्चलका विभिन्न जिल्लाहरुमा यिनीहरुको बसोबास रहेको भए तापनि तनहुँ जिल्लाका विभिन्न ठाउँहरुमा छरिएर रहेका छन् । व्यास नगरपालिका भित्रका भादगाउँ, कुमालटारी, दुम्सीचौर, डाडागाउँ, चिन्तुटार, आदि प्रख्यात छन् । क्यामिनको कलेस्ती राम्जाकोटको रुपाटार र पिपटार, गजरकोट पुट्टार, घाँसीकुवा, भानु नगरपालिका र पोखरीभञ्ज्याङ (हाल व्यास नगरपालिका) मा दरै वस्तीहरु छन् (तनहुँको जातिगत विवरण, २०५८) । आदिवासी दरै जातिहरु आफ्नो जात दरै मात्र लेख्ने गर्दछन् तर उनीहरुको आफ्नै गोत्र तथा कैरन (थर) हरु रहेका हुन्छन् । डा. सूर्यमणिका अनुसार दरै थरहरु कोकलशाही, चम्पाफूल, राजवंशी, खजुबार, सूर्यवंशी, हाडीकाले, वनपाले, झिंडी राना हुन्छन् भनी चर्चा गरेका छन् ।

### २.१.२ दरै जातिको उत्पत्ति

दरै जातिहरु किन दरै भनिए, दरै जातिहरुको उत्पत्तिको इतिहास र नामाकरण सम्बन्धमा के कस्तो पृष्ठभूमि छ, तिनीहरु नेपाल वा अन्य जातिसँग के कति सम्बन्ध छ । यस्ता प्रश्नहरुका विषयमा विद्वानहरु बीच एकमत देखिँदैन । दरैहरु स्वयम् पनि आफ्ना पुर्ख्यौली बारे त्यति जानकारी राख्दैनन् । तथापि दरैहरु सोझा र सरल सङ्कुचित स्वभावका, कुनै विषयमा अरुसँग चासो राखेर कुरा नगर्ने, धरै मानिस जम्मा भएका ठाउँमा आफ्नो तर्क राख्ने बानी नहुने, अरुहरुसँग डराइ डराइ हिड्ने तथा शान्त स्वभाव भएका कारण एकान्तमा बस्न रुचाउने खालको जाति भएको हुनाले तिनीहरुलाई दरै भनिएको हो भन्ने पनि कसै कसैको भनाइ छ (कैनी, २०५३) ।

दरै जातिको सम्बन्धमा स्पष्ट जानकारी पाउने केही आधार छैन । यस सम्बन्धमा विभिन्न लोकोक्तिहरु पाइन्छन् । दराइ जातिहरु धेरै समय अगाडि दरभंगाबाट भगोडा हुँदै नेपाल आउँदा सम्पूर्ण नेपालीहरुले तिमीहरु कहाँबाट आएका हौ ? भनी प्रश्न गर्दा हामीहरु दरभंगाबाट आएका हौ भने त्यसपछि उनीहरुलाई दरभंगा भन्न थालियो । विस्तारै विस्तारै दरभंगा शब्द अपभ्रंश भएर दरै हुन गएको बुढापाकाहरु अनुमान गर्दछन् । (श्रेष्ठ, २००९) ।

दरभंगाका राजपुत सन्तानका रुपमा दरैहरु आफूलाई चिनाउँछन् । त्यसभन्दा पनि पूर्वको प्राकृतिक अवस्थालाई हेर्दा यो जाति ज्यादै नै शिवभक्तमा लाग्ने भएकाले यिनीहरु शिवका जाति हुन भन्ने गरिएको छ । फेरि यिनीहरुको घरमा बेलको बोट नछुट्ने भएबाट पनि यस्तो अनुमान गरिएको हो । साथै यिनीहरु नन्दी भृङ्गीको सन्तान पनि भन्ने गरिएको छ । किनकि यिनीहरु ज्यादै शिवभक्त छन् । दरै दर्द भन्ने शब्दबाट उत्पत्ति भएको हो । यस जातिका सम्बन्धमा महाभारत, मनु स्मृति र हरिवंश पुराण जस्ता ग्रन्थमा समेत उल्लेखित छ । बाइसे राज्यको समयमा कर्णाली क्षेत्रमा धेरै राज्यहरु धेरै दरारमा प्रशासनिक सुविधाका लागि विभाजित भए । यसैबाट दरै भन्ने शब्द देखा परेको थियो । यद्यापि त्यहाँको दरैको उत्पत्तिको बारेमा स्पष्टसँग व्याख्या गर्न धेरै अप्ठ्यारो छ । जहाँसम्म ऐतिहासिक यथार्थबाट यो दराइ नाम राजा पृथ्वीनारायण शाहबाट सिद्धिभगवान वन्तनाथलाई मण्डल्याइ प्रदान गरी लालमोहरमा बताइएको छ (मिश्र, २०५७) ।

भारतमा जब मुसलमानहरुको आक्रमण बढ्यो र युद्धमा मरेको राजाहरुका विधुवा रानीहरु युद्धको आतंकदेखि भयभित हुँदै आफ्ना नोकर चाकरहरु साथमा लिई भागेर उत्तरको जंगलमा पसे । उनै रानीहरुका कोख देखि पैदा भएका सन्तानहरु मातृ प्रधान भए ।

पछि पहाडका घाँचैघाँचमा फैलिएर बस्न पुग्दा अझ प्राचीन जातिहरुले यी डराएर आएकी रानीका सन्तान भएकोले डरै हुन भन्न थाले । त्यही संस्कारमा हुर्कदै आएका दरै जातिहरु अहिलेसम्म स्त्रीलाई ठूलो सम्मान गर्दछन् । बरु स्त्रीहरुबाट पुरुषहरु तिरस्कृत भइरहनु परेको छ । वास्तवमा हामी डराउने होइनौ कि काममा दरिएर खट्न सक्ने हुनाले दरै भएका हौ । त्यही शब्दको अपभ्रंश भएर नै दरै भएको हो (सिग्देल, २०६१) ।

अहिलेसम्म दरै जातिको उत्पत्ति सम्बन्धमा कुनै वैज्ञानिक खोज हुन सकेको छैन । प्रमाणिक रुपमा भन्न नसकिए पनि बूढापाकाहरुको तर्कलाई ध्यानमा राखी हेर्ने हो भने भारतको दरभंगा क्षेत्रको राजा दरै जातिका राजा भएपछि त्यहाँका रजौटाहरु पनि दरै नै भए । यिनीहरु अर्को राज्यले गरेको हमला र भिडन्तमा दराइका राजा मारिएपछि त्यहाँका रजौटाहरु दरभंगाबाट नेपाल पसेका हुन भन्ने भनाइ निकै मिल्दो देखिन्छ (सिग्देल, २०६१) ।

## २.२ सैद्धान्तिक समीक्षा

दरै महिलाको सामाजिक, सांस्कृतिक, धार्मिक, शिक्षा, स्वास्थ्य, आयआर्जन, तथा जीविकोपार्जन आदि बारे विस्तृत अध्ययन हालसम्म नभएकोले यस बारे प्रस्तुत शोधकार्यका लागि आवश्यक अनुसन्धानमूलक सन्दर्भ सामग्रीहरु पर्याप्त मात्रामा उपलब्ध हुन सकेनन तापनि दरै जातिको सम्बन्धमा गरिएका जे जति सामग्री उपलब्ध हुन सके तिनीहरुको सामान्य समीक्षा गर्ने प्रयास गरिने छ । रेडक्लिफ ब्रोनले सामाजिक एकाइको अन्तर सम्बन्धलाई आफ्नो विश्लेषणमा जोड दिएका छन् । ब्रोनले सामाजिक संरचनालाई वास्तविक सामाजिक संरचना र साधारण सामाजिक संरचना गरी दुई भागमा विभाजन गरेका छन् । उनका अनुसार वास्तविक, सामाजिक संरचनाले तुलनात्मक रुपमा लामो समयसम्म स्थित रहन्छ र यसले समुदायको अवस्थितिलाई जनाउँदछ । सामाजिक संरचना त्यस संरचनामा रहेका एकाइहरुमा रहेको भूमिकाको पद अनुरुप सामाजिक सम्बन्धको विकास हुन्छ भन्ने ब्रोनको निष्कर्ष छ (दरै, २०७१) ।

शोधपत्रमा अनुसन्धान गर्दै पदमराज सिग्देल तनहुँका दरैहरुले आफ्नो पेशा कृषि नै भएको माछा मार्ने र डुंगा तार्ने कार्य पेशाको रुपमा नलिएको बताउँछन् । यिनीहरु जीविकोपार्जनका लागि अर्काको खेत बारी कमाउने, ज्याला मजदुरी गर्ने र त्यसैबाट आएको नगद र जिन्सीबाट घर खर्च चलाउने गर्दछन्  । हातमा सीप भएकाहरु सिकर्मी, डकर्मी

काम गर्ने, काठ, बाँस, निगालोबाट डोको, छत्री बुन्ने काम गर्दछन् । माछा मार्ने काम फुर्सदको समयमा र डुंगा तार्ने काम चाही पुल निर्माण पछि हराएको बताउँछन् । हाल वैदेशिक रोजगारीतर्फ युवाहरुको आकर्षण बढेको उल्लेख गरेका छन् (सिग्देल, २०६३) ।

कृषिका अतिरिक्त जागिर खान अथवा अन्य ठूला व्यापारमा संलग्न दरैहरु एकदमै थोरै छन् । जनसङ्ख्या बृद्धि, जमिनको खण्डीकरणका साथै जमिन बेच्ने प्रवृत्तिले गर्दा पनि कृषिजन्य वस्तु बेच्ने धेरै धान, मकै, गहुँ र तोरी बेच्ने गर्दछन् (कैनी २०५३) ।

दरैहरु परापूर्व कालदेखि नै आफ्नो भाषा प्रयोग गर्दै आएका छन् । अरुसँग बोल्दा उनीहरु नेपाली भाषा बोल्दछन् । दरै भाषा सम्बन्धी अध्ययन धेरै विदेशी विद्वानहरुले गरेको देखिन्छ । ग्रियर्सन (Grieson) ले सन् १९०३ मा भारत वर्षका विभिन्न भाषा भाषीहरुको सर्वेक्षण गर्दा दरै भाषालाई पनि समावेश गरेका थिए । उनले अहिले प्रयोग हुने दरैको सट्टा Darhi, Dadhi भनी उल्लेख गरेको पाइन्छ । उनको भनाइ अनुसार दरै भाषाको प्रकृति अन्य आर्य भाषासँग सम्बद्ध छ । B.H. Hodgson का अनुसार दरै भाषाका आधारभूत लक्षणहरु टुरानियम भाषाका जस्ता छन् । सन् १९७२/६३ मा Karl Kotapish र Sharan Kotapish ले गरेको तनहुँका दरै भाषाको अध्ययनमा पनि दरै भाषा हिन्दी, नेपाली र मैथली भाषाबाट प्रभावित भाषा हो भनी उल्लेख गरेको छ (कैनी, २०५३) ।

कुनै दरै जाति बुद्ध धर्मावलम्बी छन् । यिनीहरुले कुलदेवतालाई मुख्य देवताका रुपमा र वनदेवीलाइ घर बाहिरको देवीका रुपमा पुज्ने प्रचलन छ । यिनीहरुको भाषा तिब्बत/बर्मेली समूहमा पर्दछ । थारु, बोटे, माझी, दनुवार, दरै आदिमा एक जातले अर्का जातसँग बिहे गर्न हुन्छ । यस्तो गरेपछि जन्मेका छोराछोरीमा छोराले बाबुको जात र छोरीले आमाको जात लिन्छन् (विष्ट, २०५५) ।

कृषिसँगै फुर्सदमा माछा मार्ने, शिकार खेल्ने, आफ्नै घरायसी उत्पादनहरु स्थानीय बजारमा लगेर बेचबिखन गर्ने घरमा पालेका गाइ, गोरु, खसी, कुखुरा, बाखा, सुगुर बेचेर आफ्नो समस्या टार्ने साथै गाइ, गोरुका लागि सुगुर, कुखुरा, मासुका लागि र बलिका लागि पाल्ने गरेको पाइन्छ । खेतीपाती बाहेक हाल आएर केही दरैहरु उद्योग कलकारखानामा, भारतीय तथा नेपाली सेनामा शिक्षण तथा वैदेशिक रोजगारीतर्फ लागेको पनि भेटिन्छ । दरैहरुको आर्थिक व्यवस्थाको सबभन्दा महत्वपूर्ण कुरा उनीहरुको खर्च हो । प्रायजसो दरैहरु फजुल खर्ची भनेर चिनिन्छन् । १०/१५ रोपनी जग्गा हुने दरै वर्षभरीलाई खान नपुगेर

अरुको काम गर्न गएको तर ८/१० रोपनी जग्गा हुने बाहुन क्षेत्रीले राम्रैसँग घर परिवार चलाएको उदाहरण पनि तनहुँभित्रै पाइएको तथ्य उल्लेख छ (कैनी, २०५३) ।

नेपाल अधिराज्य तनहुँमा दरै जातिको बसोबास, भाषा, परम्परागत पेशा, पोशाक, सांस्कृतिक पक्ष, सामाजिक संस्कार, शिक्षा जस्ता विषयहरुको सुक्ष्म अध्ययन गरेको पाइन्छ (मिश्र, २०५७) ।

डोरबहादुर विष्टद्वारा लिखित साझा प्रकाशनबाट वि.सं. २०५५ मा प्रकाशित सबै जातको फूलबारी मा विभिन्न जातजातिहरुका बारेमा अध्ययन गरेको पाइन्छ । यस पुस्तकमा लेखकले दरै समुदायको बारेमा विस्तृत रुपमा समेट्न नसके पनि यस समुदायलाई विभिन्न विद्वानहरुले भने दरै र माझीलाई आ आफ्नो स्वतन्त्र अस्तित्व भएका बेग्ला बेग्लै जाति हुन भन्ने कुरालाई स्वीकारेका छैनन् । पहाडी बेसीफाँट र भित्री मधेसका नदी किनाराका छेउछाउ र खोंचहरुमा बसोबास गर्दै आएका दरै जातिको मुखाकृति र शारीरिक बनावट तराईका बासिन्दा खास गरी थारु तथा दनुवारसँग मिल्दोजुल्दो देखिने हुँदा दरैलाई दनुवार र माझीसँग वर्गीकरण गरेर यिनीहरुको जातीय सामिप्यतालाई स्वीकार गरेका छन् (अधिकारी, २०५१) ।

दरै प्राचीन किराँतका जातिका सन्तान हुन भन्ने कुरामा विश्वास गर्दछन् । उनका अनुसार प्राचीन किराँत जाति क्रमशः भिन्न शाखामा विभक्त हुँदै गए दुरा, दनुवार, राई, दरै, थारु आदिका रुपमा कालान्तरमा बसाईसराईको क्रममा कोही तराइतर्फ लागेर दरै हुन पुगे । त र द दुवै दन्त्य वर्णका अक्षर हुन र जनजिब्रोमा तराइ बस्ने एकथरीलाई दरै भन्न लागेको प्रतीन हुन्छ भनी उनले उल्लेख गरेका छन् (अधिकारी, २०५१) ।

विभिन्न विद्वानहरुको अध्ययनको समीक्षा गरी निष्कर्षमा पुग्दा अध्ययन क्षेत्रमा रहेका दरैहरु र अन्य क्षेत्रका दरैहरुको अवस्था मिल्दो देखिन्छ । पुर्ख्यौली पेशालाई शुरुवातदेखि नै यस ठाउँका दरैहरुले नअपनाएको देखिन्छ । मुख्य पेशा कृषि तथा पशुपालन भएको बताउने यस क्षेत्रका दरै समुदाय आर्थिक रुपले शुरुवातमा धेरै जग्गा जमिन भएका तर अहिले आएर अन्य जातिको अतिक्रमणको र शोषणका कारण क्रमशः आश्रित र भूमिहिन बन्दै गए । जबकि पहिले नदी किनार फाँटहरुका मालिक दरैहरु नै थिए ।

## २.३ मार्क्सवादी धारणा

विश्वका हरेक समाजमा पुरुषको दाँजोमा महिलाहरु बढी शोषित, पीडित, दलित छन् । पुरुष सरह उनीहरुको अधिकार र स्वतन्त्रताको छुट रहेको देखिदैन । नारी पुरुष दुवै प्राणी हुन् । नारीलाई पनि स्वतन्त्रतापूर्वक बाँच्ने र सुखशान्ति प्राप्त गर्ने अधिकार छ । नारीको विकास भनेको नरको विकास हो । पुरुष मात्रको विकासले विकासमा पूर्णता आउँदैन । त्यसैले महिलाले युगौदेखि भ्mेल्नु परेका विभिन्न बाधा, अड्चन, दमन, हिंसा, शोषण, उत्पीडनबाट स्वतन्त्रता दिलाउन पुरुष सरह नै हुनका लागि अधिकार र अवसरहरु प्राप्त गर्नु महिलाको विकास हो ।

मार्क्सवादी ढाँचाबाट समाज र संस्कृति तथा सिंगो मानव इतिहासका विभिन्न पक्षहरुलाई कसरी अध्ययन गर्न सकिन्छ र त्यो अध्ययन यथार्थपरक, वस्तुगत र व्यवहारिक कसरी हुन्छ भन्ने विश्लेषण गर्नु आवश्यक हुन्छ । मार्क्सवादी मोडल आधारभूत मान्यताहरुमा प्रवेश गर्नु अघि यसका विभिन्न मुख्य पक्षहरुका बारेमा बुझ्न आवश्यक छ । जसमा ऐतिहासिक भौतिकवाद र द्वन्द्वानात्मक भौतिकवादलाई मोटो अर्थमा भन्नु पर्दा भौतिक पदार्थमा आउने द्वन्द्वले खास खालको ऐतिहासिक कालखण्डमा एक खालको नयाँ निकास दिने गर्दछ, जुन ऐतिहासिक हुने गर्दछ । यसलाई सुक्ष्म तरिकाले व्याख्या र विश्लेषण गर्नुपर्दा प्रा. माणिकलाल श्रेष्ठको विश्लेषणलाई प्रस्तुत गर्नु आवश्यक हुन्छ । उहाँ भन्नुहुन्छ "सबैभन्दा पहिले म के स्पष्ट गर्न चाहन्छु भने द्वन्द्वात्मक भौतिकवाद तथा ऐतिहासिक भौतिकवाद मार्क्सले आविष्कार गरेका वा निर्माण गरेको जन्म दिएको होइन । प्रकृतिमा र मानव समाजको विकासमा रहेको यो महान सत्य उहाँले देखेर पत्ता लगाएको मात्र हो । कार्ल मार्क्सको द्वन्द्वात्मक भौतिकवाद विश्वलाई हेर्ने दृष्टिकोण हो (दरै, २०७१) ।

## २.४ पुटिङ पिपल फर्स्ट सिद्धान्त

अवधारणागत रुपमा यो पुटिङ पिपल फर्स्ट अवधारणा माइकल सेरेनियाले सन १९८५ मा विकास गरेको देखिन्छ । यस्तै अवधारणाको विकास रोबर्ट च्यामरले पनि गरेका छन् । पुटिङ पिपल फर्स्ट अवधारणाको विकास गराएर भने सालमानले यो अवधारणाको मुल आशय विकास प्रक्रियामा वास्तविक गरिब, पछि परेको तथा विकासमा समेटिन नसकेका मानिस र वर्गलाई पहिलो प्राथमिकता दिनु पर्दछ । यस्ता गरिब र पछि परेका मानिसहरु नै वास्तविक जनता हुन । तिनीहरुलाई नै केन्द्रित गरी योजनाहरुको निर्माण गर्नुपर्दछ । तिनीहरुको आवश्यकता के हो ? यसलाई मध्यनजर गरी योजना बनाउनु पर्दछ भन्ने हो ।

समग्रमा रहेर हेर्दा कैयौ विकासका प्रक्रियामा जनताहरु जो वास्तवमा नै गरिब र पीडित छन् । तिनीहरुलाई माथि उकास्ने गरी कार्यक्रमहरु निर्माण गर्न सकेका छैनन् । यसले गर्दा विकास प्रक्रियामा उनीहरुको सहभागिता रहन सकेको छैन । यही क्रममा विकासका कार्यक्रमहरुबाट गरिब र जनजातिका उत्थान र प्रगति हुन सकेको छैन । यसैले सन १९८० को दशकमा यो पुटिङ पिपल फर्स्ट अवधारणाको विकास भइ समाजका विभिन्न र पिछडिएका वर्गहरुलाई विकासको प्रक्रियामा सहभागी गराउने प्रयत्न गरिएको पाइन्छ । विश्वमा  नै गरिब एउटा चुनौतीको विषय बनेको छ । समाजमा धनी र गरिबका बीच असमानता बढेर गएको छ । आज विश्वमा प्रतिदिन १ अमेरिकी डलर आम्दानी नहुने मानिसहरुको सङ्ख्या ५० प्रतिशत भन्दा बढी छ । यो दर अफ्रिका र एशियन महादेशमा बढी छ । नेपालमा ३८ प्रतिशत मानिसहरु गरिबीको रेखामुनी छन् । यस्ता उदाहरण सहित यो सिद्धान्त हाम्रो देशको सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक क्षेत्रमा पनि लागू हुने महसुस गरी नेपालमा पिछडिएका वर्गलाई अग्राधिकार दिएर विकासको मुलधारमा ल्याउन सकेमा यो सिद्धान्त सफल हुने देखिन्छ ।

## २.५ लैङ्गिक अवधारणा

लिङ्गको हिसाबले स्त्री र पुरुषको प्राकृतिक संरचनालाई बुझाउँछ । जेन्डर भन्नाले त्यस्तो अवधारणा हो जुन सामाजिक, सांस्कृतिक रुपले निर्माण भएको हुन्छ । हरेक समाजमा महिला र पुरुषले निर्वाह गर्नुपर्ने भूमिका अलग अलग हुने गर्दछ भने लिङ्गका आधारमा महिला र पुरुष दुवैबाट समाजले केही अपेक्षा गरेको हुन्छ । वास्तवमा त्यही अपेक्षाकृत भूमिका नै जेन्डर हो । जसरी लिङ्ग अन्तर्गत महिला वा पुरुष भनी जन्मजात निर्धारण भएर आउँछ त्यसै गरी जेन्डर पनि लिङ्गका आधारमा व्यक्तिसँग जोडिएर आउने सांस्कृतिक मूल्य मान्यता, भूमिका तथा विशेषताहरुको समष्टिगत रुप हो । सामाजिक हिसाबले जेन्डर शब्दको अर्थ हो महिला तथा पुरुष दुवैको सामाजिक तथा सांस्कृतिक परिभाषा । अर्को शब्दमा भन्ने हो भने समाजले महिला वा पुरुषलाई कस्तो किसिमको भूमिका, अधिकार, स्रोत, साधन दिन्छ उनीहरुलाई कस्तो किसिमको व्यवहार तथा मानसिक विकास गर्न सिकाइन्छ । त्यसको अर्थबोध गर्नुलाई जेन्डर भनिन्छ (चौलागाई, पोखेल, सापकोटा, २०६०) ।

# परिच्छेद : तिन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययन क्षेत्रको छनोट

पश्चिमाञ्चल विकास क्षेत्र तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं. १ भादगाउँमा बसोबास गर्दै आएका १३५ घर परिवारका दरै महिला जातिहरुलाई अध्ययनको लागि छनोट गरिएको छ । तनहुँ जिल्लाको सदरमुकाम दमौली बजार तथा पृथ्वी राजमार्गबाट करिब १ कि.मी. पूर्वतर्फ बसोबास गरेको अन्य जातिको तुलनामा आर्थिक, सामाजिक, तथा शैक्षिक रुपले पछाडि परेका यस क्षेत्रका दरै महिला जातिको आयआर्जनलाई आधार बनाइ यिनीहरुको जीविकोपार्जन र आयस्तर तथा आधुनिकीकरण, शहरीकरण र शिक्षाको विकासले ल्याएको परिवर्तनको अवस्था बारे अध्ययन गर्न यस बस्तीलाई अध्ययन क्षेत्रको रुपमा छनोट गरिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

यो शोधपत्र तयार गर्नका लागि वर्णनात्मक र अन्वेषणात्मक दुवै प्रयोग गरिएको छ । यस शोधकार्यको उद्देश्य व्यास नगरपालिका वडा नं. १ भादगाउँमा बसोबास गर्ने दरै महिलाहरुको आर्थिक अवस्थाको अध्ययनलाई विभिन्न साहित्य अध्ययन र स्थलगत अध्ययनका आधारमा वर्णनात्मक रुपमा प्रस्तुत गरिएको छ । शोध क्षेत्रमा बसोबास गर्ने दरै महिला समुदायले संचालन गरेका प्रचलित आर्थिक क्रियाकलापहरु प्रत्यक्ष अवलोकन गरी शोध उद्देश्य प्राप्त गरिने भएकाले अन्वेषणत्मक ढाँचा पनि यस शोध अनुसन्धानमा प्रयोग गरिएको छ ।

## ३.३ नमुना छनोट विधि

अध्ययन क्षेत्र व्यास नगरपालिका वडा नं. १ अवस्थित १३५ घरधुरीका महिला मध्ये १०५ घरधुरीका महिलाहरुको स्थलगत अध्ययन गरिएको छ । यो नमुना छनोट उद्देश्यमूलक हुने भएकाले १०५ घर परिवारलाई मात्र लिइएको छ । नमुना छनोटमा परेका परिवारको

घरायसी अवस्थाको प्रत्यक्ष अवलोकन, र विवरण संकलन गरी सामाजिक, सांस्कृतिक, आर्थिक र शैक्षिक अवस्थाले पारेको प्रभाव पत्ता लगाइएको छ ।

## ३.४ तथ्याङ्कको स्रोत र प्रकृति

यस अनुसन्धानमा प्राथमिक र द्‌वितीय स्रोतबाट तथ्याङ् र सूचनाहरु सङ्कलन गरिएको छ । प्राथमिक स्रोतबाट तथ्याङ्क संकलन गर्नका लागि व्यक्तिगत अध्ययन, अवलोकन, प्रश्नावली, अन्तरवार्ता वैयक्तिक अध्ययन, विधिहरु अपनाइएको छ । त्यस्तै द्‌वितीय प्रकृतिका तथ्याङ्क सङ्कलन गर्न विभिन्न लेख, रचना, समीक्षा, प्रकाशन टोल सुधार समितिको अभिलेख, नगरपालिकामा रहेको अभिलेख जस्ता अन्य स्रोतबाट सहायता लिइएको छ । तथ्याङ्कको प्रकृति सङ्ख्यात्मक र गुणात्मक दुवै प्रकृतिको रहेको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

तथ्याङ्क सङ्कलन विधिहरुमा प्राथमिक विधि अवलम्बन गरिएको छ । प्राथमिक तथ्याङ्क विधिहरुमा प्रश्नावली, अवलोकन, अन्तरवार्ता र वैयक्तिक अध्ययन राखिएको छ ।

### ३.५.१ प्रश्नावली र अन्तरवार्ता

तथ्याङ्क सङ्कलनको भरपर्दो र प्रभावकारी विधिको रुपमा प्रश्नावली र अन्तरवार्तालाई लिइन्छ । सम्बन्धित विषय वस्तुमा आधारित रहेर विभिन्न सुयोग्य प्रश्नहरु निर्माण गरी प्रश्नावलीको माध्यम अपनाइएको छ । प्रश्नावली मार्फत आवश्यक तथ्याङ्क सङ्कलन गर्नका लागि शोध क्षेत्रका सम्पूर्ण घरधुरीमा शोधकर्ता स्वयम् उपस्थित भई सूची भर्ने कार्य गरिएको छ । गुणात्मक तथा सङ्ख्यात्मक दुवै खाले तथ्याङ्क प्राप्त हुने प्रश्नहरुलाई जोड दिइएको छ । केही तथ्यहरु खुल्ला अन्तरवार्ताको माध्यमबाट सङ्कलन गरिएको छ ।

### ३.५.२ अवलोकन

तनहुँ व्यास नगरपालिका वडा नं. १ भादगाउँका दरै महिलाहरुको आर्थिक उपार्जनका कार्य, पेशागत कार्य तथा संलग्नता, पारिवारिक व्यवहार, रहनसहन पक्षसँग सम्बन्धित रीतिरिवाज, जीवन निर्वाह पद्धतिमा हुने व्यवहारहरु, चाडपर्व, घरको बनावट,

शैक्षिक अवस्था, सामाजिक, सांस्कृतिक पक्ष आदि बारे तथ्याङ्क सङ्कलन गर्नका लागि प्रत्यक्ष अवलोकन विधि प्रयोग गरिएको छ ।

### ३.५.३ वैयक्तिक अध्ययन

यस विधि अन्तर्गत शोध क्षेत्रमा रहेका दरै महिलाहरुको आयआर्जन, जीविकोपार्जनका अवस्था तथा जीवनशैलीमा आएको परिवर्तनको वास्तविकता केलाउनको लागि उदाहरणीय ३ जना महिलाको वैयक्तिक अध्ययन गरिएको छ । यसरी अध्ययन गर्दा ती महिलाहरुको सफलताको कारण केलाउने प्रयास गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण

यस अनुसन्धान कार्य गुणात्मक र सङ्ख्यात्मक दुवै खाले तथ्याङ्कको प्रयोग गरिएको छ । दरै महिलाको शैक्षिक, आर्थिक र पेशागत आदि पक्ष अध्ययनका सङ्कलित तथ्याङ्कलाई सावधानीपूर्वक सम्पादन, परीक्षण, वर्गीकरण एवम् तालिकाबद्ध गरी प्रस्तुतीकरण गरिएको छ । तालिकामा देखाउन सकिने तालिकामा देखाउन सकिने तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ । तालिकामा देखाउन नसकिने तथ्याङ्कलाई वर्णनात्मक विधिको प्रयोग गर्दै व्याख्या गरिएको छ ।

# परिच्छेद : चार

# अध्ययन क्षेत्रको सामान्य परिचय

## ४. पृष्ठभूमि

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत गण्डकी अञ्चलको उत्तर तथा दक्षिणको बीच भागमा अवस्थित तनहुँ जिल्लाको भौगोलिक वर्गीकरण अनुसार मध्य पहाडी क्षेत्रमा पर्दछ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको महाभारत पर्वत श्रृङ्खलामा पर्ने अन्य पहाडी भूभाग जस्तै तनहुँ जिल्ला लेकवेसी, फाँट, टारहरुद्वारा बनेको छ (मिश्र, २०५७) ।

विश्व मानचित्रमा ८३° ५७" देखि ८४° ३४" पूर्वी देशान्तर र २७° ३६" देखि उत्तरी अक्षांश बीचको यो जिल्ला पूर्वमा गोर्खा र चितवन, दक्षिणमा चितवन, नवलपरासी र पाल्पा, पश्चिममा स्याङ्जा र कास्की तथा उत्तरमा कास्की र लमजुङ जिल्लाहरुद्वारा वेष्ठित छ । समुन्द्र सतहबाट १८७ मिटर देवघाटधाम, कालीगण्डकी र त्रिशुली नदीको संगम स्थलदेखि २१३४ मिटर अग्लो छिम्केश्वरी गा.वि.स.को छिम्कालेकसम्मको घरातलीय आधारमा फैलिएको यस जिल्लाको क्षेत्रफल ५४६ वर्ग कि.मी. (१५४६०० हे.) नेपालको कूल भूभागको १.०५ प्रतिशत रहेको छ । साथै जिल्लाको पूर्व पश्चिम लम्बाइ सरदर ६५.५ कि.मी. र उत्तरदक्षिण चौडाइ सरदर ४३.७ कि.मी. रहेको छ । जिल्ला सदरमुकाम दमौली समुन्द्र सतहदेखि ३७० मिटरको उचाइमा रहेको छ । यस जिल्लाको वार्षिक औसत वर्षा २०५८ मि.मि. रहेको छ भने अधिकतम तापक्रम ४१ डिग्री से. र न्यूनतम तापक्रम ३ डिग्री से. सम्म हुने गर्दछ (स्थानीय विकास सन्देश जि.वि.स., तनहुँ २०७१ असोज) ।

राष्ट्रिय जनगणना २०६८ अनुसार यस जिल्लाको कुल जनसङ्ख्या ३२३२८८ ( नेपालको जनसङ्ख्याको १.२२%) रहेकोमा सो मध्ये १७९८७८ (५५.६४%) महिला र १४३४१० (४४.३६%) पुरुष र जनसङ्ख्या बृद्धि दर जम्मा ०.२५% रहेको छ । जिल्लामा ७८३०९ घरधुरीहरु, २३६२ वस्तीहरुमा छरिएर रहेका छन् । जम्मा ८४.९८% साक्षरता रहेकोमा ५३१३० परिवारले खाना पकाउन दाउरा प्रयोग गर्दछन् । यसै गरी ८६.५१% हिन्दु, ९.४४% बौद्ध, १.२८% मुस्लिम, १.६९% क्रिश्चियन र १.०८% अन्य धर्मावलम्बीहरु बसोबास गर्ने यस जिल्लामा जातिगत हिसाबले हेर्दा २८% मगर, १३.५५% ब्राह्मण, १२.१७% गुरुङ, १०.७९% क्षेत्री, ७.५४% नेवार, १५.६९ % दलित (दमै, कामी, सार्की, सुनार,

गन्धर्व), १२.२६ % अन्य जाति मानिसहरु बसोबास गर्दछन् । प्रशासनिक दृष्टिले ६ गाउँपालिका, ४ नगरपालिका र २ निर्वाचन क्षेत्रमा विभाजित छ (स्थानीय विकास सन्देश, जि.वि.स. तनहुँ, २०७१ असोज, ddctanahun.gov.np)

## ४.१ तनहुँ जिल्लाको भौगोलिक परिचय

नेपालको ऐतिहासिक जिल्ला तनहुँ शब्दको उत्पत्ति र नामाकरण कसरी भयो ? भन्ने सन्दर्भमा यस इलाकामा विभिन्न किंवदन्ती, जनश्रुति र उपलब्ध सामग्रीहरुले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । तनहुँ शब्दको उत्पत्ति र नामाकरण कसरी रहन गयो ? भन्ने बारेमा हालसम्म आधिकारिक तथ्यहरुलाई हेर्दा यस जिल्लाको नामलाई तनहुँ नन्हौ तनुहुँ विभिन्न रुपमा लेख्ने गरेको पाइन्छ । भाषागत रुपमा शब्द बनोट फरक भए पनि अर्थमा एकै भएका कारण आधिकारिक लेखनमा तनहुँ रुप नै बढी प्रचलित छ । यसो हुनको प्रमुख आशय यस जिल्लाको कतिपय भेगका गाउँ ठाउँमा मानहुँ, किहुँ, काहुँ आदि अन्तमा हुँ अक्षर आउने नामको प्रभाव परेको देखिन्छ । यसको साथै तनहुँ भित्र मिर्लुङ्ग, कुर्लुङ्ग, मिछुर्लुङ्ग पनि छन् । (यहाँ प्रचलित बोलीमा तनहुँलाई तनुङ्ग पनि भनिन्छ । जुन जितुङ्ग शब्दबाट बनेको हो (मिश्र, २०५७) ।

पहिले तनहुँ दुई ठाउँमा तमोर र तमिन भन्ने गाउँ रहेको जनश्रुति छ । यी गाउँको नामबाट अपभ्रंश भएर तमोरबाट तनहुँ र तमिनबाट अहिले क्यामिन रहन गएको किंवदन्ती छ । यसको अलावा तनहुँको राजधानी रहेको तनहुँसुर र दमौलीको पश्चितर्फ अवस्थित मानुङ्ग क्रमशः चिउँडो साना भएका तनुहुन र चिउँडो ठूलो भएको माहनु नाम गरेका ऋषिले तपस्या गरेको हुनाले अपभ्रंश रुपमा तनुहुनबाट तनहुँ र मानहुनबाट मानुहुँ नाम रहन गएको हो भन्ने किंवदन्ती पनि भेटिन्छ । तनहुँको नामाकरण बारे पृथ्वीनारायण शाहले नुवाकोटको सातताले दरबार निर्माण गरेपछि दरबारको अभिलेखमा पनि “त्रितुङ्ग भुमिवर भूमिभुषण” भनी उल्लेख गरिएको छ (सिग्देल, २०६१) ।

प्राकृतिक दृष्टिले रमणीय स्थल तनहुँ जिल्ला पनि हो । यहाँका प्रसिद्ध पर्यटकीय स्थलहरु मध्ये बन्दिपुर, कालिका जंगल पार्क, राम्चे, मानुङ्ग र तनहुँसुर आदि रहेको छ भने धार्मिक स्थलहरुमा देवघाट, व्यास गुफा, पराशर गुफा, आँधीमुल, अकला मन्दिर, ढोरबाराही मन्दिर, छाब्दी बाराही मन्दिर, सिद्ध गुफा आदि प्रमुख छन् । यहाँका प्रमुख नदीहरुमा मादी, सेती, मर्स्याङ्दी हुन भने मादी सेती नदी ऱ्याफ्टिङ्गको लागि पनि महत्वपूर्ण मानिन्छ ।

सांस्कृतिक रुपले पनि धनी मानिएको यस तनहुँ जिल्लामा मगर जातिहरुको बाहुल्यता बढी रहेको पाइन्छ । अन्य जातिहरुमा गुरुङ्ग, तामाङ्ग, नेवार, बाहुन, क्षेत्री, कुमाल, माझी, बोटे, दरै, मुसलमान, दमाइ, कामी, आदि छन् । यिनीहरुको आ आफ्नै चालचलन, भेषभुषा, रीतिस्थितिले गर्दा तनहुँ जिल्ला सांस्कृतिक रुपले पनि धनी मानिन्छ ।

**तालिका ४.१: तनहुँ जिल्लामा धर्मको आधारमा जनसङ्ख्या**

| धर्म | २०५८ | प्रतिशत | २०६८ | प्रतिशत |
|---|---|---|---|---|
| हिन्दु | 287675 | 91 | 279661 | 86=50 |
| बौद्ध | 21128 | 7 | 30532 | 9=44 |
| मुस्लिम | 5374 | 1=7 | 4157 | 1=28 |
| क्रिश्चियन | 662 | 0=2 | 5457 | 1=69 |
| अन्य | 318 | 0=1 | 3471 | 1=09 |
| **जम्मा** | **315157** | **100** | **323278** | **100** |

*स्रोत: जनगणना २०५८ र २०६८*

दिएको तालिकामा तनहुँ जिल्लामा २०५८ सालका जनगणना अनुसार हिन्दु धर्मावलम्बी ९१ प्रतिशत र २०६८ सालको जनगणना अनुसार हिन्दु धर्मावलम्बी ८६.५ प्रतिशत रहेका छन् । यसरी १० वषको अन्तरमा हिन्दु धर्ममा हिन्दु धर्मावलम्बीको कमी आउनका मुख्य कारण क्रिश्चियन धर्मको प्रभाव पर्नु साथै हिन्दु धर्ममा उपल्लो जातजाति र तल्लो जातिहरु क्रिश्चियनतिर लाग्नु तथा जनजातिहरुमा बुद्ध धर्मको प्रभाव पर्नु रहेको देखिन्छ । यसरी बौद्ध धर्मावलम्बीको जनसङ्ख्या २२१२८ बाट ८४०४ बढ्न गई परिवर्तन भएको देखिन्छ । क्रिश्चियन धर्ममा २०५८ सालमा ०.२ प्रतिशत रहेकोमा २०६८ सालमा १.६९ प्रतिशतमा बृद्धि हुन पुग्यो ।

### ४.१.१ व्यास नगरपालिकाको सामान्य परिचय

सेती र मादी नदीको पवित्र संगम तटमा अवस्थित महर्षि वेदव्यास र पराशरको तपोभूमि तथा कर्मक्षेत्र रहेको यस व्यास नगरपालिका देशमा बहुदलीय प्रजातन्त्रको पुनः

स्थापना पछि दमौली गा.वि.स.का केही क्षेत्रलाई समेटेर वि.सं. २०४८ चैत्रमा व्यास नगरपालिकाको नामाकरण गरी घोषणा भएको हो । यो नगरपालिका काठमाडौंबाट १५० कि.मी. पश्चिम र पोखराबाट ५० कि.मी. पूर्व पृथ्वीराजमार्गमा अवस्थित छ । समुन्द्रको सतहदेखि उचाइ ३१० मिटरदेखि ११२० मिटरसम्म रहेको छ । यसको क्षेत्रफल ६०.५१ वर्ग कि.मी. रहेको छ । नगरपालिकाको पूर्वी सिमाना घाँसीकुवा र बरभञ्ज्याङ्ग गा.वि.स. रहेको छ । पश्चिम सिमाना जामुने, मनपाङ्ग र श्याम्घा गा.वि.स. रहेको छ । उत्तरी सिमाना क्यामिन र तनहुँसुर गा.वि.स. रहेको छ भने दक्षिणतिर कोटदरबार र काहुँशिवपुर गा.वि.स. रहेको छ । यस नगरपालिकामा १४ वटा वडा रहेको छ भने १६८ वटा टोल रहेका छन् र ६६९२ घरधुरी सङ्ख्या रहेको छ। यहाँको हावापानी समशितोषण तथा उष्ण रहेको छ । यहाँका प्रमुख नदीहरुमा मादी, सेती, साँगे, बुल्दी र छाब्दी खोला आदि रहेका छन् । यस नगरपालिकाको जनसङ्ख्यालाई हेर्ने हो भने २०६८ सालको राष्ट्रिय जनगणना अनुसार पुरुष २११९१ र महिला २५६८६ गरी कूल जनसङ्ख्या ४६८७७ रहेको छ । दरैहरुको जनसङ्ख्या ३१०९ रहेको छ ।

**तालिका ४.२: व्यास नगरपालिकाको जाति अनुसारको महिला जनसङ्ख्या**

| जाति | दलित महिला | जनजाति महिला | अन्य महिला | जम्मा |
|---|---|---|---|---|
| जनसङ्ख्या | 1807 | 12657 | 8530 | 22994 |
| प्रतिशत | 7=86 | 55=04 | 37=10 | 100 |

*स्रोतः व्यास नगरपालिका २०६८*

माथिको तालिकामा सबैभन्दा धेरै जनसङ्ख्या जनजाति महिलाहरु १२६५७ अर्थात ५५.०४ प्रतिशत व्यास नगरपालिकाभित्र बसोबास गरेको देखिन्छ भने सबैभन्दा थोरै जनसङ्ख्या दलित महिलाहरु १८०७ अर्थात ७.८६ प्रतिशत रहेको छ । त्यस्तै अन्य महिलाहरु ८५३० अर्थात ३७.१० प्रतिशत रहेको छ । यसबाट के स्पष्ट हुन्छ भने व्यास नगरपालिकाभित्र अन्य जातिहरुको भन्दा जनजातिहरुको जनसङ्ख्या अग्र स्थानमा रहेको देखिन्छ ।

### ४.१.२ अध्ययन क्षेत्र व्यास न.पा. १ भादगाउँको परिचय

तनहुँ जिल्लाको सदरमुकाम दमौलीबाट पूर्व प्रसिद्ध धार्मिक स्थल छाब्दी बाराहीको बीच भागमा करिब ४ कि.मी. को दुरीमा सीमाना रहेको, पश्चिममा १ कि.मी. को दुरीमा रहेको बुल्दी खोला, उत्तरमा पनि बुल्दी खोला, सीमाना हुँदै मुसेखोला भन्ने स्थान र दक्षिणमा छाब्दी खोलाले घेरेको बीचको करिब १० वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको वडा नं. १ तर्फ हरियाली बोटबिरुवा र मानव वस्ती रहेको साथै दक्षिण र मध्य भाग समथर मैदानले घेरिएको छ भने छाब्दी खोलाको पानीद्वारा सिंचित खेतीयोग्य जमिनले भरिभराउ रहेको छ ।

### ४.१.३ भादगाउँका महिलाहरुको स्थिति

प्रायः महिलाहरुको भूमिका पुरुषको सहायक भूमिकाको रुपमा लिइन्छ। सबै घरायसी काम महिलाको दायित्व हो भन्ने सोचिन्छ । खाना पकाउने, बच्चाबच्चीको हेरचाह गर्ने, घर सफा गर्ने, लुगा धुने, पानी ल्याउने जस्ता काम प्रायः महिलाले नै गर्ने गर्दछन् । यसको अतिरिक्त वस्तुभाउलाई घाँस काट्ने काम पुरुष महिला दुवैले गरेको पाइन्छ । नेपाल कृषि प्रधान देश भएको कारणले गर्दा अधिकांश जनता कृषिमा निर्भर भए जस्तै यस जातको प्रमुख पेशा कृषि नै हो । त्यसैले समय अनुसार फरक फरक प्रकृतिको खेतीको काम हुने गर्दछ । कहिले मकै छर्ने, गोड्ने, काट्ने जस्ता काममा महिला पुरुष दुवैको संलग्नता पाइन्छ । गाइवस्तु चराउने, वस्तुको मल खेतबारीमा पुऱ्याउने, धान कुट्ने, मकै पिध्ने जस्ता विभिन्न कामहरु पनि महिलाहरुले नै भ्याउने गर्दछन् । यस्ता आफ्ना घरायसी काम बाहेक दरै महिलाहरु खेतीको व्यस्त समयमा अरुको काम गर्न समेत पुगेका छन् । अरुको काम गर्न जाँदा कहिले पर्ममा गर्दछन् भने कहिले मजदुरी ज्यालाको रुपमा गर्दछन् । मजदुरीमा काम गर्दा कहिले नगद प्राप्त गर्दछन् भने कहिले अन्नपात लिनुपर्दछ । उनीहरुको ज्याला पनि समय र कामको प्रकार अनुसार फरक फरक हुन सक्छ । यस बाहेक जाँड जसलाई दरैहरुले 'मोत' भन्दछन् । यस मोत अर्थात जाँड तयार गर्ने काम विशेष गरेर महिलाकै दायित्व भित्रको कुरा हो । जाँड घरायसी खर्चको लागि मात्र नभएर आम्दानीको स्रोत पनि रही आएको देखिन्छ । जाँड विशेष गरी मकै र कोदोबाट बने तापनि चामल तथा गहुँको पनि उत्तिकै प्रयोग गरेको देखिन्छ ।

भादगाउँका दरै महिलाहरु पनि आधुनिकीकरण र पश्चिमीकरणका प्रभावका कारण विभिन्न किसिमका तालिम तथा व्यापार व्यवसायमा पनि संलग्न भएको देखिन्छ । लवाइखुवाई तथा रहनसहनमा फेरबदल आएको देखिन्छ भने कोही उच्च शिक्षा हासिल गरी विभिन्न संघसंस्था तथा सामाजिक कार्यमा संलग्न हुँदै आएको अवस्था देखिन्छ ।

**तालिका ४.३: उमेर समूहको आधारमा उत्तरदाताको विवरण**

| उमेर समूह | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| २५ वर्षभन्दा तल | 4 | 3=8 |
| २५-३५ वर्ष | 23 | 21=9 |
| ३५-४५ वर्ष | 25 | 23=8 |
| ४५-५५ वर्ष | 27 | 25=7 |
| ५५-६५ वर्ष | 15 | 14=3 |
| ६५ वर्षभन्दा माथि | 7 | 6=7 |
| अनुत्तरित | 4 | 3=8 |
| **जम्मा** | **105** | **100** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७३*

माथिको तालिकामा उमेर अनुसार जनसङ्ख्या हेर्दा २५ वर्षभन्दा तल ४ जना अर्थात ३.८% रहेका छन् । २५ वर्षदेखि ३५ वर्षसम्मका महिलाहरुको सङ्ख्या २३ अर्थात २१.९% रहेका छन् । ३५ वर्षदेखि ४५ वर्षसम्मका महिलाहरुको सङ्ख्या २५ अर्थात २३.८% रहेको छ । ४५ वर्षदेखि ५५ वर्षसम्मका महिलाहरुको सङ्ख्या २७ अर्थात २५.७% रहेको छ । ५५ वर्षदेखि ६५ वर्षसम्मका १५ जना अर्थात १४.३% रहेका छन् । ६५ वर्षभन्दा माथिका ७ जना अर्थात ६.७ प्रतिशत तथा ४ जनाले आफ्नो उमेर बताउन इच्छा नदेखाएको देखिन्छ भने २५ देखि ३५ वर्ष उमेर समुहभित्र पर्ने केही महिलाहरु विभिन्न संघ संस्थामा आबद्ध भएको र कोही व्यापार व्यवसाय गरी आयआर्जनको बाटोलाई समातेका छन् ।

# परिच्छेद : पाँच

# आयआर्जन र जीविकोपार्जनको अवस्था

## ५.१ सामाजिक जनजीवन

यस जातिको सामाजिक बनोट संयुक्त परिवार प्रणालीमा भए तापनि हिजोआज एकल परिवारमा बसोबास गर्न थालेको पाइन्छ । पुरुषले कमाउने वा घर बाहिरको काम गर्दछन भने महिलाहरुले घर भित्रको काम गर्छन । यस जातिमा नोकरी गर्नेको सङ्ख्या ज्यादै न्यून छ । हिजोआजका दरै जातिलाई हेर्दा यिनीहरुको पुर्खाहरुले गर्ने पेशा छुट्याउन नै कठिन हुन्छ । विभिन्न किसिमका किंवदन्तीहरु र प्रायजसो नदी किनाराको आसपासमा धेरै बसाइ भएको हेर्दा प्राचीन कालमा यिनीहरु माछा मार्ने व्यवसायमा लागेका अनुमान गर्न सकिन्छ । तर हिजोआज दरै जातिहरु विभिन्न पेशामा संलग्न देखिन्छन् । विशेष गरी जीविकोपार्जनका लागि कृषिमा नै आधारित भए पनि कोही कर्मचारी, कोही शिक्षक, व्यापारी, कोही राजनीतिकर्मी तथा सेनामा भर्ती भइ विभिन्न क्षेत्रमा सेवारत देखिन्छन् भने कोही संघसंस्थामा आबद्ध देखिन्छन् ।

आफ्नो किसिमको विशिष्ट संस्कृति, रहनसहन, भाषा, भेषभुषा, सीप, लगाइखुवाइ रहेको दरै जातिहरुको आफ्नो जातीय भेषभुषा लोप भइसकेको छ । पुरुषहरु भोटो दौरा र कछाड लगाउने चलन थियो भने महिलाहरु कालो गुन्यु र कालो ब्लाउज अथवा चोलो लगाउने गर्दथे । पुरुषहरुको पहिरन सादा सेतो हुन्थ्यो भने महिलाहरु कालो पहिरनमा हुन्थे । महिलाहरु आफ्नो पहिरनलाई कालो बनाउन सेतो कपडालाई घरेलु प्रविधि अपनाएर कालो बनाएर लगाउने गर्दथे । आजभोलि कहिलेकाही विशेष अवसरमा मात्र पुरुषहरु घखुवाको सेतो कछाड, भोटो र आसकोट भादगाउले टोपी लगाउँछन् भने महिलाहरु कालो गुन्यु कालो चोलो लगाउँछन । अन्य समयमा केटाहरु आधुनिक सर्ट पाइन्ट लगाउँछन । महिलाहरु कुर्ता सुरुवाल, लुंगी, साडी लगाउँछन ।

यस वडाभित्र विभिन्न जातजाति, भाषाभाषी र धर्मावलम्बीहरु भए तापनि धार्मिक सहिष्णुता कायम गर्दै भाइचाराको सम्बन्ध अगाडि बढिरहेको हामी पाउँछौ । आदिवासी दरै जातिको मुख्य पेशा कृषि र पशुपालन भएकाले दैनिक जीवनमा आवश्यक पर्ने घरायसी

सामग्रीहरु उनीहरुले आफैले तयार पार्ने गर्दछन् । यी जातिहरु वर्षभरी नै विभिन्न देवीदेवताको पूजाआजा गरिरहन्छन् ।

यिनीहरुको गाउँहरुले गर्ने सामुहिक पूजा संसारी माइ, चण्डी, झाक्री, भयँर, बाजेबज्यै, दशहरा आइतबारे, नागपूजा आदि हुन भने १३ दिने भाइखलकले गर्ने वाइ पूजा, खम्बेदेवी पूजा, कुलायन पूजा, न्वागी पूजा इत्यादि हुन जसमा सबै गाउँले सहभागी हुँदैनन (दिलमाया दरैसँग अन्तरवार्ता) । मुख्य चाडपर्वमा दशै, तिहार तीज मनाउने दरै समुदायको मुख्य खाना दाल, भात, तरकारी जाँड रक्सी, माछा, मासु खाने गर्दछन् । खाना बाहेक खाजाको रुपमा जाँडलाई प्रयोग गर्दछन् । भागी विवाह, प्रेम विवाह, मागी विवाह गर्ने दरै जातिको जन्म, मृत्यु र विवाह संस्कारमा आफ्नै दरै जातिकै बाहुन हुन्छ । मान्छे मर्दा १३ दिन बार्नुपर्ने र बरखी १ वर्षसम्म बार्ने चलन छ र चोखिदा सोमबार र बुधबार बाहेक अन्य दिनमा मिलाएर चोखिने चलन छ भने बच्चा जन्मदा छोरीको ९ दिनमा र छोराको ११ दिनको दिनमा न्वारान गरी दरै बाहुनले पण्डितबाट हेराइ नामाकरण गरिन्छ । अध्ययन क्षेत्र टेलिफोन, विद्युत, ढल, नल, बाटोघाटो, संचारको राम्रो सुविधा रहेको छ भने कृषि र पशुपालन बाहेक समय परिस्थिति अनुसार विभिन्न कामहरु घर वायरिङ, ड्राइभर शिक्षक, मिस्त्री, ठेकेदार, व्यापार, शिक्षक, सेना, प्रहरी तथा अन्य नोकरी गर्ने गरेको पाइन्छ । घर घरमा धारा चर्पीको व्यवस्था रहेको छ भने स्वास्थ्य चौकी र मेडिकलको सुविधा भए तापनि अझै बिरामी हुँदा झारफुक गर्न गुराउकोमा जाने चलन कायम छ ।

### ५.१.१ घरको बनावट र ढाँचा

सामाजिक प्राणीको रहनसहन उसको आर्थिक क्षमतामा पनि भर पर्ने कुरा हो । जुन कुराले दरै जातिमा पनि प्रभाव पारेको छ । प्राचीन समयमा दरै जातिहरुको घरको बनोट भिन्न किसिका हुन्थे । परम्परागत शैलीमा निर्माण गरिएका दरै जातिका घरहरु काठ, बाँस, माटो र खरले छाइएका गोलाकार पिरामिड शैलीका हुने गर्दथ्यो । जसलाई घुमाउने घर भनिन्थ्यो । घरको भित्ता रातो माटोले पोतिएको र पेटी निलो, पहेंलो, कालो, रंगीन माटो प्रयोग गरिन्थ्यो भने आजकाल यस्ता घरहरु व्यास न.पा. वडा नं. १ भादगाउँमा लोप भइसकेको छ । आधुनिकीकरण र शहरीकरणको प्रभावका कारणले गर्दा भादगाउँका दरै समुदायमा आजकल इट्टा, सिमेन्ट र रडद्वारा निर्मित पक्की घरहरु धेरै मात्रामा भेटिन्छ । अरु जातिहरुको सामाजिक सम्पर्क बृद्धिका कारणले आफ्ना बाबु/बाजेको थलो बेचेर भए पनि

पक्की घर बनाउने गरेको भेटिन्छ । साना टिनले छाएका, एक ठाउँमा गुजुमुज्ज बनाइएका घरहरुको अवस्था, शौचालय पनि घरको छेउमा बनाइएका, घरकै पालीमा गाँसेर गोठ बनाउने, सुंगुरबंगुरको खोर घरको अगाडि हुने यस्तो अवस्थाबाट परिवर्तन भई गोठ, खोर साथै शौचलायको छुट्टै व्यवस्था गरी व्यवस्थित रुपले बसोबस गरेको देखिन्छ ।

**तालिका ५.१: घरको प्रकारका आधारमा उत्तरदाताको विवरण**

| घरको प्रकार | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| कच्ची | 10 | 9=5 |
| पक्की | 95 | 90=5 |
| **जम्मा** | **105** | **100** |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७३*

माथिको तालिका अनुसार दरै जातिहरुको घरको अवस्था अवलोकन गर्दा धेरै जसो घरहरु पक्की अवस्थामा रहेको पाइन्छ । केही दरैहरुको घरहरु सामान्य साना टिनले छाएका कच्ची अवस्थामा रहेको पाइयो ।

## ५.१.२ परिवार प्रथा

दरै जातिको आदर्श मान्यता संयुक्त परिवार हो तर आजकलको आधुनिकतासँगै एकल परिवार प्रथाको प्रचलन बढ्दो छ । यस जातिका अघिल्ला पुस्ताहरु पूर्ण रुपमा कृषिमा निर्भर रहने भएकोले कृषि कार्यका लागि धेरै जनशक्तिको आवश्यकता पर्ने हुँदा संयुक्त परिवारमा नै यिनीहरु रहने गर्दथे । हाल आएर कृषि पेशामा मात्र सीमित नभई अन्य विकल्पहरुको खोजी गर्ने भएकोले एकल परिवार प्रथामा बृद्धि भएको पाइन्छ । यस जातिमा महिला तथा पुरुषका बीच लैङ्गिक भेदभाव भए तापनि सामुहिक कार्यमा समान सहभागिता रहेको पाइन्छ तर पैतृक सम्पत्तिको हकमा भने छोराको अधिकार रहन्छ । यस जातिको परिवारमा श्रम विभाजनको आधारमा काम गर्ने भएकोले महिलाहरुले घरधन्दामा बढी समय बिताउने र यस बाहेक पशु चौपायाहरुको रेखदेखमा भान्साको काममा घरको सरसफाईमा, बालबच्चाको हेरचाह जस्ता घरायसी काममा व्यस्त हुन्छन् । शारीरिक

परिश्रमका काममा व्यवहारिक काममा पुरुषहरु नै बढी खट्ने हुन्छन तर मेलापातको काममा भने महिलाहरुको सहभागिता हुने गर्दछ ।

दरै जातिको घर परिवारमा पुरुष बूढापाका घरमुली हुन्छन भने घरमा केही चीज बिक्री गर्नुपर्ने भएमा महिलाको स्वीकृति पनि आवश्यक हुन्छ र घरमा कुनै किसिमको नयाँ कार्य गर्न लागिएको खण्डमा बूढापाकाहरुको सल्लाह आवश्यक मानिन्छ । छोरीभन्दा छोरा जन्मदा खुशी हुने तथा छोरालाई स्कुल पढ्न पठाउने र छोरीलाई घरायसी तथा मेलापातको काममा पठाउने परम्पराबाट परिवर्तन भई यस किसिमको संस्कारमा परिवर्तन हुँदै गएको पाइन्छ । परिवारमा विवाहित छोरीको महत्वपूर्ण स्थान हुनुको साथै माइतीमा हुने सम्पूर्ण कार्यमा छोरीको सहभागिता हुन्छ । अंशवण्डा गर्दा पैतृक सम्पत्ति विशेष गरी जग्गा जमिन पशुपंक्षी भाँडाकुँडा बाबुआमा तथा छोरा वा छोरीमा अंशवण्डा गर्नु पर्दा विवाह भाग छुट्याएर सम्पत्ति भाग लगाइन्छ । एकल परिवारमा लोग्ने, स्वास्नी र उनीहरुका अविवाहित छोराछोरी रहन्छन भने संयुक्त परिवारमा लोग्ने, स्वास्नी, छोरा, छोरी, भाई, बहिनी नाति, नातिनी, भतिजा, भतिजी, समावेश हुन्छ ।

**तालिका ५.२: परिवारको किसिमको आधारमा उत्तरदाताको विवरण**

| परिवारको किसिम | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकल परिवार | 84 | 80 |
| संयुक्त परिवार | 21 | 20 |
| **जम्मा** | **105** | **100** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७३*

यस तालिका अनुसार दरै जातिहरुको पनि अरु जातिहरुको जस्तै संयुक्त परिवारभन्दा एकल परिवारको सङ्ख्या बढी देखियो । विवाहपछि आमा बुबाबाट छुटिएर बस्ने संस्कार पाइन्छ जसको कारण एकल परिवारको सङ्ख्या बढेको देखिन्छ । जसमा ८० प्रतिशत एकल परिवार र २० प्रतिशत संयुक्त परिवारमा बसेको देखिन्छ ।

**तालिका ५.३: परिवारको आकारको आधारमा उत्तरदाताको विवरण**

| परिवार सङ्ख्या | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ४ जनासम्म | 75 | 71=4 |
| ५ देखि ७ जना | 23 | 21=9 |
| ९ भन्दा माथि | 7 | 6=7 |
| **जम्मा** | **105** | **100** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७३*

माथिको तालिका अनुसार हेर्दा ४ जनासम्मको परिवार सदस्यहरुको सङ्ख्या धेरै देखिन्छ । यसको मुख्य कारण आर्थिक, सामाजिक, शैक्षिक क्षेत्रमा प्रगति गर्न सकिन्छ भन्ने मान्यता यहाँका  दरै समुदायमा रहेको पाइन्छ । विवाह पछि बुबा आमाबाट छुट्टिएर बस्ने संस्कार पाइन्छ । जसको कारण एकल परिवारको सङ्ख्या ५ देखि ७ जनासम्म हुनेको सङ्ख्या २१.९ प्रतिशत र ९ भन्दा माथि परिवारको सदस्य हुनेको सङ्ख्या ६.७ प्रतिशत रहेको छ ।

**तालिका ५.४: घरमुलीको आधारमा उत्तरदाताको विवरण**

| घरमुली | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| श्रीमान | 34 | 32=4 |
| श्रीमती | 33 | 31=4 |
| छोरा | 4 | 3=8 |
| श्रीमान श्रीमती दुवै | 34 | 32=4 |
| **जम्मा** | **105** | **100** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७३*

माथिका तालिका अनुसार पितृसतात्मक सत्तामा आधारित परिवारमा महिलालाई सहायकको रुपमा हेरिने चलन थियो । तर आजकल शिक्षामा आएको परिवर्तनले गर्दा तथा महिलाहरु विभिन्न किसिमका तालिमहरु र संघसंस्थामा आबद्ध भई नेतृत्व लिन सक्ने

क्षमतामा विकास भएको हुनाले आर्थिक कार्यमा अगाडि बढेको पाइन्छ । घरमुली भइ घर व्यवहार चलाउनेमा श्रीमान र श्रीमान श्रीमती दुवै भन्ने उत्तरदाताको सङ्ख्या ३४ अर्थात ३२.४ प्रतिशत रहेको छ । छोरा घरमुली भएर घर चलाउनेको सङ्ख्या ४ र श्रीमती घरमुली भएर घर व्यवहार चलाउनेको सङ्ख्या ३३ रहेको छ । श्रीमानको सट्टा श्रीमतीहरुको पनि अग्रसरता देखिनुमा श्रीमानहरु वैदेशिक रोजगारीमा जाने भएकोले यो अर्को कारण हुन सक्ने कुरा स्थलगत अध्ययनबाट बुझ्न पाइयो ।

**तालिका ५.५: सम्पत्तिमा महिलाको स्वामित्व सम्बन्धी विवरण**

| सम्पत्तिमा स्वामित्व | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| स्वामित्व भएको | 59 | 56=2 |
| स्वामित्व नभएको | 46 | 43=8 |
| **जम्मा** | **105** | **100=0** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७३*

यस तालिका अनुसार महिलाको स्वामित्वमा घर जग्गा र चल अचल सम्पत्ति छ कि छैन भन्ने उत्तरमा छ भन्ने उत्तरदाताको सङ्ख्या ५९ अर्थात ५६.२ प्रतिशत रहेको छ । जग्गा र चल अचल सम्पत्ति कति पनि नभएको उत्तरदाताको सङ्ख्या ४६ अर्थात ४३.८ प्रतिशत रहेको छ । पितृसतात्मक सत्तामा आधारित यस समाजमा शिक्षा तथा आधुनिकीकरणका प्रभावले महिलाहरुको हकमा पनि कसैको २.३ रोपनी भएको पाइयो भने कसैको घर मात्र र घडेरी उनीहरुको स्वामित्वमा रहेको पाइयो । घर घडेरी र जग्गा जमिन नहुनेहरुको कारण कोही भाडामा बसेका कोही धेरै दाजुभाइ भएकोले जग्गा खण्डीकरण गर्नु परेकोले भन्ने उत्तर पाइयो ।

### ५.१.३ भाषा

भारोपेली भाषा परिवार अन्तर्गतका भाषाहरु मध्ये दरै भाषा एक हो । दरै भाषामा नेपाली, मैथिली, भोजपुरी, हिन्दी आदि भाषाका प्रशस्त प्रभाव परेको देखिन्छ । यसरी विभिन्न भाषाका प्रभावले गर्दा आफ्नै पहिचान भएको दरै भाषा करिब लोप हुने स्थितिमा पुगेको छ । अरु भाषाको सामाजिक सम्पर्कले गर्दा कतिपय दरैहरु आफ्नो मातृभाषा बोल्न

सक्ने अवस्थामा छैनन् । नेपालको जनगणना २०६८ अनुसार सम्पूर्ण जनसङ्ख्याको ०.०४ प्रतिशत मानिसहरुले दरै भाषा बोल्दछन् । यस्तो करिब लोप हुन लागेको भाषालाई हामीले खोजतलास गरी उत्थान गर्नु आजको आवश्यकता छ । जब सबै लोप हुन लागेका जातिका भाषा तथा सामाजिक मान्यताहरुको संरक्षण हुन्छ तब सबै भाषा भाषीहरु विकासका समान अवसर उपभोग गर्न सक्षम हुन्छन्, राष्ट्र र राष्ट्रियता पनि बलियो हुन्छ ।

### ५.१.४ धर्म

दरै जातिहरु सामान्यतया प्रकृतिपूजक हुन । यिनीहरु हिन्दु धर्मप्रति आस्था राख्दछन् । हिन्दु धर्मका अनुयायी हुन तापनि यिनीहरुको धर्म वर्तमान संस्कारमा गुराउले खेलेको भूमिकालाई हेर्दा गुराउ मार्गी थिए भन्ने अनुमान गर्न सकिन्छ । धामी, झाँक्री, तन्त्रमन्त्र, भूतप्रेम, डाइनी, बोक्सीप्रतिको विश्वास अझै पनि भएको पाइन्छ । यस जातिको संस्कार परम्परा र धार्मिक अवस्थालाई हेर्दा हिन्दु देवी, देवता, माइ, चण्डी, सरस्वती, शिव, विष्णु, संसारी र भयँरलाई मान्दछन भने प्रमुख देवताको रुपमा गन देवता (पितृ देवता) लाई मान्दछन् । देवी देवताको दोष देखिएमा बिरामी मानिस तथा पशुपंक्षी निको होस भनी सम्बन्धित देवताको नाममा हाँस, कुखुरा, परेवा आदि बली दिई पूजा गरौला भनी भाकल पनि गर्दछन् । दरै जातिहरु पुर्खादेखि नै हिन्दु धर्म मान्दै आए पनि आजकल केही दरैहरु क्रिश्चियन धर्मतर्फ आकर्षित भएको देखिन्छ । साथै केही दरैहरु (सच्चाइ) जुन क्रिश्चियन धर्मसँग सम्बन्धित छ । सच्चाइमा गएर सामेल भई प्रार्थना गर्नाले आफ्नो रोग निको हुने विश्वास गर्ने गरेको पाइयो ।

**तालिका ५.६: धार्मिक विश्वासको आधारमा उत्तरदाताको विवरण**

| धार्मिक विश्वास | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | 75 | 71=4 |
| क्रिश्चियन | 23 | 21=9 |
| अनुत्तरित | 7 | 6=7 |
| **जम्मा** | **105** | **100=0** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७३*

माथिको तालिका अनुसार दरै जातिहरुको धार्मिक अवस्था अध्ययन गर्दा धेरै जसो हिन्दु धर्म नै मान्दै आएको पाइयो भने केही सङ्ख्याका दरैहरुले क्रिश्चियन धर्मलाई अवलम्बन गरेको पाइन्छ । यस क्षेत्रमा बौद्ध धर्म मान्ने जनसङ्ख्या नभएको पाइयो र केही सङ्ख्याका दरैहरुले आफ्नो धर्मका विषयमा बताउन चाहेनन् ।

## ५.२ शैक्षिक अवस्था

प्राचीन कालमा अन्य जात तथा जातिहरुले पनि पढाइलाई पहिलो प्राथमिकता दिएको देखिँदैन किनभने त्यसबेलाको समाजमा कृषि अथवा कामलाई पहिलो प्राथमिकता दिइन्थ्यो । त्यति बेला घरधन्दा तथा काम नै महत्वपूर्ण हुन्थ्यो । पढेर केही काम छैन । घरायसी काम जान्यो भने अर्काको घरमा गएर सजिलो हुन्छ त्यहाँ सबैले मन पराउँछन भन्ने जनमानसको विचार थियो । छोराले त भविष्यमा पाल्छ त्यसैले यिनीहरुलाई पढाउनु पर्छ भनेर छोरालाई मात्र पढाउँथे भने छोरीलाई त अर्काको घर जाने जात भनेर पढाउने चलन थिएन । समय परिवर्तन हुँदै जाँदा छोराछोरीमा छोरालाई निजी विद्यालयमा पढाउने र छोरीलाई घरधन्दाको कामको साथै अलि अलि शिक्षा दिने र सरकारी स्कुलमा पढाउने चलन आयो तर अहिले आएर छोराछोरी बराबरी भनेर छोराछोरी दुवैलाई पढाउने प्रचलन छ ।

यसरी हेर्दा दरै जातिमा पनि यसको प्रभाव परेको पाइन्छ । दरै केटीलाई पनि पढ्न पठाउनुको साटो घरधन्दाको तथा खेतीपातीको काम नै बढी सिकाइन्थ्यो त्यसैले दरै महिलाहरु कम साक्षर रहेका छन् । समयको परिवर्तन सँगसँगै तथा अन्य जातिहरुको देखासिखीले गर्दा दरै समुदायमा पनि विस्तारै परिवर्तन आउन थाल्यो । यसै परिवर्तनसँगै दरै केटीहरुलाई पनि स्कुल पठाउन थालियो । अहिले २१औं शताब्दीमा केटाहरुले भन्दा पनि केटीहरुले पढाइलाई निरन्तरता दिएको पाइएको छ किनभने घरको आर्थिक अवस्थाको कारणले गर्दा केटाहरु विदेशतिर अथवा नोकरी गर्नतिर लाग्दछन् भने दरै केटीहरु विस्तारै पढाइलाई निरन्तरता दिइरहेका हुन्छन् ।

छोरीहरुको सानैमा विवाह गरिदिने र छोराहरु कमाउन सक्ने भएपछि भारततर्फ नोकरी गर्न जाने एउटा नीति नै बनेको पाइन्छ । दरै वस्तीमा अझै पनि केही हुने खाने र बाबुआमा साक्षर भएको परिवार बाहेक अन्य परिवारले आफ्ना बालबालिकाको पढाइप्रति खासै चासो राखेको पाइँदैन । पढाइमा खर्च गरेर के गर्नु हाम्रा दरैहरुले पढेर जागिर पाउँदैन बरु बेलैमा विदेशतिर गएर घर खर्च धान्ने केही पैसा पठाइ दियो भने हामीलाई राहत

मिल्छ भन्ने घरमुलीको सङ्ख्या बढी पाइयो । पिछडिएको जातिका रुपमा परिचित यस जातिमा हामी अशिक्षाका कारणले पछाडि परेका हौं । शिक्षा भएन भने हरेक कुरामा पछाडि परिन्छ र केही पढे लेखेका युवाहरु बेरोजगार रहे भन्दैमा हामीले आफ्ना सन्ततिहरुलाई विद्यालय पढाउनबाट बञ्चित गराउनु हुँदैन भन्ने धारणाको विकास भएको छ (संगिता दरैसँगको अन्तरवार्ता) । यसैले हालको शैक्षिक अवस्थालाई अझ माथि उठाउन आफ्नो छोराछोरीहरुलाई विद्यालय पठाइ शैक्षिक अवस्थामा सुदृढ गरी जातीय उत्थानमा सहयोग पुऱ्याउने लक्ष्यका साथ तनहुँ भादगाउँका दरैहरु शैक्षिक जागरणमा लागेका छन् ।

लोकतन्त्रको स्थापनापछि सरकारले राष्ट्रिय साक्षरता अभियान चलायो । निरन्तर दरैहरु साक्षरता कक्षामा पढेर साक्षर हुने अवसर पाएकाले निरक्षरता सङ्ख्यामा केही सुधार भएको पाइन्छ । अहिलेका नयाँ पुस्ताले भने आफ्नो बच्चालाई शिक्षा दिनुपर्छ भन्ने बुझेको छ । त्यसैले पढाइमा नियमितता दिन र उच्च शिक्षासम्म पुऱ्याउन प्रयासरत देखिन्छ ।

**तालिका ५.७: शैक्षिक योग्यताको आधारमा उत्तरदाताको विवरण**

| शैक्षिक योग्यता | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| साक्षर | 47 | 44=8 |
| कक्षा दश | 23 | 21=9 |
| एस.एल.सी. | 11 | 10=5 |
| +२ | 12 | 11=4 |
| स्नातक वा माथि | 4 | 3=8 |
| अनुत्तरित | 8 | 7=6 |
| **जम्मा** | **105** | **100=0** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७३*

मीथको तालिका अनुसार दरै महिलाहरु प्रायः साक्षर देखिन्छन् तर उनीहरुको साक्षरता स्तर न्यून र टिकाउ नहुने खालको बुझिन्छ किनकि कतिपय महिलाहरु हालै साक्षरता अभियानबाट साक्षर भएकाले र यसले निरन्तरता नपाएपछि लेख्न पढ्न गाह्रो भएको कुरा बताउँछन् । एस.एल.सी.देखि +२ सम्म पढाइ भएका २३ जना अर्थात २१.९ प्रतिशत रहेका छन् । स्नातक वा सो भन्दा माथि योग्यता भएका महिलाहरुको सङ्ख्या

जम्मा ४ अर्थात ३.८ प्रतिशत रहेको छ भने केही महिलाहरुले आफ्नो शिक्षाको बारेमा बताउन असमर्थ भए । शिक्षित महिलाहरु कोही व्यापार व्यवसायमा लागेका छन् भने कोही जागिर गर्छन र कोही संघसंस्थामा संलग्न भई सेवारत देखिन्छन् ।

## ५.३ आयआर्जनबाट सामाजिक सांस्कृतिक जीवनमा पारेको प्रभाव

प्राचीनकालदेखि नेपाल एक बहुजातीय सम्प्रदायहरुको मिलनविन्दुको रुपमा रहेको थियो । दक्षिण भारतबाट नेपाल प्रवेश गर्ने मध्ये भारतमा मुसलमानहरुको आक्रमणकालमा त्यहाँबाट भागेर आएका हिन्दु शासक तथा आफ्नो धर्म बचाउनका लागि यहाँका कैयौं हिन्दु ब्राह्मणहरु नेपाल प्रवेश गरेको पाइन्छ । भारततर्फबाट नेपाल प्रवेश गर्नेहरुमा आर्य समूहका मानिस थिए । उत्तरबाट नेपाल प्रवेश गर्नेमा मंगोलियन समूहका मानिसहरु थिए ( सिग्देल, २०६१) । यसरी नेपाली समाज खास गरेर यिनै आर्य र मंगोलियन समूहका मानिसहरु मिलेर बनेको छ । प्राचीनकालदेखि हालसम्म पनि नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक समाजको रुपमा रहेको छ । यहाँ सामाजिक तथा धार्मिक सहिष्णुता रहिरहेको छ ।

हिन्दु संस्कार र परम्पराद्वारा संचालित भादगाउँका दरै जातिहरु मतवाली जातिको रुपमा समाजमा रहनुका साथै समाजका अन्य जातिहरु जस्तै ब्राह्मण, क्षेत्री, ठकुरी, नेवार गुरुङको तुलनामा पछाडि परेको देखिन्छ । दरै जातिलाई मंगोलिन समूहमा राखिएको भए पनि यिनीहरु हिन्दु परम्परा अनुसार चलिआएका हिन्दु धर्मालम्बी हुन् । हिन्दु वर्ण व्यवस्था अनुसार मतवाली वर्गमा राखिएका जाति मध्ये गुरुङ, मगर, बोटे, कुमाल जस्तै यी जाति पनि सोझा र सरल प्रवृत्तिका हुन्छन् । आफ्नै भाषा, संस्कृति र परम्परा रहेको यस जातिको भाषा आर्यसँग मिल्दो जुल्दो भए पनि अनुहार मंगोलियनसँग मिल्दछ भने हिन्दु धर्मलाई अंगालेको पाइन्छ (मिश्र, २०५७) । नेपाली समाज परम्परादेखि नै धार्मिक मनोवृत्तिमा स्थापित समाज हो । यसको नमुना हाम्रा प्राचीन मठ मन्दिर, कला कौशल, रहनसहन, भेषभुषा, धर्म आदिलाई लिन सकिन्छ । प्रत्येक घरमै मन्दिरको भावनाले ओतप्रोत नेपाली समाज यसको ज्वलन्त उदाहरण हो । यसरी आफ्नो अस्तित्व परम्परादेखि नै आध्यात्मिक भावनाको सागरमा पौडदै परिस्कृत एवं सु संस्कृत बन्नमा प्रयासरत नेपाली शैली, धार्मिक सहिष्णुता तथा आध्यात्मिक बन्दै गइरहेको पाइन्छ (सिग्देल, २०६१) । दरै जातिले वर्तमान अवस्थामा अपनाउँदै आएको सांस्कृतिक अवस्थालाई मोटामोटी रुपमा निम्न पक्षमा आधारित भएर विश्लेषण गरिएको छ ।

### ५.३.१ जन्म

बालक जन्मेको क्षण जन्म दिने आमा, नवजात शिशु लगायत परिवारका अन्य सदस्यहरुका लागि पनि अनौठो र उमंगको क्षण हुन पुग्दछ । हिन्दु धर्म मान्ने दरै जातिका महिलाहरुले अरु जातका महिलाहरुले जस्तै गर्भावस्थामा धर्मकर्म तथा पूजाआजामा भाग लिँदा पुण्य नपाइने र गर्भमा भएको बच्चालाई अशुभ हुन्छ भन्ने धारणा विद्यमान छ । यिनीहरुले गर्भावस्थामा धार्मिक क्रियाकलापमा भाग लिँदैनन । घरमा श्रीमती गर्भवती भएपछि गर्भवती महिला स्वयम् र उनको पतिले कुनै पनि जीवित वस्तुको काटमार गर्न नहुने यदि काटमार गऱ्यो भने पछि जन्मने बच्चालाई असर परी अपाङ हुन्छ भन्ने धारणा रहेको पाइन्छ । शहरी क्षेत्रमा यिनीहरुले प्रसुती हुने बेलामा सहयोगको लागि सुडेनीको मद्दत लिने गर्छन तर ग्रामीण भेगमा लामालाई हेराउने वा गुराउलाई बोलाएर सहयोग लिने गर्दछन । बच्चा जन्मेपछि सुडेनीले बच्चाको सालनाल काँटेर बच्चालाई धोइ पखाली सफा गर्छन । छोराको चाहना यस जातिमा पनि तिब्र हुने हुनाले छोरा जन्मेको खण्डमा निकै उत्साहित हुन्छन् । भोज भतेर गर्छन, खुशीयाली मनाउँछन् । सुत्केरी महिलालाई चिसोबाट जोगाइ बच्चालाई प्रशस्त दुध खुवाउनका लागि ज्वानोको झोल र कुखुराको मासु बढी दिन्छन् । सुत्केरीलाई नचोखाएसम्म अरु मानिससँग छुन तथा काम गर्न नदिई घरको न्यानो कुनामा राख्छन् । बच्चा जन्मेको छ दिनको दिनमा छैटी गर्ने पुरानो चलन भए तापनि अहिले त्यस्तो चलन हराइ सकेको बताउँछन् ।

यहाँको दरै जातिमा क्षेत्री, ब्राह्मण तथा अन्य समुदायको प्रभावको कारण जन्म संस्कारमा उनीहरुको छुट्टै विशेषता केही पाउन सकिएन । यस जातिमा बच्चा जन्मेको ३ दिनदेखि एघार दिनसम्म न्वारन गर्ने चलन छ । बेजोडी दिनमा यो कार्य गरिन्छ । कुनै कुनै दरैहरुले न्वारान गराउने काम ब्राह्मण पुरोहितको मद्दत लिने गरे पनि अधिकांश दरैहरुले भान्जा र ज्वाई चेलाबाट यो काम सम्पन्न गर्ने हुँदा न ाम पनि आजभोलि शिक्षाको प्रभावले गर्दा नयाँ आधुनिक खालको राख्ने प्रचलन बढ्न गएको छ । न्वारान सकिएपछि घरमा बोलाइएका नातेदार, इष्टमित्रहरु सबै मिली जाँड, रक्सी, मासु भात खान्छन् । बच्चा जन्मेको छोरा भए छ महिनामा र छोरी भए ५ महिनामा भात खुवाउने चलन रहेको पाइन्छ

। यसलाई अन्न प्रशन वा पास्नी भन्ने गरिन्छ । पास्नी गर्ने दिन जोरबार नै पारिन्छ (मिश्र, २०५७) । पास्नीमा आमा तर्फका हजुरबुबा अथवा हजुर आमाबाट गरिन्छ । यस अवसरमा आफ्ना नातागोता, इष्टमित्रहरुलाई बोलाएर विभिन्न किसिमका परिकारहरु जस्तै दाल, भात, तरकारी, अचार, मासु जाँड सबै मिलाई बच्चालाई शुरुमा कन्याको हातबाट र पछि अरुले खुवाइ दिने चलन छ । निम्तो मान्न जानेहरुले बच्चालाई भात खुवाउने र टिका लगाई नयाँ कपडा तथा उपहारहरु दिने गर्छन । निम्तो बोलाइएका पाहुनाहरुलाई आफ्नो हैसियत अनुसार खाना खुवाइ विदा गरिन्छ । कसै कसैको परिस्थिति हेरी न्वारानकै दिनमा जुठो लगाइ दिने पनि चलन रहेको छ (दिलमाया दरैसँगको अन्तरवार्ता) । अन्य हिन्दु धर्म मान्ने जातिहरुको जस्तै दरै जातिहरुको पनि छेवर गर्ने चलन रहेको पाइन्छ । छेवर गर्दा बालक जन्मेको ५ वर्षदेखि ९ वर्षभित्रमा गर्ने परम्परा छ । उपयुक्त दिन जुराइ मामाबाट गाइको गोठमा लगि काँसको कचौरा वा थालमा कपाल उठाइ लगेर फालिन्छ ।

### ५.३.२ विवाह

जन्मेदेखि मृत्यु पर्यन्त गर्नुपर्ने अनेकौ संस्कार मध्ये विवाह सबैभन्दा महत्वपूर्ण संस्कार मानिन्छ । उमेर पुगेका युवक-युवतीबीचको स्वभाविक चाहना, नयाँ घरजमको व्यवस्था र सन्तानवृद्धि जस्ता कार्यहरुको लागि जुनसुकै समुदायमा पनि विवाह एक महत्वपूर्ण उत्सवको रुपमा विकसित हुँदै गएको देखिन्छ । यहाँका दरै समाजमा विवाहको महत्व अधिक मात्रामा नै देखिन्छ । यिनीहरुमा हाडनाता, दुधनाता छलेर विवाह गर्ने सामान्य चलन छ । विशेष गरी यहाँका दरैहरुमा मागी र प्रेम (भगाउने) विवाह प्रचलनमा रहेको पाइयो । विवाह गरेर सन्तान वृद्धिद्वारा आर्थिक उन्नति हुने, सामाजिक रुपले सुरक्षित रहने र आफ्नो वंशलाई निरन्तरता हुने कुरामा दरै जातिहरु पनि उच्च जातका ब्राह्मण क्षेत्रीको जस्तै मान्यता राख्दछन् ।

केटा र केटीको अभिभावकको सहभागिताबाट विधिपूर्वक गरिने विवाहलाई मागि विवाह भनिन्छ । सामान्यतयाः घरको मुख्य अभिभावक केटीको घरमा गई माग्ने चलन छ । केटी निश्चित भएपछि केटा पक्षबाट जाँड, रक्सी, दाल, चामल, खसी र सुँगुर सहित लगनको दिन केटीको घरमा वरियात लिएर जान्छन् । आमा बाबुले आफ्नो क्षमता अनुसार दान-दक्षिणा दिने चलन छ । गोडा धुने, टीका लगाउने र दुलाहाले दुलहीलाई सिन्दुर हाल्ने चलन छ (मिश्र, २०५७) । दरै समाजमा भागी विवाहलाई प्रेम विवाह भनिन्छ । नेपाली

समाजमा प्रेम विवाह प्रथाले बढी नै महत्व पाउन थालेको छ । समयको बदलिंदो परिस्थितिले प्रेम विवाह गर्नु भनेको सामान्य भइसकेको छ । विशेष गरी पढेलेखेको र शिक्षित समाजमा प्रेम विवाह प्रथाले बढी नै महत्व पाउन थालेको छ । प्रेम विवाहमा आमा, वावु तथा अभिभावकको खासै कुनै भूमिका रहदैन । तर धेरै जसो परिवारमा उपयुक्त समय मिलाएर मान्न जाने चलन पनि रहेको छ । मान्न जाने क्रममा विवाह कै विधि अनुसार जन्ती सहित जाने र यथाशक्य दाइजो पनि ल्याउने प्रचलन रहेको छ ।

### ५.३.३ मुत्यु संस्कार

जन्मपछि मृत्यु अपरिहार्य हो तापनि मृत्युदेखि भयभीत हुने र त्यसबाट उम्कनका लागि मानवले हर प्रयास गरेको देखिन्छ । हिन्दु संस्कारको प्रभाव अधिक भए तापनि दरै जातिहरुको अनुसरण गर्ने मृत्यु संस्कारहरु केही हिन्दु पद्धति अनुसारका छन् भने केहीमा उनीहरुको आफ्नै फरक मान्यता पाइन्छ । मृत्यु घरभित्र हुनुहुँदैन भन्ने विश्वास दरैहरुको छ । त्यसैले धेरै बिरामी परेको व्यक्तिलाई प्रायः घरको बाहिर नै सुताई राखिन्छ । कसैको मृत्यु भएको समाचार सुन्ने बित्तिकै गाउँले, इष्टमित्र, दाजुभाइ, कुटुम्बहरु मृतकको घरमा जम्मा भई आवश्यक सामान जुटाई घाटतर्फ लगिन्छ । लासलाई छोराले दागवत्ती दिई कसैको घाटमा लगी गाडिन्छ भने कसैको जलाई अन्तिम दाह संस्कार गर्ने चलन छ । क्रियापुत्रीले कपाल खौरी सेती कपडा लगाउँछन् जुठो बार्ने क्रममा दाजु भाइ र नजिकका आफन्तहरुले नौ छाक नुन बार्ने चलन छ । जुठो तेह्रौ दिनमा समापन हुँदा दाजुभाइ, नजिकका नातेदार र मलामीहरुलाई बोलाई भोज खुवाईन्छ । मृतकका छोरा बुहारी र छोरीले पनि बर्खी बार्ने गर्दछन् यसरी वर्खी बार्दा अरु जातिले छोएको नखाने चलन छ भने माछा मासु खान रोकतोक हुँदैन । बर्खी वार्दा मानिस मरेको ४५ औं दिनमा बर्खी फुकाउँछन् । अन्य ठाउँका दरैहरुले जस्तै भादगाउँका दरैहरुले पनि आफ्ना दिवंगत भएका पितृहरुलाई तिहार नजिक पर्ने विहिबारका दिन मृतकको नाममा पिण्ड स्थापना गरी पुजा गरेर छोराले बर्खी फुकाउँछन् ।

दरै जातिहरुको किरिया बस्ने, पितृ राख्ने र जुठो फुकाउने, बरखी बार्ने र फुकाउने तरिका अन्य जातिको भन्दा अनौठो प्रकारको छ । दरैहरु मरेका मानिसको सम्झना गरी बाँसुरी बजाउने र नाँच्ने गर्दछन् । यसका लागि कुन-कुन बार के-के गर्ने भन्ने निश्चित मान्यताहरु छन् (मनुमाया दरैसँगको अन्तरवार्ता) ।

### ५.३.४ चाडपर्व र मनोरञ्जन

दरैहरु प्राय: हिन्दु धर्मावलम्बी भएकोले अरु हिन्दुहरुले मनाय जस्तै दशै, तिहार, साउने संक्रान्ति (जेठापावनी) होली (फगुवा), तीज, माघेसक्रान्ति जस्ता चाडपर्वहरु मनाउँछन् । यस जातिको महत्वपूर्ण चाड भनेको तिहार हो किनकी यो चाड वर्ष दिनभरी बोकेको जुठोबाट उम्कने दिन हो । यो चाडलाई 'सोहोराइ' भनिन्छ । कुनै मानिस मरेको वर्ष तिहारे औंसीको दिन सोहोराई खेलिन्छ । ब्राम्हण क्षेत्री जातका मान्छे मर्दा वर्ष दिनमा श्राद्ध गरे जस्तै उनीहरुले वर्षभरी मरेका मान्छेका घरमा तिहारे औंसीमा औंसीकै दिन वा एक वा दुई दिन अगाडि मरे पनि त्यहि दिन गहुँत खाएर चोखिएर सोहोराइ खेलिन्छ । सोहोराई खेल्दा दरै जातिका आफन्त भान्जाभान्जी, छिमेकी सबै भएर खेल्दछन् । यसो गर्दा खोलामा बालुवाको मूर्ति बनाउँछन् र कुशको मूर्ति बनाएर बालुवाको मूर्ति माथि राख्दछन् । जाँड, भाद्रो, रोटी र फेराको पातमा पकाएको पाप्रो रोटी पकाएर त्यस मूर्ति माथि राख्दछन् । त्यसै यस चाडमा टिन, बाँसुरी, डम्फु बजाई गीत गाउने र पिर्लेको घर बनाएर मृतकको घरबाट निकालेर नदीमा सेलाउने गर्दछन् ।

हिउँदका दिनहरुमा दरै वस्तीहरुमा युवायुवतीहरु एकै ठाउँमा भेला भई रोधी बसी नाँचगान गरी रमाइलो गर्दछन् । तर आजकल घरघरमा टी.भी तथा मोवाइलको सुविधाले यस्तो चलनमा कमी आएको देखिन्छ ।

### ५.३.५ स्वास्थ्य उपचार

स्वास्थ्य उपचार पनि सामाजिक पक्ष अन्तर्गत मानिन्छ । दरैहरु विरामी भएको अवस्थामा आफ्नो समुदायमा भएका 'गुराउ' कोमा फुक्न जाने प्रथा थियो । जब कोही बालबच्चा तथा ठूला मान्छे बिरामी हुन्थे त्यस्तो अवस्थामा उनीहरु अस्पताल जानुको सट्टा 'गुराउ' बाजेकोमा फुक्न जाने र विभिन्न खाले जडिबुटीहरु घोटेर त्यसको रस खाने तथा यसबाट विरामीहरु पनि सन्चो हुने गर्दथे । दरैहरु हेर्दा जति बलियो देखिन्थे उती नै भित्री रुपमा उनीहरु बलिया हुन्थे भनेर बुढापाका दरैहरु अझै पनि सुनाउने गर्दछन् । उनीहरु भन्छन् की अरु समुदायहरु दमौली तथा बेशीमा बसोवास गर्न सक्दैनथे रे किन कि त्यस

बेला औंलोको जगजगी तथा दमौली बजारमा गर्मीको कारणले अत्याधिक मात्रामा लामखुट्टे आउने गर्थ्यो । यसको डरले गर्दा अन्य जातका मानिसहरु दमौलीका आसपासका डाँडाहरु जस्तै मानुङ्ग, खुदी तथा गल्वुडाँडामा बसोबास गर्दथे । तर दरैहरु दमौलीका टारहरुमा बस्ने गर्दथे । त्यस बेलाका दरैहरुलाई औंलो नलाग्नुको मुख्य कारण उनीहरुको शरीर चिसो भएको कारणले गर्दा हत्तपत्त उनीहरुको शरीरमा रोग लाग्न सक्दैन थियो ।

आजभोली आधुनिकीकरण र शहरीकरणको विकासले गर्दा विभिन्न ठूला-ठूला अस्पतालहरु बनेका हुनाले दरै जातिहरु अस्पतालमा उपचार गर्न गए तापनि उनीहरुको पहिलो उपचार गुराउको घरमा गएर फुक्नु नै विशेष मानिन्छ ।

## ५.४ भादगाउँका दरै महिलाहरुको आय आर्जन

नेपाल कृषिप्रधान देश भएको हुनाले यहाँ बसोबास गर्ने अधिकांश मानिसहरु कृषि पेशामा नै निर्भर रहेको देखिन्छ । त्यसै गरी भादगाउँका दरै जातिहरुको मुख्य पेशा पनि कृषिनै रहेको पाईन्छ । पुर्खोली पेशा नदीमा डुङ्गा तार्ने, माछा मार्ने भए पनि विस्तारै उक्त पेशाबाट आफ्नो परिवारमा गुजारा चलाउन नसकिने भएपछि उनीहरुले कृषि कार्य गर्न थालेको पाइन्छ । आफ्नो प्रशस्त जग्गा जमिन नभएकाहरुले जमिन्दार तथा मुखिया साहुकोमा हलो जोत्ने र मजदुरी गर्ने गरेको पाईन्छ । यहाँका मानिसहरु कृषि पेशाको अलावा व्यापार व्यवसाय, नोकरी, पशुपालन आदि कार्यहरुमा पनि संलग्न रहेको पाईन्छ । दक्ष सिप र उच्च शिक्षाको कमिले अन्य रोजगार तथा अन्य रोजगार प्राप्त गर्नेको सङ्ख्या पनि थोरै छ भने वैदेशिक रोजगारका लागि विदेशीनेहरुको सङ्ख्या बढ्दो छ । प्रायः जसो नदी खोलाका किनार र टाँरहरुमा बसोबास गर्ने यस जातिका मानिसहरुले जाल बुनेर माछा मार्ने कार्य पनि गर्ने गर्छन । तर यहाँका दरै हरुले माछा मार्ने काम पेशाको रुपमा स्वीकार गर्दैनन् ।

### ५.४.१ कृषि

नेपाल एउटा कृषि प्रधान देश हो । त्यसैले यहाँका मानिसहरु प्राय कृषिमा नै आश्रित छन् । भादगाउँमा रहेका दरै वस्तीमा बस्ने दरैहरुले पहिलेदेखि नै कृषि कार्य गर्दै आएका र उनीहरुसँग प्रशस्त जग्गा जमिन रहेको कुरा बृद्ध दरैहरु बताउँछन् । पछि विस्तारै अन्य जातिहरुको वस्ती बढ्दै जाँदा र जनसङ्ख्या बृद्धिका कारण जमिन बेच्ने र टुक्रिने क्रम

बढेकाले हाल खेतीको लागि जमिनको कमी हुँदै गएको पाइन्छ । बढ्दो शहरीकरण सँगसँगै दरैहरुले आफुसँग भएको जग्गा जमिन अन्य जातिलाई बेच्न थाले । हाल आएर कतिपय दरैहरुसँग त जग्गा जमिन नै नरहेको अवस्था आउन थालिसकेको छ । नेपालमा खेती योग्य जमिन मध्ये तराई पछि पहाडी भेगका टार, वेशी र नदीका आसपासका थुप्रै समथर र उर्बराभूमि छन् । अध्ययन क्षेत्रमा रहेका खेती योग्य जमिनमा लगाइने मुख्य बालीमा धान, मकै, कोदो, मास, गहुँ र जौ हुन भने नगदेबाली तथा फलफुलहरुमा तेलहन, फलफुल, तरकारी, भुइकटहर, रुखकटहर, आँप, लिची पाइन्छन् ।

कृषिमा यहाँका दरैहरु मेहनतका साथ काम गर्छन । जसमा महिला पुरुषको उत्तिकै सहभागिता हुने गर्दछ । यहाँका दरैहरुले खाद्यबालीको रुपमा बढी मकै खेती गर्छन । त्यसपछि धान र गहुँको खेती गर्छन । आफुसँग भएको अन्नपात बेचेर पैसा पनि आर्जन गरेको पाइयो । मकै र कोदोबाट जाँड रक्सी बनाएर आफुहरु खाने तथा बिक्री गरेको पाइन्छ । शहरीकरण तथा आधुनिकीकरणका प्रभावले र बजार उन्मुख क्षेत्र भएको हुनाले यहाँका केही दरैहरु व्यापार व्यवसायतर्फ लागेको पाइन्छ । केही दरैहरु कृषिसँगसँगै विभिन्न संस्थाहरुमा पनि आबद्ध भएको पाइयो ।

**तालिका ५.८ : परम्परागत पेशाको आधारमा उत्तरदाताको विवरण**

| पेशा | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| कृषि | 97 | 92=4 |
| व्यापार | 8 | 7=6 |
| **जम्मा** | **105** | **100=0** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७३*

माथिको तालिकामा अध्ययन क्षेत्रका दरैहरु धेरै जसो कृषि कार्यमा संलग्न भए तापनि गुजाराका लागि कृषि पेशाले परिवारको निम्नतम खर्च धान्न नसकेपछि तथा शहरीकरण र आधुनिकीकरणका प्रभावले मानिसहरुलाई आवश्यक पर्ने विभिन्न किसिमका बिलासिताका सामान तथा सुख सुविधाका चाहनाले गर्दा कृषि बाहेक अन्य आम्दानीको स्रोतको खोजी गर्न थाले । यसैले नमुना घरधुरी १०५ मा जम्मा ८ अर्थात ७.६ प्रतिशत दरैहरु व्यापार व्यवसायमा छन् भने ९७ अर्थात ९२.४ प्रतिशत मानिसहरु कृषि पेशामा नै

संलग्न छन् । ८ जना व्यवसायीहरु मध्ये ३ जनाले निर्माण सम्बन्धीका सामग्रीका व्यापार गर्छन भने बाँकी मासु पसल किराना तथा सौन्दर्य सम्बन्धीका सामान बिक्री वितरण गर्ने गरेको पाइयो । अध्ययन क्षेत्रमा पुरुषभन्दा महिलाहरु खेतीपाती तथा पशुपालनमा लागेको देखियो । यस्तो देखिनुमा कतिपय पुरुषहरु वैदेशिक रोजगारी तथा अन्य पेशामा लागेको देखियो ।

### ५.४.२ पशुपालन

कृषि व्यवसायमा घरपालुवा पशुपंक्षीको महत्व रहेको हुन्छ । दुध घिउको लागि गाईभैसी र मासुको लागि बाखा, कुखुरा, सुंगुर, बंगुर, हाँस, परेवा, खरायो आदि पालिएको हुन्छ । गाईभैसी, बाखा, सुंगुर आदि मलको लागि पनि पालिन्छ । गोरु जोत्नको लागि पालिन्छ । यसर्थ पशुपालन कृषिको अभिन्न अंगको रुपमा देखिन्छ । सबै परिवारमा केही न केही वस्तुभाउ पाल्ने चलन छ । जमिन जोत्नका लागि चाहिने गोरु उत्पादनका लागि दरैहरुले गाइ पाल्ने गर्दछन् । दुई तीन दशक पहिलेसमम सौखिन दरैहरुले घोडा समेत पाल्थे तर आजकल कुनै पनि दरै वस्तीमा घोडा पाल्ने दरै भेट्न गाह्रो छ । औसत हरेक घरपरिवारमा पालिने जनावर सुंगुर र कुखुरा पनि हो । दरैहरु सुंगुरको मासु खुब मन पराउँदछन । आफुलाई मन लागेको बेलामा काँटेर खान सजिलो हुन्छ भन्ने सोचाइले गर्दा धेरै थोरै हरेक परिवारमा कुखुरा पाल्ने गरेको पाइयो भने पूजा आजाका लागि र देवतालाई बलि दिन र कोही बिरामी पर्दा पनि देवतालाई कुखुराको बलि चढाउनुपर्ने हुन्छ । प्राय जसो दरै परिवारहरुमा केही न केही वस्तुहरु (जनावर) पाल्ने गरेको पाइयो । मासुको लागि आवश्यकता पुरा गर्नका साथै यसैबाट आर्थिक लाभ समेत लिने गर्छन । कमजोर आर्थिक स्थिति भएका घर परिवारले आफ्नो नभएमा अरुको पशुहरु अधियाँ पाल्ने गर्छन । अध्ययन क्षेत्रका केही दरै महिलाहरुले सहकारी संस्थाबाट तथा अन्य संस्थाहरुबाट ऋण उपलब्ध गराइ कुखुरापालन गरेको तथा केही ले ऋण निकाली व्यापार व्यवसाय र वैदेशिक रोजगारीको लागि जाने गरेको पाइयो ।

अध्ययन क्षेत्रका दरै जातिको यो पशुपालन आम्दानीको दृष्टिकोणले राम्रो मानिन्छ । कृषि कार्यमा संलग्न हुने भएकोले प्रायजसो यस जातिमा पशुपालन गर्ने गरेको पाइन्छ भने मुख्य पेशा कृषि भए तापनि कृषिको सहायक पेशाको रुपमा पशुपालन व्यवसायलाई पनि

अंगालेको पाइन्छ । पशुपालनलाई नै मुख्य पेशाको रुपमा विकास गर्न सकिने कुरामा यिनीहरु त्यति आकर्षित भने देखिँदैन ।

### ५.४.३ खेती गर्ने तरिका

परम्परागत पेशा कृषि भएका दरैहरु आज २१औं शताब्दीमा आइपुग्दासम्म पनि उनीहरुको जनजीवन कृषिमा नै आधारित छ । पाखो जमिन धेरै भएका दरैहरुको खेतीपाती लगाउने समय चैत वैशाखमा सुरु हुन्छ । खेती लगाउन योग्य ठाउँमा मलजल, तथा जोत्ने काम भने पुस माघबाट शुरु गरिन्छ । पाखो बारीमा उब्जाइने अन्नपात मध्ये मकै प्रमुख मानिन्छ । यसका साथै घैया, धान, मास, गहुँ, कोदो, बोडी, तोरी, भट्टमास र अदुवा आदि हुन् । खेत धेरै हुने दरैहरुले आफ्नो खेतमा धान र गहुँ लगाउँछन् । त्यसैले ती दरैहरु अरु दरैहरुको तुलनामा आर्थिक स्तर बढी भएका दरैहरुमा गनिन्छन् । आफुसँग खेतीयोग्य जमिन कम भएका दरैहरुले धनी तथा प्रशस्त खेत हुनेहरुको जग्गा अधिया, ठेक्का लिइ खेती उब्जनी गरी आफ्नो गुजारा चलाएका हुन्छन् । खेतीपाती गर्ने प्रणाली चाही परम्परागत प्रणाली नै रहेको छ । खेतीपाती लगाउँदा गोरुले जमिन जोती लगाइन्छ भने आजकल विभिन्न आधुनिकीकरणका सामानहरुको विकास भएको हुनाले ट्र्याक्टर लगाएर खेतबारी जोत्ने थ्रेसर लगाएर धानहरु काट्ने झाट्ने काम गर्ने गरेको पाइन्छ ।

अध्ययन क्षेत्रका दरैहरुले पहिलेदेखि नै कृषि कार्य गर्दै आएका र उनीहरुसँग प्रशस्त जमिन रहेको बृद्ध दरैहरु बताउँछन् । पछि विसतारै अन्य जातिहरुको बस्ती बढ्दै जाँदा तथा जनसङ्ख्या बृद्धिका कारण जमिन बेच्ने र टुक्रिने क्रम बढ्दै गएको हुनाले खेतीयोग्य जमिन घडेरीको रुपमा परिणत हुँदै गएको हुनाले खेती लगाउने जमिनको कमी हुँदै गएको पाइन्छ । अन्य जातिको अतिक्रमण तथा स्वयम् दरैहरुले आफ्नो जग्गा बेच्दै घर बनाउने तथा घर व्यवहार चलाउने गरेको देखिन्छ ।

### ५.४.४ उत्पादित अन्नको मात्रा

यस क्षेत्रमा बसोबास गर्ने दरैहरुको जीविकोपाजर्नको मुख्य आधार कृषि नै हो । समथर जमिनमा  बस्ती रहेकाले कृषि तर्फको कार्य सरल र उत्पादनमूलक नै देखिन्छ । अन्य जातिको सामाजिक सम्पर्कका कारण तथा अन्य जातिको अतिक्रमण र जनसङ्ख्या बृद्धिका कारण खेती गर्नका लागि खेती योग्य जमिनको कमी भएकोले दरैहरुलाई आफ्नो उत्पादनले वर्षभरी खान पुग्दैन भने खेतबारी बेचबिखन नगरेका दरैहरुको आफुले खाए र

बेच्ने समेत गरेको बताउँछन् । खेतबारी नभएकाहरुले जीवन निर्वाहका लागि विदेश जान बाध्य हुनुपर्ने देखिन्छ । जमिनको प्रकृति फरक फरक हुने हुनाले उत्पादित अन्नको मात्रामा पनि फरक पर्ने हुन्छ । सिंचाइका अभाव भएका जमिनमा घैया मकै उब्जनी गरिन्छ भने सिचाइको सुविधा भएका ठाउँमा धान तथा अन्य खेती उब्जाउन सकिन्छ ।

अध्ययन क्षेत्रका दरैहरुले खाद्यबालीको रुपमा बढी मकै खेती गर्दछन् । त्यसपछि धान, गहुँको खेती गर्छन । आफुसँग बढी भएको खाद्यान्न बेचेर पैसा पनि आर्जन गरेको पाइन्छ । यिनीहरुले दालको लागि मास, मुसुरो, केराउ उत्पादन पनि गर्छन ।

**तालिका ५.९: आफ्नो उत्पादनले परिवारलाई खान पुग्ने अवधिको आधारमा उत्तरदाताको विवरण**

| उत्पादनले धान्ने अवधि | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १-३ महिना | 34 | 32=4 |
| १-६ महिना | 32 | 30=5 |
| ७-१२ महिना | 11 | 10=5 |
| वर्षभरी खाएर बेच्न पुग्ने | 28 | 26=7 |
| **जम्मा** | **105** | **100=0** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७३*

माथिको तालिकामा उक्त दरै समुदायका सम्पूर्ण मानिसहरु कृषि कार्यमा संलग्न भए तापनि गुजाराका लागि कृषि पेशाले परिवारको लागि खर्च धान्न नसकेपछि तथा राम्रो लगाउनपर्ने, मिठो खानुपर्ने र विभिन्न किसिमका सामानहरुको आवश्कयता पर्ने हुनाले कृषि बाहेक त्यसको विकल्पमा अन्य आम्दानीको स्रोत खोजी गर्न थाले । कसैले आफ्नो खेतीयोग्य जमिन कम भएको हुनाले कम जग्गाबाट कम उत्पादन गर्छन । १-३ महिनासम्म खान पुग्ने कृषक दरैहरुको सङ्ख्या ३४ अर्थात ३२.४ प्रतिशत रहेको छ । ४-६ महिनासम्म पुग्नेको सङ्ख्या ३२ अर्थात ३०.५ प्रतिशत छ । ७-१२ महिनासम्म खान पुग्ने ११ अर्थात १०.५ प्रतिशत रहेको छ भने आफ्नो जग्गा जमिन प्रशस्त भएका दरैहरुले वर्षभरी खाएर बढी भएको अन्न बेचेर आर्थिक आम्दानी गर्नेको सङ्ख्या २८ अर्थात २६.७ प्रतिशत रहेको

छ । अन्य जातिको बढ्दो बसाइ तथा जमिन टुक्रिने र बेच्ने क्रम बढेकाले जमिनको कमी हुँदै गएको छ ।

अध्ययन क्षेत्रका जमिनमा राम्रो फसल हुने भएकोले थोरै भएपनि उत्पादन राम्रै हुने तर यस जातिले अन्नहरु बढी मात्रामा जाँड रक्सी बनाउने भोजभतेरमा बढी खर्च गर्ने प्रवृत्तिका कारण तथा अधिकांश दरैहरुको घरमा जाँड नभई नहुने हुनाले उनीहरुले आफ्नो उत्पादनले धेरै समय धान्न नसक्ने अवस्था रहेको पाइन्छ ।

### ५.४.५ व्यापार

नेपाल एक कृषि प्रधान देश भएकोले अधिकांश मानिसहरु कृषिमा आधारित हुनु स्वभाविकै हो । हाम्रो देशमा व्यापारमा संलग्न हुनेहरुमा शुरु देखि नै नेवार जाति अग्रस्थानमा आउँछन् भने अन्य जातिहरुले आजभोलि व्यापारलाई रोजगारीको विकल्पको रुपमा अपनाउन थालेको पाइन्छ । अहिलेको बेरोजगारी समस्या र प्रतिस्पर्धात्मक युगमा व्यापारतर्फ लाग्नेहरुमा आर्य जातिका मानिसहरु पनि भेटिन्छन् । दरै जातिहरु भने कमै मात्रामा व्यापारतर्फ लागेको पाइन्छ । दक्ष क्षमता तथा व्यापारिक ज्ञान सीपको कमी र आर्थिक लगानी गर्न नसक्नु नै मुख्य कारण देखिन्छ । आर्थिक विपन्नताका कारण व्यापार व्यवसायमा नलागे पनि सबैले आफ्ना घरबाट केही न केही वस्तुहरु बिक्री गरेका हुन्छन् । यस्ता वस्तुहरु कृषिबाट उत्पादन हुने अन्न, दाल र तरकारी पर्छन र पशुपालनबाट उत्पादन हुने बाख्रा, कुखुरा, सुँगुर, बंगुर जस्ता पर्छन ।

अध्ययन क्षेत्र तनहुँको सदरमुकाम दमौली बजार नजिक भएकोले तथा शहरीकरणको प्रभावले गर्दा भादगाउँका दरैहरु पनि व्यापार व्यवसायमा लागेको देखिन्छ । नमुना घरधुरी १०५ घर परिवारमा ८ घर परिवारले व्यापार व्यवसाय गरेको पाइयो । दिलबहादुर दरै वर्ष २७ को हार्डवेयर पसल (निर्माण सम्बन्धी) रहेको छ । महेन्द्र दरै र कमल दरैको गिटी, बालुवा, ढुंगा सप्लाई आदि गरी आफ्नो व्यवसाय संचालन गरेका छन् । शम्सेरलाल दरै, अन्जना दरै, मनिषा दरैको किराना पसल तथा मासु पसल रहेको भने संगिता दरै र उमा दरैको सौन्दर्य सम्बन्धी सामान बिक्री वितरण गर्ने गर्छन । व्यापारमा संलग्न दिलबहादुर दरै र शमसेरलाल दरै आफ्नो पेशाप्रीत सन्तुष्ट नभएको पाइयो किनकि स्थानीय ठाउँमा व्यापार गर्दा उधारोमा सामान बिक्री हुने र असुली गर्न कठिन पर्ने कुरा बताउँछन् ।

**वैयक्तिक अध्ययन १**

व्यास नगरपालिका वडा नं. १ मा बसोबास गर्दै आइरहेको उमा दरै सफल व्यापारी भएर रहेकी छिन् । उनले कक्षा ८ सम्मको अध्ययन पुरा गरेकी छिन् । पोखरीभञ्ज्याङ्बाट ( हाल व्यास न.पा. वडा नं. १) भादगाउँमा बुहारीको रुपमा भित्रिएकी उमाको दिनचर्या पधेंरो, वन, जंगल, खेतीपाती, मेलापात तथा घरको काममा मात्र सीमित थियो । उनी दुई छोरीकी आमा थिइन । मेलापात जाँदा बच्चाहरुको हेरचाह सासुससुराले गर्ने उमाको श्रीमान सामान्य अरुको पसलमा सामान बेच्ने काम गर्दथे । त्यसैले उनलाई छोरीहरु हुर्काउन र संगोलमा बसेर काम गर्न गाह्रो भइ रहेको थियो । दिउँसो मेलाको काम, घर आएपछि खाना बनाउने, भाँडा माझ्ने, बच्चाको स्याहारसुसार गर्दै दिन बिताइरहेको उमा २०६४ सालमा छाब्दी बाराही सहकारीमा सदस्य भइन । अब केही न केही गर्नुपर्दछ भनी सहकारीबाट ५ लाख ऋण झिकी घर निर्माण सम्बन्धीका सामानहरु, फर्निचरका सामानहरु जस्ता सामानहरु राखी व्यापार गर्न थालिन । व्यापार बिस्तारै राम्रो चल्दै गयो । यही व्यापारबाट आम्दानी गरी पक्की घर निर्माण गरिन । दुई छोरीहरुको पढाइ खर्च, घर व्यवहारमा चाहिने सामानहरु खरिद गर्नलाई यसैबाट आएको आम्दानीबाट चलिरहेको छ भने सहकारीबाट निकालेको ऋण पनि किस्ताबन्दीमा घटाएर अहिलेसम्म चुक्ता गरी सकिन । उनी आफ्नै इच्छा र श्रीमानको सल्लाहका कारण संस्थामा आबद्ध भइन । अहिले आफ्नो टोलका दिदीबहिनीहरुलाई पनि आमा समूह तथा सहकारी संस्थामा सदस्य बनी बचत गर्ने बानी बसाल्नु पर्दछ भनी सल्लाह दिन चाहन्छिन् ।

### ५.४.६ उद्योगधन्दा

नेपाल एउटा सानो गरिब राष्ट्र हो । प्रकृतिले भरिपूर्ण भएको देश जहाँ बहुरत्न खोलानाला, नदी, हरियाली जंगल जहाँ प्रशस्त मात्रामा जडिबुटीहरु प्राप्त गर्न सकिन्छ । मनोरम देखिने हिमाल पहाड, ताल तलैया तथा खनिजतत्वले भरिपूर्ण रहेको छ तर साधन र स्रोतको अभावले गर्दा यस्ता बहुमूल्य चिजबिजलाई उपयोगमा ल्याउन सकिएको छैन । बेरोजगारी र दक्ष क्षमताको कमिले गर्दा आफ्नो देशमा केही गर्न नसक्ने अवस्था भएकोले वर्षेनी लाखौं युवाहरु खाडी तथा अन्य मुलुकमा जाने एउटा प्रथा नै जस्तो हुँदै आएको छ ।

आर्थिक अवस्था राम्रो नहुनु तथा दक्ष जनशक्तिको अभावले गर्दा पर्याप्त मात्रामा कच्चा पदार्थ हुँदाहुँदै पनि उद्योगधन्दाहरु खुल्न सकेका छैनन् । उद्योगधन्दाहरु खुलेपनि मन्दगतिमा चलिरहेका छन् ।

उद्योगधन्दाको विकास बिना राष्ट्रको विकास र रोजगारीको सम्भावना देखिदैन । देशको राजनैतिक अस्थिरता, विश्वव्यापीकरण, नेपालमा औद्योगिक लगानीका लागि उपयुक्त नीति एवं आर्थिक व्यवस्थापन नहुनु जस्ता विविध कारणले गर्दा विगतमा राम्रै उत्पादन गरेका कतिपय उद्योगधन्दाहरु बन्द हुने अवस्थामा पुगेको छ । अध्ययन क्षेत्रमा रहेका दरै वस्तीमा स-साना सीपमूलक व्यवसाय पहिलेदेखि नै सञ्चालनमा रहेको छ र हालसम्म पनि केही बृद्धबृद्धाहरुले त्यस कार्यलाई निरन्तरता दिँदै आएको पाइन्छ । घरायसी प्रयोगका लागि चाहिने नाम्लो, डोको, डोरी, कुचो, भकारी, थुम्से, छत्री, कोक्रो, मान्द्रो, सोली आदि जस्ता सामानहरु आफ्नो सीपबाट तयार पारी बिक्री वितरण गर्ने गर्दछन् । महिलाहरुले सुइटर बुन्ने, कपडामा बुट्टा हान्ने, रुमालमा बुट्टा हान्ने, गुडिया बनाउने, उनबाट विभिन्न किसिमका गमला फुल बनाउने गर्दछन् भने कसैले माछा मार्ने जाली, झ्याल, ढोका, ठेकी, दराज, बेन्च, कुर्ची, पलङ साथै काठका बुट्टा भर्ने काम गर्दछन् ।

### ५.४.७ नोकरी तथा वैदेशिक रोजगारी

नोकरीलाई मर्यादित पेशा र सरल जीवनयापनको लागि सबभन्दा उत्तम पेशा मान्ने गरिन्छ । नेपालमा जागिर वा नोकरी गर्नुलाई सम्मानित पेशाको रुपमा हेरिन्छ । नेपालमा ठूला ठूला कलकारखानाको सङ्ख्या पर्याप्त नभएको हुनाले तथा दक्ष जनशक्तिको अभावले गर्दा रोजगारीको अवस्था सिर्जना हुन सकेको छैन । नेपालमा रोजगारीको क्षेत्र सीमित छ । उद्योगधन्दा कलकारखानाको विकास हुन सकेको छैन भने अर्कोतर्फ विभिन्न सरकारी कार्यालय, सेना प्रहरी शिक्षक लगायतको क्षेत्रले बढ्दो रोजगारीलाई थेक्न नसक्ने हुनाले वर्षेनी लाखौं युवापिढीहरु विदेश पलायन भइरहेका छन् । स्वदेशमा सरकारी सेवामा कार्यरत कर्मचारीहरु आफ्नो तलबले परिवारको सम्पूर्ण खर्च धान्न मुस्किल हुने कुरा बताउँछन् ।

नेपालमा पाइने रोजगारीको क्षेत्रमा योग्यताको निश्चित मापदण्ड आवश्यक पर्ने हुनाले र आफुमा कुनै किसिमको सीप नभएकोले अध्ययन क्षेत्रका दरैहरु रोजगारीमा धेरै देखिदैनन् । शैक्षिक योग्यता भएका व्यक्तिको सङ्ख्या कमी तथा कडा प्रतिस्पर्धामा उत्रन नसक्नाको कारणले यस क्षेत्रका दरैहरु जागिर प्राप्त गर्ने कुरामा पछाडि परेका छन् । भारती

सेनामा सेवा अवधि पुरा गरी बसेका हिरालाल दरैसँगको अन्तरवार्ता देशको राजनैतिक अस्थिरता दलीय स्वार्थ, नातावाद, कृपावाद, भ्रष्टाचारको कारणले स्वास्थ्य प्रतिस्पर्धा भई सक्षम मानिसले रोजगारी प्राप्त गर्ने नसक्ने वातावरण बढिरहेको छ । यस क्षेत्रमा सरकारी सेवामा कार्यरत दरैहरुमा कृषि सेवा अन्तर्गत अधिकृत थमबहादुर दरै, वन विभाग तर्फ नरबहादुर शिक्षण पेशा अपनाउदै आएका इन्द्रबहादुर दरै, मैया दरै रहेका छन् । (तमबहादुर दरैसँगको अन्तरवार्ता) व्यास नगरपालिका १ स्थित भादगाउँमा बसोबास गर्ने नमुना घरधुरी १०५ घर परिवारका ५३६ जनसङ्ख्या मध्ये साक्षर महिलाहरु ४७ जना, कक्षा १० पढेका २३ जना, एसएलसी पास ११, +२ पास १२ जना र स्नातक भन्दा माथि योग्यता भएका जम्मा ४ जना महिला छन् । यसबाट के पुष्टि हुन्छ भने केही पढे लेखेका दरै महिलाहरु सरकारी तथा गैर सरकारी सेवामा आबद्ध छन् भने ४०/४५ उमेर कटेका प्रौढ र उमेर नपुग्दैमा सानैमा बिहे गरी पढाइ छोडेका केटीहरुको सङ्ख्या पनि कम देखिँदैन । समग्रमा हेर्दा यहाँका दरैहरुको आर्थिक गतिविधि नोकरीमा भरपर्ने सङ्ख्या अति नै न्यून रहेका छ भने व्यापार र स्वरोजगारमा लाग्न नसक्नुको कारण निर्देशित प्रवृत्ति बढ्दो रहेकोले नेपालको रोजगारीको ठूला क्षेत्र कृषि भए पनि राज्यको ध्यान कृषिको विकास र व्यवसायीकरण तर्फ जान नसकेको कारणले परम्परागत कृषि प्रणालीले वर्तमान युवा पिंढीलाई आकर्षित गर्न सकिरहेको छैन ।

### ५.४.८ पेन्सन

शैक्षिक योग्यता अगाडि बढाउन नसकेका तथा सरकारी कार्यालयहरुमा रोजगार नपाएका दरैहरु बृद्ध अवस्थामा काम गर्न नसकिने, विदेशमा गएर पनि दुःख गर्न नसक्ने अवस्था हुन्छ । त्यो समयमा धरैमा बसी सामान्य जीवनयापन बिताउन सकियोस् भनेर सेनामा जागिर खाएका हुन्छन् । कोही भारती सेनामा आबद्ध छन भने कोही नेपाली सेना र प्रहरीमा सेवारत छ । त्यसैले त्यस्ता व्यक्तिहरुले सेवा अवधि पुरा गरी निवृत्त भएपछि पेन्सनको रुपमा पैसा पाउँछन् । त्यस पैसाले आफ्नो घर परिवारमा हुने खर्च चलाउन सकिने बताउँछन् । श्रीमानको मृत्युपछि श्रीमतीले पनि यो सेवा पाउने व्यवस्था छ । त्यसैले अध्ययन क्षेत्रका दरै महिलाहरुले कृषिको अलावा आफ्नो श्रीमानको मृत्युपछि पनि पेन्सन प्राप्त गरी आफ्नो जीविका चलाउँदै आएको कुरा व्यक्त गर्छन् ।

### ५.४.९ मुख्य पेशा

आदिवासी दरै जातिको मुख्य पेशा कृषि र पशुपालन हो । प्रायः जसो नदी खोलाका किनार र टारहरुमा बसोबास गर्ने यस जातिका मानिसहरुले जाल बनेर माछा मार्ने काम पनि गर्ने गर्छन । तर यहाँका दरैहरु माछा मार्ने कामलाई पेशाको रुपमा स्वीकार गर्दैनन् । कृषिका अतिरिक्त जागिर खान अथवा अन्य ठूला व्यापार व्यवसायमा संलग्न दरैहरु एकदमै थोरै छन् । जनसङ्ख्याको बृद्धि, जमिनको खण्डीकरणका साथै जमिन बेच्ने प्रवृत्तिले गर्दा उब्जनी हुने जग्गामा कमी आएको छ । उनीहरुको दैनिक जीवनमा आवश्यक पर्ने घरायसी सामग्रीहरु उनीहरु आफैले तयार गर्ने गर्दछन् । जस्तो बाँसबाट बन्ने सामग्रीहरु डोको, छत्री, टोप, डेली, धवेरी (माछा मार्ने सामान) इत्यादि त्यस्तै कुचो, गुदको गुन्द्री, ढकिया इत्यादि आफै तयार गर्ने गर्दछन् । यिनीहरुले हलो, जुवा, नाम्लो पनि आफै तयार गर्ने गर्दछन् । दरैहरुले आफ्नो खानामा जाँडको अत्याधिक प्रयोग गर्ने गर्दछन् । त्यसको लागि चाहिने बुटी (मर्चा) आफै तयार गर्ने गर्दछन् । तर आधुनिकीकरणको विकासक्रम सँगै दरै जातिले आफ्नो हस्तकलाको सीपलाई व्यापारिक बनाउन सकेनन् र नयाँ पुस्तामा पनि हस्तान्तरण हुन सकेन् ।

आर्थिक रुपले शुरुवातमा धेरै जग्गा जमिन भएका दरैहरु पछि गएर अन्य जातिको अतिक्रमण र शोषणका कारण क्रमशः आश्रित र भूमिहिन बन्दै गए जबकि औंलो उन्मुलन अघि नदी किनार फाँटहरुका मालिक दरैहरु नै थिए । बढ्दो परिवार सङ्ख्या, सीमित खेतीयोग्य जमिन, परम्परागत कृषि प्रणाली, आफुसँग उब्जनी हुने जग्गाको कमी हुनेहरुले अर्काको खेत कमाइ खानुपर्ने, खानको लागि घर व्यवहार चलाउनका लागि जग्गा जमिन समेत बेच्नुपर्ने हुँदा क्रमशः गरिब बन्दै गएका दरैहरु नगद आर्जन र परिवार पाल्नका लागि भारत तथा अन्य खाडी मुलुकतर्फ जाने क्रम बढ्दो छ । यहाँका दरैहरुको पहिले प्रशस्त जमिन भएको तर हाल आएर अन्य जातिको बसाइसराइ र अतिक्रमणले क्रमशः उनीहरुको जग्गा जमिन घट्दै टुक्रदै गएको पाइन्छ । खेतीपाती सँगसँगै पशुपालन पनि दरैहरुको सहायक पेशाको रुपमा लिइन्छ । दरैहरुले गाइ, गोरु, भैंसी, बाख्रा, सुँगुर, हाँस पाल्ने गर्दछन् । कुखुरा, सुँगुर, मासुका लागि र गाई खेत जोत्ने गोरुका लागि पाल्ने गर्दछन् । खेतीपाती पशुपालन बाहेक आजकल शहरीकरण र आधुनिकीकरणका प्रभावले विभिन्न किसिमका बिलासिताका सामानहरुको आवश्यकता पर्ने, रहनसहन र लगाइ खुवाइमा आएको परिवर्तन

तथा अन्य भौतिक सामानहरुको आवश्यकता पुरा गर्नका लागि कृषि पेशाबाट मात्र गुजारा चलाउन नसकिने भएको हुनाले आजकल दरैहरुले खेतीपाती बाहेक विकल्प पेशाको रुपमा व्यापार व्यवसायलाई लिने गरेको पाइन्छ । कोही उद्योग कलकारखानामा काम गर्छन, कोही नेपाली सेना, कोही भारती सेना, शिक्षण तथा वैदेशिक रोजगारीको लागि विदेशतिर पलायन हुने गरेको देखिन्छ । कोही सरकारी तथा गैर सरकारी संस्थातर्फ संलग्न भइ सेवारत देखिन्छन् ।

**तालिका ५.१०: परिवारको मुख्य पेशाको आधारमा उत्तरदाताको विवरण**

| पेशा | सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| कृषि | 74 | 70=4 | शुद्ध कृषि कार्य गर्ने |
| व्यापार | 21 | 20 | कृषिसँगै व्यापार |
| पशुपालन | 10 | 9=6 | कृषिसँगै पशुपालन |
| **जम्मा** | **105** | **100=0** | **जम्मा** |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७३*

माथिको तालिकामा मुख्य पेशा कृषि भएका दरैहरुको सङ्ख्या ७४ अर्थात ७०.४ प्रतिशत रहेको छ । मुख्य पेशा कृषि भए तापनि कृषिले मात्र परिवारको निम्नतम खर्च धान्न नसक्ने भएको हुनाले विकल्प पेशाको रुपमा कृषि सँगसँगै व्यापार गर्ने गरेको पाइयो भने कसैले व्यापार मात्र संचालन गर्ने गरेको देखिन्छ । त्यस्तै पशुपालन पनि कृषि पेशाको सहायक पेशाको रुपमा लिने गरेको पाइन्छ । पशुपालनबाट पनि आर्थिक क्षेत्रमा सहयोग हुने तथा घर व्यवहार चलाउन सजिलो हुने हुनाले आफुलाई बढी भएको अन्न तथा वस्तुभाउ बेची आफ्नो आम्दानी गर्ने गरेको देखिन्छ ।

## ५.५ सामाजिक तथा आर्थिक क्षेत्रमा आएको परिवर्तन

व्यास नगरपालिकाको वडा नं. १ आफैमा परिवर्तित र विकसित स्वरुप हो । भूत, वर्तमान र भविष्य कोर्दै यस वडाले समय अन्तरालमा निकै फड्को मार्दै आजको यस विकसित र आधुनिक वडाको रुपमा आफुलाई चिनाउन सफल भएको छ । यस वडामा विभिन्न जातजाति, भाषाभाषी र धर्मावलम्बीहरुको बसोबास रहेको छ । जातिको आधारमा

कुरा गर्ने हो भने यस वडामा ब्राह्मण, क्षेत्री, दरै, नेवार, गुरुङ, मगर, तामाङ, दमाई, कामी, सार्की, घर्तीहरु बसोबास गर्छन भने धर्मको आधारमा हिन्दु, बौद्ध, मुस्लिम, इसाइहरुको बसोबास रहँदै आएको छ । विभिन्न जातजाति र धर्मका मानिसहरु भएतापनि धार्मिक सहिष्णुता कायम गर्दै भाइचाराको सन्देश छर्दै अगाडि बढिरहेको पाइन्छ । विभिन्न जाति र धर्ममा आबद्ध समुदायहरु आ आफ्नो मौलिक परम्परा र रीतिरिवाज मान्दै आएका छन् । अन्य जातिका समुदायको बाहुल्यता भए तापनि पहिला आफ्नो किसिमको विशिष्ट संस्कृति, रहनसहन, भाषा, भेषभुषा, सीप, लवाइखवाइ रहेको दरै जातिको नै बाहुल्यता थियो ।

परम्परागत शैलीमा निर्माण गरिएको दरै जातिको घरहरु काठ, बाँस, माटो र खरले छाएको गोलाकार पिरामिड शैलीको हुने गर्दथ्यो । जसलाई घुमाउने घर भनिन्थ्यो । आजभोलि यस्ता घरहरु व्यास न.पा. वडा नं. १ भादगाउँमा लोप भइसकेको छ । आधुनिक पक्की घरहरु निर्माण भएका छन् । दरैहरुको परम्परागत पेशाको सीमित आम्दानीले परिवार चलाउन गाह्रो हुने भएकोले विकल्प पेशाको खोजी गर्नुपर्ने अवस्था आएको छ । गाउँलेले आफैले गर्ने कामहरुका लागि अब ठूलो रकम चाहिने भएको छ । उदाहरणको लागि केही दशक पहिलेसम्म गाउँमा कसैको घर बनाउनु पर्दा वनमा काटेको काठ घरमा ल्याउन सघाउँथे, कसैले माटो मुस्ने, कसैले पानी बोक्ने, कसैले गारो लगाउने गरी सबै जनाको सहयोगबाट घर निर्माण हुन्थ्यो तर आजकल धमाधम सिमेन्टको घर बन्दैछन् । नयाँ नयाँ आधुनिकीकरणका प्रविधिहरु भित्रिएका छन् । त्यस बारे कम शिक्षा लिएका दरैहरु धेरै अनविज्ञ छन् । त्यसैले यस्ता उनीहरुको परम्परागत सघाउने कार्य छाडिसकेका छन् । निर्माणका लागि तथा अन्य कार्यहरु संचालनका लागि चाहिने आवश्यक रकम जुटाउन उनीहरुको परम्परागत शैलीको काम र खेतीपातीले सम्भव छैन । जानेर नजानेर, सकेर नसकेर उनीहरुले नयाँ प्रविधि भित्र्याउन नयाँ अर्थव्यवस्था अनुसार चल्नका लागि धेरै दरैहरुले आफ्नो भएको जमिनहरु बेच्न बाध्य बन्दैछन् भने कोही नयाँ कामको खोजीमा देश विदेशतिर लाग्न थालेका छन् ।

नेपालमा अन्य जातजाति सरह सामाजिक र भौतिक जीवनमा हरेक पक्षमा दरैहरु पनि परिवर्तनको अनुभूति गर्दैछन् । यातायात र संचारका माध्यमबाट विभिन्न ठाउँमा बसोबास गर्ने दरैहरुसँग भेटघाट हुने, संगठन हुने, आफ्नो सांस्कृतिक पहिचानका लागि सचेत हुने अवसर मिलेको छ तैपनि आफ्नो अस्तित्वलाई जोगाइ राख्न उनीहरुलाई गाह्रो परेको छ । आधुनिकीकरण, शहरीकरण र पश्चिमाकरणले ल्याएको परिवर्तनको प्रत्यक्ष प्रभाव

उनीहरुमाथि पनि परेको छ । उनीहरुको लवाइखुवाइमा परिवर्तन आएको छ, रहनसहनमा परिवर्तन आएको छ । महिलाहरु शिक्षित बन्दैछन् । कोही सरकारी तथा गैरसरकारी क्षेत्रमा संलग्न छन् भने कोही देश विदेशतिर लाग्दैछन् । यातायात तथा संचारको सुविधा पुगेका ठाउँका दरैहरुले टि.भी., इन्टरनेट उपयोग गर्दै आएका छन् । नयाँ चिजविजहरुको खरिद र प्रयोगका साथै नयाँ चुनौती सामना गर्ने र नयाँ आर्जनको बाटो पनि समात्न थालेका छन् । अध्ययन क्षेत्र भादगाउँमा टेलिफोन, विद्युत, ढल नाला, बाटोघाटो तथा खानेपानीको राम्रो प्रबन्ध रहेको छ भने दरै जातिको पेशा कृषि र पशुपालन भए तापनि समय र परिस्थिति अनुसार विभिन्न किसिमका कामहरु जस्तै ड्राइभर, घर वायरिङ, शिक्षक, मिस्त्री, ठेकेदार, मजदुर, व्यापार तथा अन्य नोकरी गर्दै आएका छन् । नयाँ व्यवस्थामा समाहित हुने क्रममा उनीहरुको सामाजिक, धार्मिक, राजनैतिक तथा आर्थिक जीवन पद्धतिमा परिवर्तन आइसकेको छ र पहिले भन्दा अझै द्रुत गतिमा परिवर्तन आउँदैछ ।

### ५.५.१ शिक्षामा आएको परिवर्तन

शिक्षा ग्रहण गर्नु भनेको चेतनाको विकास गर्नु हो । जीवन निर्वाहको आधारशिला निर्माण गर्नु हो, अनुशासनको आधारशिला हो । यसका माध्यमबाट मानिसलाई पहिचान गर्न सकिन्छ । जोसँग शिक्षा छ उसले जीवन र जगतका बारेमा ज्ञान लिन सक्दछ । जोसँग शिक्षा छैन उसले वास्तविकताको ज्ञान गर्न सक्दैन । वर्तमान शिक्षाको अवस्थाले भोलिका पिँढीहरुको अवस्थालाई जनाउने गर्दछ । आदिवासी दरै जातिहरु प्राचीनकालदेखि नै शैक्षिक रुपले उच्च तहसम्म पुग्न नसकेको अवस्था छ । अध्ययन क्षेत्रका नमुना घरधुरी १०५ घर परिवारका करिब ५३६ जनसङ्ख्या मध्ये विद्यालय जाने उमेरका बालबालिकाहरु सम्पूर्ण विद्यालय जाने गरेको पाइयो । माध्यमिक शिक्षा हासिल गरी उच्च तहसम्म अध्ययन गर्ने दरै महिलाहरुको सङ्ख्यामा बृद्धि आएको छ ।

अध्ययन क्षेत्रभित्र रहेका एउटा क्याम्पस, दुईवटा उच्च माध्यमिक विद्यालय, दुईवटा निजी माध्यमिक विद्यालय, दुईवटा बाल विकास केन्द्र भएको यस ठाउँमा हेर्दा वर्तमान अवस्थामा यस जातिमा विद्यालय र क्याम्पस जाने युवाहरुको सङ्ख्या बढ्दो देखिन्छ । पहिलेको तुलनामा यस जातिमा शिक्षित महिलाहरुको सङ्ख्यामा निकै बृद्धि भएको पाइयो । त्यसैले शिक्षित मध्येका कोही महिलाहरु शिक्षण पेशामा संलग्न छन् भने कोही बैंकमा, कोही व्यापार व्यवसाय तथा कोही विभिन्न संघसंस्थामा आबद्ध छन् ।

**तालिका ५.११: रोजगारीको अवस्थाको आधारमा उत्तरदाताको विवरण**

| रोजगारीको अवस्था | सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| रोजगारी गर्ने | 16 | 15=2 | |
| रोजगारी नगर्ने | 85 | 81=0 | |
| अनुत्तरित | 4 | 3=8 | |
| **जम्मा** | **105** | **100=0** | **जम्मा** |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७३*

माथिको तालिकामा अध्ययन क्षेत्रका दरै महिलाहरुलाई रोजगारी गर्नुहुन्छ कि गर्नुहुँदैन भन्ने प्रश्नबाट रोजगारी गर्ने १६ जना अर्थात १५.२ प्रतिशत छन् । रोजगारी नगरी कृषि तथा पशुपालन तथा अन्य घरायसी काम गर्नेको सङ्ख्या ८५ अर्थात ८१ प्रतिशत रहेको छ भने आफ्नो व्यक्तिगत कुरा खुलाउन नचाहने महिलाहरुको सङ्ख्या ४ जना अर्थात ३.८ प्रतिशत रहेको छ । यसरी हेर्दा अध्ययन क्षेत्रका महिलाहरु शिक्षाको तथा रोजगारको क्षेत्रमा विस्तारै समावेश हुँदै गएको देखिन्छ ।

**तालिका ५.१२: रोजगारीको किसिमको आधारमा उत्तरदाताको विवरण (जनसङ्ख्या १६)**

| रोजगारीको किसिम | सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| सरकारी सेवा | 8 | 50=0 | |
| निजी सेवा | 8 | 50=0 | |
| **जम्मा** | **16** | **100=0** | **जम्मा** |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७३*

माीथको यस तालिकाबाट के स्पष्ट हुन्छ भने दरै महिलाहरुले पनि शिक्षालाई निरन्तरता दिई सरकारी तथा निजी सेवामा कार्यरत रही सेवा गरेको पाइयो । नमुना घरधुरी १०५ घर परिवारका महिलाहरु मध्ये १६ जना मात्र रोजगारी गरेको पाइयो । जम्मा जनसङ्ख्यामा १६ जना रोजगारी गर्नु भनेको त न्यून सङ्ख्यामा नै गनिन्छ तैपनि निरक्षर

दरै महिलाहरुमा यी महिलाहरु रोजगारी हुनु पनि राम्रो उपलब्धि हो भन्ने हाम्रो बुझाइ हो । १६ मध्ये बाँकी महिलाहरु जाँडरक्सी बनाई बेची आर्थिक लाभ गर्ने, खेतीपाती तथा पशुपालन गरी आफ्नो गुजारा चलाउँदै आएको पाइन्छ ।

**तालिका ५.१३: मासिक आम्दानीको आधारमा उत्तरदाताको विवरण**

| मासिक आम्दानी | सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १० हजार | 14 | 13=3 | |
| १०-२० हजार | 64 | 61=0 | |
| २०-३० हजार | 16 | 15=2 | |
| ३० हजारभन्दा धेरै | 11 | 10=5 | |
| **जम्मा** | **105** | **100=0** | **जम्मा** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७३*

माथिको तालिकामा अध्ययन क्षेत्रका दरै महिलाहरुको मासिक आम्दानी फरक फरक पाइयो । परम्परागत पेशा कृषि तथा पशुपालन गर्ने महिलाहरुको मासिक आम्दानी कम छ भने व्यापार व्यवसाय, जागिर पेन्सन तथा अन्य कार्य गर्नेहरुको आम्दानी अलि बढी भएको बताउँछन् । यसमा पनि निजी सेवामा कार्यरतहरुको मासिक आम्दानी कम छ भने सरकारी तथा गैर सरकारी क्षेत्रमा कार्य गर्नेहरुको आम्दानी बढी देखिन्छ तथा वैदेशिक रोजगारी गर्नेहरुको आम्दानी पनि बढी नै देखिन्छ ।

शैक्षिक क्षेत्रमा पछाडि रहेका दरैहरुले हामी अशिक्षाको कारणले पछाडि परेका हौ र शिक्षा भएन भने हरेक पक्षमा पछाडि परिन्छ भन्दै हामीले आफ्ना सन्तानहरुलाई विद्यालय पठाउनबाट बञ्चित गर्नुहुँदैन भन्ने धारणाको विकास भएको छ ।

**तालिका ५.१४: बालबालिका जाने विद्यालयको आधारमा उत्तरदाताको विवरण**

| विद्यालयको किसिम | सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| सरकारी | 11 | 10=5 | |
| निजी | 94 | 89=5 | |
| **जम्मा** | **105** | **100=0** | **जम्मा** |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७३*

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा रहेका विद्यालय तथा क्याम्पस जाने विद्यार्थीहरुमा सरकारी स्कुल तथा क्याम्पस पढ्न जानेको सङ्ख्या ११ अर्थात १०.५ प्रतिशत रहेका छ भने निजी स्कुल तथा क्याम्पस पढ्न जानेको सङ्ख्या ९४ अर्थात ८९.५ प्रतिशत रहेको छ। यसरी उक्त तथ्याङ्कलाई हेर्दा सरकारी स्कुलभन्दा निजी स्कुल तथा क्याम्पस जाने विद्यार्थीहरुको सङ्ख्या धेरै देखिन्छ। शहरीकरण तथा एक अर्काको देखासिखीले गर्दा र निजी संस्थाहरुको विद्यार्थी भर्ना गर्ने व्यापारीकरणीय प्रविधिले गर्दा जनमानसमा सरकारी स्कुल तथा क्याम्पसमा भन्दा निजी स्कुलमा विद्यार्थीले पढ्ने वातावरण राम्रो हुने विश्वास राख्दछन्।

## ५.५.२ आधुनिकीकरण र शहरीकरणले महिलाको स्थितिमा आएको परिवर्तन

मानिस स्वभावैले एक सचेत प्राणी हो र ऊ आफैले आफ्नो लागि केही गर्नुपर्दछ भन्ने मान्यतामा हुर्कदै आए पनि विश्व बजारमा देखिँदै वा मौलाउँदै आएको पूँजीवादी व्यवस्थाले के देखायो भने वास्तवमा मानवहितको लागि वा स्वार्थका लागि एक्लैले केही गर्न सकिँदैन, त्यसको लागि संगठित हुनु जरुरी छ वा कामको बाँडफाँडले नै कुनै पनि काममा सफलता प्राप्त हुन्छ जसको लागि एक्लै होइन मिलेर कार्य गर्नुपर्दछ भन्ने भावनाको विकाससँगै औद्योगिकीकरणको विकास भयो तर यसले गर्दा मानिस आफैभित्र हुने र नहुने शक्तिको उदय भयो। तत्पश्चात मानिसभित्र नै असन्तुष्टि हुँदै जान थाले र एक आपसमा शत्रुता बढ्दै जाँदा त्यसले नकारात्मक स्थितिको सिर्जना गऱ्यो। त्यसैको फलस्वरुप हुने र नहुने वर्गको उदय भयो। पितृसतात्मक संरचनामा आधारित र हिन्दु धर्मावलम्बीको बाहुल्यता भएकाले दरै महिलाको स्थान पुरुषको सहायकको रुपमा नै थियो। जग्गाको

स्वामित्व, घर व्यवहार, ऋण, स्वतन्त्र हिड्डुल, राजनीति आदिमा पुरुषको नै बढी हैकम हुने र महिलाहरु घरको काम गर्ने, घाँस, दाउरा, बालबच्चाको हेरचाह गर्ने, महिलाहरुको कामको अवमूल्यन हुने तथा घरभित्रको काममा मात्र सीमित राख्ने प्रचलनबाट व्यापक सुधार तथा परिवर्तन भएको छ ।

**वैयक्तिक अध्ययन २**

व्यार नगरपालिका वडा नं १ सिर्जनशील टोलमा बसोबास गर्दै आएकी संगिता दरैको श्रीमान र एक छोरी छिन् । प्रेम विवाह गरेकी संगिताको श्रीमानले एसएलसीसम्म अध्ययन गरेका छन् भने उनले १२ पास गरेकी छिन् । जब विवाह गरेर श्रीमानको घरमा भित्रिन त्यस बेला उनको परिवारमा सासुससुरा, देवर, जेठाजु, नन्द, जेठानी, जेठाजुका छोराछोरी गरी संयुक्त परिवारमा बसेका थिए । धेरै परिवार भएका कारणले गर्दा कृषि तथा खेतीपातीबाट उब्जनी हुने अन्नले घर खर्च चलाउन धौ धौ हुन्थ्यो । खेतीपाती गर्ने, बालबच्चा हेर्ने, दरैहरुको घरमा नभई नहुने जाँड जसलाई दरै भाषामा 'मोत' भनिन्छ । यसरी जाँड रक्सी बनाउने बेच्ने गर्नुपर्दथ्यो । शहरीकरणको प्रभाव र सुख सुविधालाई ध्यानमा राखी आफुसँग भएको पैतृक जग्गा बेची उनीहरुले पक्की घर निर्माण गरे । घरमा परिवार धेरै भएकोले खेतीबाट मात्र घर धान्न नसकिने सबैलाई शिक्षा दिन गाह्रो हुने भएकाले केही समयपछि श्रीमान र छोरीलाई लिएर अलगै बस्न थालिन । आफ्नो अंशमा पर्ने जग्गा छुट्याइ अंशवण्डा लिएर छुट्टै बसिन । त्यसपछि दरै आमा समूहमा संलग्न भइन । हाल उनी दरै आमा समूहको सचिवको भूमिका निर्वाह गरिरहेकी छिन् । यसरी समूहमा संगठित हुँदै बुझ्दै जाँदा सहकारीमा पनि साधारण सदस्य बनिन । व्यक्तिगत र सरकारी संस्थाहरुबाट समय समयमा दिइने तालिमहरु लिइन । त्यस्ता तालिमहरु कुनै आयमूलक थिए भने केही सिपमूलक थिए । जस्तै गुडिया बनाउने, सिलाइबुनाइ, सौन्दर्य सम्बन्धी फेब्रिक पेन्टिङ लगायत क्षमता विकास सम्बन्धी, उद्घोषण तालिम लिइसकेकी छिन् । यसरी उनी मादी गंगा महिला सहकारी संस्था, छाब्दी बाराही सहकारी संस्थामा सदस्यको रुपमा काम गर्छिन भने दरै आमा समूहमा सचिवको भूमिका निर्वाह गर्छिन । हाल उनी आफ्नो परम्परागत कृषि पेशालाई छोडेर विगत पाँच वर्षदेखि सहकारीबाट एक लाख ऋण झिकी व्युटिपार्लर खोलेकी छिन् । यसैबाट आएको आम्दानीले घर परिवार चलिरहेको छ भने छोरीको पढाइलाई खर्च पनि पुगिरहेको बताउँछिन् । यही आम्दानीबाट संस्थाको काममा

हिडडुल गर्नुपर्दा सजिलो होस भनी स्कुटर पनि किनेकी छिन् । यसरी एउटाको समस्यामा सहयोगी बन्ने समस्याको पहिचान गरी समाधानमा लाग्ने, दुःखसुखका कुरा साटासाट गर्ने, शिक्षा र चेतनाको ज्ञान फैलाउने, एक आपसमा छलफल गरी अन्तरक्रिया गर्ने जस्ता ज्ञान गुनका कुराहरु संस्थामा आबद्ध भएपछि सिक्न पाइने तथा संस्थामा आबद्ध सदस्यहरुलाई दिइने तालिमहरु जस्तै सिलाइबुनाइ, व्युटिसियन तालिम उद्यम व्यवस्थापन तालिम, नेतृत्व विकास तालिम र जेण्डर सम्बन्धी तालिमबाट महिला दिदीबहिनीहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको कुरा बताउँछिन् र यस्ता संस्थामा संलग्न नहुनेहरुलाई संलग्न हुन अनुरोध गर्दछिन् ।

समयको गतिशिलतासँगसँगै महिलामा आएको चेतनाले र जागरणले अहिले महिलालाई पनि शैक्षिक, राजनैतिक, आर्थिक आयआर्जन र निर्णय प्रक्रियामा संलग्नता गराउँदै विभिन्न आमा समूह गठन गरी मासिक अनिवार्य रुपमा केही रकम जम्मा गरी जस्तै बाख्रापालन, बंगुरपालन, तरकारी खेती संचालन गर्दै आएका छन् । महिनाको एकदिन समय मिलाएर बचत उठाउने कार्य गर्दछन् ।

**तालिका ५.१५: आमा समूहमा आबद्धताको आधारमा उत्तरदाताको विवरण**

| आमा समूहमा आबद्धता | सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| आमा समूहमा हुने | 101 | 96=2 | |
| आमा समूहमा नहुने | 4 | 3=8 | |
| **जम्मा** | **105** | **100=0** | **जम्मा** |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७३*

माथिको तालिकामा अध्ययन क्षेत्रका दरै महिलाहरु नमुना घरधुरी १०५ मध्य १०१ जना आमा समूहमा आवद्ध छन् । आमा समूहमा आबद्ध नहुने जम्मा ४ जना छन् अर्थात ३.८ प्रतिसत छन् । अन्य ठाउँबाट आइ अध्ययन क्षेत्रभित्र भाडामा बस्दै आएका र आर्थिक अवस्था कमजोर भएकाहरु महिनावारी वचत गर्न तथा संगठनमा आबद्ध भएपछि गर्नुपर्ने नीति नियम र सहभागिता जनाउन नसक्ने हुनाले आमा समुहमा संलग्न नभएको देखिन्छ । कतिपय महिलाहरुले स्वइच्छाले समूहमा संलग्न भए भने केही महिलाहरु समूहमा संलग्न

हुन आफ्नो इच्छा नभएको बताउछन् । समूहमा आबद्ध महिलाहरु एक अर्काको भेटघाटले गर्दा विभिन्न किसिमका अन्तरक्रिया हुने, अर्कालाई नजिकबाट नियाल्न सक्ने, सकारात्मक रुपले अगाडि बढ्न पाउने तथा सामाजिक, साँस्कृतिक, आर्थिक रुपमा महत्वपूर्ण परिवर्तन हुने कुरा व्यक्त गर्छन् ।

**तालिका ५.१६: सामाजिक संस्थामा संलग्नताको आधारमा उत्तरदाताको विवरण**

| संलग्नता | सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| संलग्नता भएको | ८९ | ८५.८ | |
| संलग्नता नभएको | १६ | १५.५ | |
| जम्मा | १०५ | १००.० | |

*स्रोत: स्थलगत सर्वेक्षण २०७३*

यस तालिका अनुसार अध्ययन क्षेत्रका महिलाहरु सामाजिक संघ संस्थामा आवद्ध हुनेको सङ्ख्या ८९ अर्थात ८४.८ प्रतिशत रहेका छन् भने १६ उत्तरदाताहरु कुनै सामाजिक संस्थामा लागेका छैनन् । यसको मुख्य कारण आर्थिक समस्या तथा परम्परागत कृषि प्रणालीबाट हुने निर्वाहमुखी पद्धति नै हो । सहकारीमा लागेका महिला दिदीबहिनीहरुको आर्थिक, सामाजिक कुराहरुमा विशेष परिवर्तन ल्याउन त्यस्तै किसिमका सभा, सम्मेलन, भेला, गोष्ठी, तालिम, छलफल आदि संचालन भएका पाइन्छन् । पहिला बोल्न नजान्नेहरु, अर्कासँग कुरा गर्दा हिच्किचाउनेहरु, आफ्नो परिचय दिन नसक्नेहरु, आज विभिन्न संस्थामा आबद्ध भइसकेपछि संघसंस्था निर्धक्क रुपमा चलाउन सक्ने, आफ्नो समस्या प्रष्ट राख्न सक्ने, सभा सम्मेलनमा निर्धक्क भाषण गर्न सक्ने आफ्ना सदस्यहरुका हितको बारेमा सोच्ने, सहयोग गर्ने, आवश्यक सल्लाह सुझाव दिने लगायतका धेरै पक्षमा महिलाहरुको चेतना र क्षमतामा बृद्धि भएको छ ।

**वैयक्तिक अध्ययन ३**

पैतालीस वर्षीय जमुना दरै व्यास नगरपालिका भादगाउँमा बसोबास गर्दै आएकी छिन् । उनी +२ सम्मको अध्ययन पुरा गरी हाल दरै आमा समूहको सक्रिय अध्यक्षको रुपमा रहेकी छिन् र एउटा सफल शिक्षिका पनि हुन् । विगतका दिनमा खेतीपाती, घर व्यवहार चलाउने, बच्चाको हेरचाह गर्ने जमुनाका दुई छोरीहरु र एक छोरा छन् । हाल निरक्षर दरै

महिलाहरुलाई समूहमा आबद्ध हुन सल्लाह दिँदै दरै आमा समूह नाम गठन गरी अध्यक्ष भई नेतृत्व समेत गर्दे आइरहेकी छन् । महिलाहरुलाई भेला गराई आफूले जानेका नयाँ कुराहरु सिकाउने, आफुले तालिममा सिकेर आएका कुराहरुलाई सदस्यहरु माभ्क आएर भन्ने सिकाउने गर्छिन । समूहलाई कसरी अगाडि बढाउने भन्ने विषयमा छलफल गर्न महिनामा एक पटक बैठक राखी बचत उठाउने, आ आफ्नो टोल सरसफाई गर्ने, नयाँ नयाँ कुारहरु देखाउन र बुझाउनका लागि वर्षमा एक पटक अवलोकन भ्रमण जाने कुरा बताउँछिन् । उनी शिक्षक पनि भएकोले आफ्नो समुदायमा निरक्षर महिलाहरुलाई आफ्ना स्कुल जाने उमेरका बच्चाहरुलाई स्कुल पठाउनु पर्दछ पढाईबाट उनीहरुलाई बञ्चित गराउन हुँदैन भन्ने सल्लाह दिन्छिन् । यसरी महिला समूह गठन गरी समय समयमा हुने भेला बैठकबाट बोल्न नसक्ने, आफ्नो परिचय दिन नसक्ने, आफ्नो समस्या राख्न नसक्ने महिलाहरु पनि साहस बटुलेर सबैको सामु आफ्नो कुरा राख्न सक्ने भएका छन् । विभिन्न किसिमका तालिमहरु जस्तै सीपमूलक, आयमूलक, तालिमहरुमा कुखुरापालन, बाखापालन, तरकारी खेती, गुडिया बनाउने, मौरीपालन, सिलाइकटाइ तथा व्युटिपार्लर सम्बन्धी तालिमहरुको अवसरहरु आउने हुनाले महिलाहरु यस्ता किसिमका तालिममा सहभागी हुन थालेको कुरा बताउँछिन् । यसरी घर व्यवहार र घर धन्दाबाट बाहिर निस्कन नसकेका महिलाहरु पनि तालिमबाट प्राप्त ज्ञान र सीपलाई अंगालेर आर्थिक उपलब्धी भएको खुशी व्यक्त गर्छिन् । आफ्नो दरै आमा समूहलाई राम्रो बनाउनका लागि र भवन निर्माण गर्नका लागि देउसी भैलो, नाँचगान चन्दा संकलन गरी र केही रकम सहकारीबाट ऋण निकाली जम्मा पार्दै पक्की भवन निर्माण गर्न सफल भएको कुरा बताउँछिन् । अहिले आफ्नो समूहभित्र तथा अन्य समुदायका मानिसहरुले हल भाडामा लिई कार्यक्रम संचालन गर्ने गर्छन । यसरी महिला दिदीबहिनीहरुलाई सक्रिय सहभागी गराउँदै अन्य कार्यक्रममा पनि सदस्यहरुलाई लैजाने जमुनाको भादगाउँ आफ्नो कर्मथलो बनेको छ ।

**तालिका ५.१७: विभिन्न किसिमको तालिमको आधारमा उत्तरदाताको विवरण**

| तालिम | सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| तालिम लिएको | 46 | 43=8 | |
| तालिम नलिएको | 59 | 56=2 | |

| | | | |
|---|---|---|---|
| जम्मा | 105 | 100=0 | |

*स्रोतः स्थलगत सर्वेक्षण २०७३*

यस तालिका अनुसार तालिम लिएका उत्तरदाताहरुको सङ्ख्या ४६ अर्थात ४३.८ प्रतिशत छन् जसले विभिन्न सरकारी, गैर सरकारी तथा व्यक्तिगत निकायबाट गुडिया बनाउने, क्षमता अभिबृद्धि, सौन्दर्यता सम्बन्धी, कुखुरापालन, पशुपालन सम्बन्धी तालिम प्राप्त गरेका छन् भने केही पनि तालिम नलिनेको सङ्ख्या ५९ अर्थात ५६.२ प्रतिशत रहेको छ । यसबाट के स्पष्ट हुन्छ भने कम साक्षर दरै महिलाहरु अझै पनि विभिन्न किसिमका अवसरहरुबाट बञ्चित रही घर व्यवहारमा तल्लिन छन् ।

**तालिका ५.१८: तालिम लिएको संस्थाको आधारमा उत्तरदाताको विवरण (जनसङ्ख्या=४६)**

| तालिम लिएको निकाय | सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| सरकारी निकाय | 11 | 23=9 | |
| गैर सरकारी निकाय | 4 | 8=7 | |
| व्यक्तिगत | 31 | 67=4 | |
| जम्मा | 46 | 100=0 | |

*स्रोतः स्थलगत सर्वेक्षण २०७३*

यस तालिकाको विवरण अनुसार संघसंस्थामा आबद्ध तथा आमा समूहहरुमा समावेश भएका महिलाहरुले कसैले सरकारी र कसैले गैर सरकारी निकायबाट विभिन्न किसिमका तालिम लिएका छन् भने यस्ता संस्थाहरुमा संलग्न नभएका महिलाहरुले निजी स्रोतबाट खुलेका तालिम केन्द्रहरुबाट तालिम लिएका छन् । सरकारी निकायबाट तालिम लिनेको सङ्ख्या ११ अर्थात २३.९, गैर सरकारी संस्थाबाट लिनेको सङ्ख्या ४ अर्थात ८.७ र व्यक्तिगत स्रोतबाट तालिम लिनेको सङ्ख्या ३१ अर्थात ६७.४ प्रतिशत रहेको छ ।

यसरी हेर्दा के स्पष्ट हुन्छ भने संघसंस्था, सरकारीमा लागेपछि अर्काको शोषण होइन, आफ्नो पौरखले काम गर्नुपर्दछ, कमाएको पैसा मध्ये केही बचत गर्ने, अनावश्यक तडकभडकमा नलाग्ने आफ्नो संस्कृतिको पहिचान गरी त्यसलाई जोगाउन प्रयत्नरत हुने देखि लिएर समुहमा आफ्नो प्रभावकारी भूमिका निर्वाह गर्ने, नेतृत्व लिन सक्ने, आफ्ना

दुःखसुख, खुशी गुनासाहरु एक आपसमा पोख्ने, आफुले अपनाइ रहेको व्यवसायका समस्याहरु पहिचान गरी समस्याको समाधान खोज्ने आदि जस्ता पक्षमा परिवर्तन आएको देखिन्छ । विभिन्न संघसंस्थाका माध्यमबाट, तालिम भेला, गोष्ठीबाट, परिवार समाज, साथीभाइ स्वेच्छाले आजकल महिलाहरु बचत गर्ने, ऋण लिइ खेती अथवा अन्य व्यवसाय संचालन गर्ने आफ्नो व्यक्तित्व विकास गर्दै सशक्तिकरण हुँदै गएका छन् ।

**तालिका ५.१९: संस्थाहरुबाट ऋण लिएको आधारमा उत्तरदाताको विवरण**

| ऋणको अवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ऋण लिएको छ | 64 | 61=0 |
| ऋण लिएको छैन | 41 | 39=0 |
| जम्मा | 105 | 100=0 |

*स्रोतः स्थलगत सर्वेक्षण २०७३*

माथिको तालिम अनुसार सामाजिक तथा सहकारी संस्थाबाट ऋण लिएको छ कि छैन भन्ने उत्तरमा ऋण लिने उत्तरदाताहरुको सङ्ख्या ६४ अर्थात ६१.० छ भने ऋण नलिने उत्तरदाताहरुको सङ्ख्या ४१ अर्थात ३९.० रहेको छ । माथिको तथ्याङ्क अनुसार ऋण लिई कुखुरापालन, व्यापार व्यवसाय, तरकारी खेती तथा वैदेशिक रोजगारको लागि जानेको सङ्ख्या धेरै पाइयो ।

**तालिका ५.२०: ऋण लिएको रकमको आधारमा उत्तरदाताको विवरण (जनसङ्ख्या=६४)**

| रकम | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| २० हजार | 7 | 10=9 |
| ४० हजार | 8 | 12=5 |
| ६० हजार | 10 | 15=6 |
| १ लाख | 22 | 34=4 |
| ५ लाख | 17 | 26=6 |
| जम्मा | 64 | 100=0 |

*स्रोत: स्थलगत सर्वेक्षण २०७३*

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका महिलाहरुले २० हजारदेखि ५ लाखसम्म ऋण लिएर कुखुरापालन, गाइपालन, व्यापार, वैदेशिक रोजगारी, घर बनाउन तथा घर खर्च टार्नका लागि ऋण लिएको बताउँछन् । यसरी सहकारीबाट ऋण लिइ किस्ताबन्दीमा तिर्न बैंक र सहकारीबाट ऋण लिँदा सस्तो ब्याजदरमा ऋण उपलब्ध हुनाले ऋण लिने गरेको देखिन्छ । ऋण लिएपछि कसरी तिर्ने भन्ने उत्तरमा ऋण तिर्ने स्रोत कसैको रोजगारीबाट तिर्छन भने कसैले आफुले लगानी गरेको आम्दानीबाट गर्ने गरेको पाइयो ।

### ५.५.३ स्वास्थ्य सम्बन्धी चेतनामा आएको परिवर्तन

अध्ययन क्षेत्रका मानिसहरु विशेष गरी महिलाहरु रुढीवादी र अन्धविश्वास जस्ता विकृतिहरुले ग्रसित थिए । उनीहरु भूत, प्रेत, आत्मा, बोक्सी प्रथा छुवाछुत जस्ता विषयहरुमा निकै विश्वास गर्दथे । बिरामी पर्दा वा आपसविपद पर्दा पहिले दरैहरु धामीझाक्री झारफुक गर्न  गुराउकोमा जाने गर्दथे । अन्य जातिको अन्तर सम्बन्ध तथा शिक्षा र संचारको माध्यमले आजकल बिरामी पर्दा औषधी उपचार गर्नका लागि अस्पताल जाने प्रचलनमा बृद्धि भएको छ भने झारफुकमा कम लाग्ने गर्दछन् ।

### ५.५.४ पेशा तथा जीविकोपार्जनमा आएको परिवर्तन

अध्ययन क्षेत्रका दरैहरुको मुख्य पशो कृषि थियो । प्रायः घरहरुमा गाई तथा सुंगुर नभएको घर नै हुँदैनथ्यो । दुध दहीलाई त्यति प्राथमिकता नदिने हुनाले भैसी पाल्नेको सङ्ख्या कमी थियो । पहिले पहिले कुखुरा, बाखा, सुंगुर, बंगुर आफ्नो घरायसी प्रयोगका लागि मात्रै पाल्दथे तर आजभोलि आयआर्जनका उद्देश्यले केही घर परिवारले केही पर बुंगुर, सुंगुर तथा कुखुराको खोर बनाइ पाल्ने गरेका छन् । खेतीपाती भन्दा यताबाट फाइदा हुने हुनाले बुंगुर तथा कुखुरा पालनलाई पेशाको रुपमा लिएका छन् । व्यापार व्यवसाय, जागिर खाने, विभिन्न संघसंस्थातर्फ लागेको देखिन्छ । किनकि कृषि खेतीपातीबाट आजकलको महंगीले गर्दा परिवार धान्न, बालबच्चा पढाउन तथा अन्य आवश्यकता पुरा गर्न नसकिने र जग्गाको खण्डीकरणको कारणले उब्जाउ हुने जग्गामा कमी आएकोले यस क्षेत्रका मानिसहरुले खेतीपाती बाहेक विकल्प पेशाको रुपमा अन्य पेशालाई अंगालेको पाइन्छ भने

जाँड रक्सी प्रायः घरमा बनाउने गर्छन र कसै कसैले जाँड रक्सी बेची आर्थिक बृद्धि गरेको पाइन्छ ।

### ५.५.५ आधुनिक सामानको प्रयोगमा आएको परिवर्तन

आधुनिकीकरण, शहरीकरण, पश्चिमाकरण र खेतीपाती कृषिमा आएको परिवर्तन तथा धेरै व्यक्तिहरुको वैदेशिक रोजगारीको कारणले गर्दा आजकल घर घरमा प्रयोग गर्ने सामानहरुमा परिवर्तन आएको छ । जस्तै टि.भी., रेडियो, मोवाइल फोन, इन्टरनेट, ग्यास सिलिण्डर, घर घरमा खानेपानीको धारा, पक्की शौचालय, फ्रिज, मिक्स्चर विभिन्न किसिमका विलासिताका समानहरु आफ्नै घरमा राख्ने गर्छन । आर्थिक अवस्था कमजोर हुनेहरु पनि ज्याला मजदुरी गरेरै भए पनि देखासिखीको पछाडि दौड्ने प्रचलनमा बृद्धि आएको छ ।

### ५.५.६ आर्थिक क्षेत्रमा आएका परिवर्तन

प्रशस्त पुर्ख्यौली जग्गा जमिनका मालिक दरैहरु अव्यवस्थित शहरीकरण र निरक्षर भएका कारणले गर्दा उनीहरुले कुनै पनि रोजगारीको अवसर प्राप्त गर्न नसक्ने हुनाले सम्पुर्ण पुर्ख्यौली सम्पत्तिलाई बेच्दै खाने क्रममा उनीहरुसँग अहिले उब्जनी हुने खेतबारी कम भएको छ त्यसैले विकल्प पेशाको रुपमा अन्य व्यवसायलाई अंगालेका छन् भने वैदेशिक रोजगारी कुखुरापालन, बंगुरपालन तथा शिक्षाको कारणले गर्दा उनीहरुको आयस्तरमा बृद्धि आएको छ । जसले गर्दा उनीहरुको आर्थिक स्थिति क्रमशः सुधारतिर उन्मुख देखिन्छ ।

### ५.५.७ घरको प्रकारमा आएको परिवर्तन

प्राचीन समयमा दरै जातिको घरहरु, काठ, ढुंगा, माटो, खर, बाँसले बनाइएको पिरामिड शैलीको हुने गर्दथ्यो । जसलाई घुमाउने घर भनिन्थ्यो । तर आजभोलि ढुंगा, ईट्टा, सिमेन्ट, रडको प्रयोग गरी पक्की सिमेन्टेड घर बनाउनेको सङ्ख्या बढी देखिन्छ भने पिरामिड तथा घुमाउने घरहरु समयको परिवर्तनले गर्दा लोप हुँदै गएको पाइन्छ । यस क्षेत्रमा खेतीयोग्य जमिन घडेरीको रुपमा खण्डीकरण भई जग्गाको मात्रामा कमी आएको छ

। यस्ता उर्बरा जग्गालाई घडेरीको रुपमा बिक्री वितरण गरी वर्षेनी पक्की घरहरु निर्माण हुने गरेको पाइन्छ ।

### ५.५.८ आयआर्जन र जीविकोपार्जनको अवस्थाको सारांश

यस परिच्छेदको विश्लेषण अनुसार यहाँ उल्लेखित विभिन्न  तथ्य र तालिकाहरुको सारांश गर्दा यहाँका दरै महिलाहरु शिक्षामा पछाडि परेका कारण शैक्षिक तथा आर्थिक क्षेत्रमा कमजोर रहेको पाइन्छ । विभिन्न परिवारमा गरिएको प्रत्यक्ष सर्वेक्षण र अन्तरवार्ताले के कुराको निष्कर्ष प्राप्त भयो भने मुख्य पेशा कृषि र पशुपालन बाहेक शहरीकरण आधुनिकीकरणका प्रभावले महिलाहरुमा लवाइखुवाइ, रहनसहन, बोलीचाली, आधुनिक सामानको प्रयोग, स्वास्थ्य सम्बन्धी चेतना, शिक्षामा आएको परिवर्तन, सामाजिक, आर्थिक क्षेत्रमा आएको परिवर्तन, पेशा तथा जीविकोपार्जनको अवस्थामा परिवर्तन आएको पाइन्छ । यसरी उनीहरुले खेतीपाती पशुपालन बाहेक अन्य पेशा अपनाइ आयस्तरमा बृद्धि गरेको पाइन्छ । जन्म, विवाह, मृत्यु तथा चाडपर्वहरुमा आफ्ना इष्टमित्र, दाजुभाइलाई निम्तो गरी भोजभतेर र जाँड रक्सी खुवाइ फजुल खर्च बढी गर्ने गरेको पाइयो । प्राचीन कालमा घरधन्दामा मात्र सीमित महिलाहरु हाल व्यापार व्यवसाय तथा अन्य पेशामा संलग्न भएको देखिन्छ ।

# परिच्छेद : छ

# सारांश, निष्कर्ष र सुझाव

## ६.१ सारांश

प्राचीनकालदेखि नै नेपाल एक सुन्दर बहुजातीय, बहुभाषिक, धार्मिक, सहिष्णुता, बहु रीतिरिवाज भएको देश हो । राष्ट्रिय एकतामा शरीर बलिदान दिने बीरंगनाहरुको थलो ऋषिहरुको तपोभूमिको रुपमा रहँदै आइरहेका छ । भौगोलिक सीमाना अनुसार यो देश तीन तर्फबाट भारत र उत्तर तर्फबाट चीनको तिब्बतले घेरिएको भूपरिवेष्ठित राष्ट्र हो । यहाँ बसोबास गर्ने मानिसहरु पनि सबै एकै मुलका छैनन् । कोही आर्य जातिका हुन भने कोही मंगोल जातिका यस्तै विविध जातिहरु मध्ये मंगोल जाति समूहमा पर्ने आदिवासी दरै जाति पनि एक हो ।

दरै जाति नेपालमा ५९ जनजाति मध्ये एक आदिवासी जनजाति हो । यिनीहरुको वस्ती समथर भूभाग तथा नदीका किनार खोंच वा टारहरुमा रहेको पाइन्छ । जनगणना २०५८ का अनुसार नेपालमा दरैहरुको सङ्ख्या १४८५९ छ भने तनहुँमा २ हजार ४ सय ८५ छ र २०६८ को जनगणना अनुसार व्यास नगरपालिकामा ३१०९ जना दरैजातिको जनसङ्ख्या रहेको छ । तनहुं जिल्ला व्यास नगरपालिका वडा नं. १ भादगाउँ निवासी नमुना घरधुरी १०५ परिवारका दरै महिलाहरुको आयआर्जन र जीविकोपार्जनको अवस्था कस्तो रहेको छ भन्ने खोजको विषय रहेको छ । हेर्दा सरल सोझो देखिने आफ्नै भाषा र संस्कृति भएका यस क्षेत्रका दरै महिलाहरुको आयआर्जन तथा आधुनिकीकरणको प्रक्रिया जीविकोपार्जन र आयस्तर बीचमा आएको परिवर्तन बारे अध्ययन गरी उद्देश्यमूलक बनाउनका लागि अवलोकन, वैयक्तिक अध्ययन, प्रश्नावली, अन्तरवार्ता जस्ता विधिमा बढी केन्द्रित भई स्थलगत अवलोकन गरिएको छ ।

पारिवारिक संरचनामा धेरै जसो संयुक्त परिवार प्रथा कायम रहे पनि आर्थिक, शैक्षिक, सामाजिक क्षेत्रमा प्रगति गर्न सकिन्छ कि भन्ने मान्यता यहाँका दरै समुदायमा रहेको पाइन्छ । यहाँका दरैहरु आर्थिक रुपमा अत्याधिक कृषि पेशामा नै संलग्न रहेका छन् । यिनीहरुको वस्ती समथर भूभाग भएकोले र पुर्ख्यौली पेशा पनि कृषि भएको हुँदा यसै पेशामा आश्रित छन् । प्राचीनकालमा महिलाहरुलाई समाजमा दोस्रो अंगको रुपमा लिइन्थ्यो । पुरुषहरु घरको प्रमुख वा मुली हुन्थे । उनीहरुले घरको आर्थिक अवस्था र बाहिरको काम गर्ने गर्दथे । पैसा

कमाएर आर्थिक रुपले मजबुत पार्ने काम परिवारमा घरमुलीको हुन्थ्यो । परिवारलाई भरणपोषण गर्ने घरमुलीको कर्तव्य हुन्थ्यो भने महिलाहरु घरमा बसेर घरको हेरविचार गर्ने, बालबच्चाको स्याहारसुसार गर्ने, सरसफाई गर्ने, घाँस दाउरा गर्ने काम हुन्थ्यो । महिलाहरुले गर्ने कामको अवमूल्यन गरिन्थ्यो । समयको परिवर्तन सँगसँगै मानिसको विचार र चेतनास्तरमा परिवर्तन आउन थाल्यो । समाजमा महिला पुरुषको भूमिका बराबर हुन्छ भन्ने मान्यताको विकास हुन गई महिलाहरुलाई पनि सम्मान गरेको पाइन्छ । फलस्वरुप कृषि पेशाबाट मात्र परिवार र घर व्यवहार चलाउन गाह्रो हुने भएकोले विकल्प पेशाको रुपमा आजकल कसैले व्यापार व्यवसाय, सैनिक, वैदेशिक रोजगारीमा तथा अन्य संघसंस्थामा आबद्ध हुन थालेका छन् ।

प्राचीनकालमा महिलाहरु घर धन्दाको काममा मात्र सीमित रहन्थ्यो । छोरा जन्मिएमा हर्ष उल्लास भोज भतेर गर्ने तर छोरी जन्मेमा नाक कुच्याउने प्रविधि थियो । छोरालाई पढाए बुढेशकालको सहारा हो भन्ने र छोरीलाई अरुको घर जाने जात भनेर शिक्षादीक्षामा कमी गरिन्थ्यो । यस्तो कहीकतै मान्यता रहे तापनि आज आएर एकल परिवारको ढाँचा र आधुनिकीकरणले गर्दा सन्तानप्रतिको धारणामा परिवर्तन आएको छ । घरको बनावट र ढाँचामा परिवर्तन आएको छ । १०५ घरधुरीमा जम्मा १० घर कच्ची छन भने बाँकी ९५ घर पक्की सिमेन्टेड छन् । भारोपेली भाषा परिवार अन्तर्गतका भाषा बोल्ने दरै जातिहरु प्रकृतिपूजक हुन् । यिनीहरु हिन्दु धर्मप्रति आस्था राख्छन् भने आजकल केही दरैहरु (सच्चाइ) जुन क्रिश्चियन धर्मसँग सम्बन्धित छ । त्यहाँ गएर सामेल भई प्रार्थना गर्नाले आफ्नो रोग निको हुने विश्वास गर्छन ।

समयको परिवर्तन सँगसँगै तथा अन्य जातिको देखासिखीले पिछडिएको जातिको रुपमा परिचित दरै जातिमा हामीले अशिक्षाका कारणले पछाडि परेका हौ । शिक्षा भएन भने हरेक कुरामा पछाडि परिन्छ भन्दै आफ्ना सन्तानहरुलाई विद्यालय पठाउनबाट बञ्चित गर्नुहुँदैन भन्ने धारणाको विकास भएको छ । अध्ययन क्षेत्रमा १०५ घर परिवारमा एसएलसी भन्दा माथि योग्यता भएका २७ जना छन भने साक्षर अथवा कक्षा १२ तल पढ्नेको सङ्ख्या ७० रहेको छ । हिन्दु संस्कार र परम्पराद्वारा संचालित भादगाउँका दरै जातिहरु मतवाली जातिको रुपमा समाजमा रही जन्मदेखि, विवाह मृत्यु संस्कारसम्म गर्ने कार्य अरु जातिको भन्दा भिन्न किसिमको हुन्छ । जन्म, विवाह, मृत्यु तथा चाडपर्वहरुमा छोरीबेटी नातेदार, इष्टमित्र, दाजुभाइ, कुटुम्बहरुलाई निम्तो गरी भोजभतेर गर्ने, जाँड रक्सी मासु खुवाउने

प्रचलन रहेको छ । बिरामी पर्दा पहिले गुराउकोमा गएर झारफुक गर्ने र पछि अस्पताल जाने गर्दछन् । गुराउले जडिबुटी घोटेर खुवाएपछि बिरामी सन्चो हुने विश्वास राख्थे ।

परम्परागत प्रणालीबाट खेतीपाती गरी निर्वाहमुखी जीवन यापन गर्दै आएका भादगाउँका दरै महिलाहरु आधुनिकीकरण र शहरीकरणका प्रभावले समय सापेक्ष राम्रो लाउने, मिठो खानुपर्ने, आफ्नो लागि आफै कमाउने धारणा राखी परम्परागत पेशा कृषि पेशाबाट गुजारा गर्न गाह्रो हुने, घर व्यवहार धान्न मुस्किल हुने हुनाले अन्य पेशा अपनाउ थालेको पाइन्छ । कसैले व्यापार व्यवसाय, जागिर, सेनामा कुखुरापालन, तरकारी खेती तथा विभिन्न संघसंस्थामा आबद्ध भई आर्थिक बृद्धि गरेको पाइन्छ । अव्यवस्थित शहरीकरण, अन्य जातिको अतिक्रमणका कारण उब्जाउ हुने जग्गा जमिन बेच्ने र टुक्रिने क्रम बढेकाले हाल खेतीको लागि जमिनको कमी हुँदै गएको छ भने पैतृक  जग्गा जमिनका मालिक दरै जातिहरु जग्गा बेच्दै गुजारा चलाउने गर्छन र आफ्नो जग्गा नबेची खेतीपाती पशुपालन गर्ने द रैहरु समाजमा धनी धनाढ्यको रुपमा चिनिन्छन् । आधुनिकीकरण, शहरीकरण, पश्चिमीकरण तथा वैदेशिक रोजगारीका प्रभावले मानिसहरुको घर घरमा महंगा र नयाँ सामानहरुको प्रयोग गर्ने गर्छन । टि.भी., इन्टरनेट, फ्रिज, मिक्स्चर, ग्यास चुलो, इलेक्ट्रोनिक चिउनी, गिजर प्रयोग गर्ने प्रचलनमा बृद्धि आएको देखिन्छ ।

खाद्यवालीको रुपमा बढी मकै, धान गहुँ लगाउने दरै जातिहरु आर्थिक विपन्नताका कारण व्यापार व्यवसायमा नलागे पनि सबैले आफ्ना घरबाट केही न केही वस्तुहरु बिक्री गरेका हुन्छन् । सुंगुरबंगुर, कुखुराहरु आफ्नो घरायसी खर्चको लागि मात्र नभइ बेचेर आम्दानी गर्छन । घरायसी प्रयोगका लागि डोरो, डोको, मान्द्रो, थुम्से, कुचो, छत्री तथा महिलाहरुले सुइटर बुन्ने, गुडिया बनाउने, रुमालमा बुट्टा हान्ने, गुद र परालको विभिन्न बुट्टा बनाएर गुन्द्री बुन्ने गर्छन । शैक्षिक योग्यता कमी भएका व्यक्तिको सङ्ख्या कमी भएको तथा कडा प्रतिस्पर्धामा उत्रन नसक्नाको कारणले यस क्षेत्रका दरैहरु रोजगारीमा धेरै देखिदैनन् । दरैहरुको मुख्य पेशा कृषि र पशुपालन भए पनि घरव्यवहार चलाउनका लागि उनीहरु समय र परिस्थिति अनुसार विभिन्न किसिमका कामहरु जस्तै ड्राइभिङ, घर वायरिङ, मिस्त्री, ठेकेदार, व्यापार तथा कसैले श्रीमानको पेन्सनबाट र जाँडरक्सी बनाएर आर्थिक लाभ गरेको पाइन्छ ।

यहाँका दरै जातिहरुले कृषि तथा पशुपालन बाहेक अन्य पेशा अपनाउन थालेका कारणले मासिक आम्दानी फरक फरक पाइयो । स्वयं रोजगारी, व्यापार, वैदेशिक रोजगारी

तथा अन्य पेशाबाट आर्थिक स्तर बृद्धि भएको पाइयो भने महिलाहरु विभिन्न संघसंस्थामा आबद्ध भइ सीपमूलक र आयमूलक तालिम लिइ सहकारी तथा अन्य संस्थाबाट ऋण लिइ कुखुरापालन, बाखापालन तरकारी खेती र अन्य ठाउँमा लगानी गरी आम्दानी भएको रकम बचत गर्ने गरेको देखिन्छ ।

## ६.२ निष्कर्ष

अध्ययन क्षेत्रमा समेटिएका दरै जातिहरु नेपालका आदिवासी जनजाति हुन । उनीहरु नेपालमा सूचीकृत जनजाति मध्ये सीमान्तकृत समूहमा पर्दछन् । आर्थिक र शैक्षिक रुपले पिछडिएको यो जाति सांस्कृतिक रुपले धनी भए तापनि आफ्नो मौलिक सांस्कृतिक पहिचानलाई हस्तान्तरण गर्न र परिवर्तन गर्न सकिरहेको छैन । आफ्नो पुर्ख्यौली पेशा माछा मार्ने डुंगा तार्ने भए तापनि यस वस्तीका दरैहरुको आफ्नो मुख्य पेशा कृषि भएको बताउँछन् । परम्परागत कृषि प्रणाली, खानको लागि जग्गा जमिन बिक्री समेत गर्नुपर्ने अवस्था, अन्य जातिको बसाइँसराइँ र अतिक्रमणले जमिन टुक्रदै, घट्दै खण्डीकरण हुँदा उब्जाउ हुने खेतीयोग्य  जग्गा घडेरीको रुपमा बिक्री वितरण हुने हुँदा जग्गाको कमीले त्यसबाट उब्जाउ हुने अन्नबालीले आफ्नो परिवार पाल्न मुस्किल पर्ने हुनाले कृषि पशुपालन बाहेक अन्य पेशा व्यापार व्यवसाय, जागिर तथा वैदेशिक रोजगारीतर्फ जानेको सङ्ख्या क्रमशः बढ्दो छ ।

शिक्षाको पहुँच क्षेत्रभित्र रहेका दरैहरुको शैक्षिक अवस्था कमजोर नै देखिन्छ । अशिक्षाका कारणले हामी पछाडि परेका हौ । शिक्षा भएन भने हरेक कुरामा पछाडि परिन्छ भन्दै आफ्ना सन्तानहरुलाई विद्यालय पठाउनबाट बञ्चित गराउनु हुँदैन भन्ने धारणाको विकास हुँदै जान थालेको हुँदा पढ्न लेख्न जान्नेहरुको सङ्ख्यामा बृद्धि हुँदै गइरहेको छ । समाजमा यदाकदा संयुक्त परिवारको प्रकार देखिए तापनि आजभोलि एकात्मक परिवारमा बस्नेको प्रचलन बढ्दो देखिन्छ । आधुनिक संचारका साधनहरु प्रयोग गर्नेको सङ्ख्या बढ्दै गएको देखिन्छ । जसबाट समाज बिस्तारै आधुनिकीकरणतर्फ अग्रसर हुँदै गएको र विश्वव्यापीकरणको प्रभावमा रहेको पुष्टि हुन्छ । अन्य जातिको तुलनामा दरै जाति आर्थिक तथा शैक्षिक रुपमा कमजोर भएको कारणले राष्ट्रिय नीति निर्माण गर्ने तहमा सहभागी हुन सकेका छैनन् । परम्परागत प्रणाली खेतीपाती र पशुपालनबाट निर्वाहमुखी जीवनयापन गर्ने दरै समुदायका महिलाहरुले अन्य पेशा अपनाउन थालेकाले आयस्तरमा बृद्धि आएको र शत प्रतिशत महिलाहरुले यथासक्य बचत गर्ने गरेको पाइयो ।

यस जातिको परम्परागत पोशाक र रीतिरिवाजमा क्रमशः परिवर्तन भएको पाइन्छ । आधुनिकीकरण गर्ने क्रममा नराम्रा पक्षहरुको बढी असर देखिन्छ । अध्ययन क्षेत्रका धेरै जसो दरैहरु आफ्नै घरजग्गामा छन् । यसले कृषि पेशालाई प्रमुख रुपमा अपनाउन प्रेरित गरेको छ । चाडपर्व बाहेक अन्य बेलामा पनि जाँडरक्सीको अत्याधिक प्रयोग गर्ने, सबैको घरमा केही न केही वस्तुभाउ पाल्ने, रहनसहनमा फेरबदल तथा जमिनको खण्डीकरण र अव्यवस्थित शहरीकरणका प्रभावले प्रभावित यस क्षेत्रका  दरै महिलाहरुले विभिन्न पेशा अगाल्न थालेका पाइन्छ ।

## ६.३ सुझावहरु

व्यास नगरपालिकाका दरै महिलाहरुको कमजोर पक्ष भनेको आर्थिक र शैक्षिक पक्ष नै हो । यस क्षेत्रको विकास र उन्नतिको लागि सम्बन्धित सबै पक्षले उत्तिकै ध्यान दिनुपर्ने देखिन्छ :

- कृषि कार्यलाई आधुनिक र पशुपालन कार्यलाई उन्नत प्रविधिबाट अगाडि बढाइ तालिम तथा पुरस्कारको व्यवस्था गरिनुपर्दछ ।
- परम्परागत रुपमा मनाउँदै आएका चाडपर्व, भोजभतेर विवाह आदिमा गरिने फजुल खर्चहरुको कटौती गर्नका लागि प्रोत्साहित गरिनुपर्दछ ।
- शिक्षाप्रति देखिएको उदासिनता वा शिक्षाको महत्व नबुझ्दा शोध स्थलमा एसएलसी भन्दा माथि पढ्नेको सङ्ख्या औंलामा नै गन्न सकियो । शिक्षा नै उन्नतिको मुहान हो । शिक्षा बिना समाज तथा देशको विकास असम्भव छ त्यसैले शैक्षिक जागरण ल्याउन प्रत्येक बालबालिकाका लागि विद्यालय र प्रौढ साक्षरता कक्षामा अनिवार्य गराउने । एउटा महिला शिक्षित हुनु भनेको सम्पूर्ण उसका घर परिवार शिक्षित हुन्छ भन्ने भावनाको विकास गराउनुपर्छ ।
- अधिकांश मानिसहरु नोकरी, व्यापार, कृषि र ज्याला मजदुरीमा आश्रित भएकोले सो पेशाको अलावा अन्य पेशाबाट हुने लाभ र बचतको बारेमा जानकारी गर्दै सीपमूलक कार्यप्रति प्रोत्साहित गरिनुपर्दछ ।
- महिलाहरुलाई सिलाइबुनाइ, तथा घरेलु उद्योगहरु सम्बन्धी तालिम र स्वावलम्बन कार्यक्रम संचालन गर्नुपर्ने जसबाट महिलाहरु स्वयम् आत्मनिर्भर बन्न सकुन ।
- शिक्षाक्षेत्रमा छात्रवृत्ति तथा अन्य सुविधाहरुको व्यवस्था गरी उच्च शिक्षामा उनीहरुको पहुँच सुनिश्चित गराउनु पर्दछ ।

# सन्दर्भ सूची


अधिकारी, सूर्यमणि (२०५१), **जीवनपुरका दरैहरु**, चितवनः विवेक अफसेट प्रेस ।

कैनी, प्रभादेवी (२०५३), **दराइ जनजीवनः एक अध्ययन,** कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

गोदार, कृष्णबहादुर (२०६४), **स्याङ्जा पुतली बजारको कुमाल जातिको सामाजिक, आर्थिक अवस्था र वातावरणीय प्रभाव,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. ।

चौलागाई, तिलक प्रसाद, पोखेल नानीराम र सापकोटा, केशवराज (२०६०), **लैङ्गिक अध्ययन,** काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

ढकाल, कृष्णराज (२०६१) **दरै भाषा : एक अध्ययन**, भोटाहिटी, काठमाडौंः सुकुन्द पुस्तक भवन ।

दरै, मैया (२०७१), **दरै महिलाहरुको आयआर्जन र सामाजिक विकासको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. ।

दरै, विरबहादुर (२०६०), **पिछडिएको जाति दरै,** दलित जागरण अभियान, वर्ष १, अंक १ ।

**नेपाल वृहत शब्दकोश, (२०६०)**, नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान, काडमाडौं ।

पौडेल, तुलसीराम (२०६४), **लैंगिक अध्ययन,** काठमाडौं : निमा पुस्तक प्रकाशन ।

**बार्षिक नगर गतिविधि (२०६९)**, व्यास नगरपालिका, नगर सूचना केन्द्र ।

मिश्र, डिल्लीराम (२०५७), **नेपाल अधिराज्यमा तनहुँ,** काठमाडौंः हिसी अफसेट प्रेस । ।

**व्यास नगरपालिकाको परिचय**, वार्षिक नगर गतिविधि, २०७२/०७३ ।

**व्यास नगरपालिकाको प्रोफाइल (२०७२/०७३),** तनहुँ ।

**राष्ट्रिय जनगणना (२०६८)**, केन्द्रिय तथ्याङ्क विभाग, काठमाडौं ।

वाग्ले, केशवराज (२०६८), **दरै जातिको आर्थिक अवस्थाले शैक्षिक उपलब्धिमा पारेको प्रभाव,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. ।

वाग्ले, सुरेन्द्र (२०६७), **गाइड लाइन फोर प्रपोजल एण्ड थेसिस राइटिङ, भानुश्री, आदिकवि भानुभक्त क्याम्पस, तनहुँ ।**

विष्ट, डोरबहादुर (२०५५), **सबै जातको फुलवारी**, (सातौं संस्करण), काठमाडौंः साझा प्रकाशन ।

सिग्देल, पद्ममराज (२०६१), **तनहुँ जिल्ला दरै जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था एक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. ।

**स्थानीय विकास सन्देश,** जि.वि.स. तनहुँ, २०७१ असोज ।

Bista, Dor Bahadur (1997), **Fatalism and Development Nepals Struggle for Modernization,** Calkutta, Orient Langmen.

District Profile, Tanahun (2072),

Grieson, G.A. (1968), **Linguistic Survey of India** (Volume, IX, Part 4) Delhi.

Kotapish, Karl and Sharan (1973), **Darai Fonimic Summary**, Kathmandu: Samar Institution of Linguistic.

Michel, Cerenea (1993), **Putting People First Theory.**

Shrestha, Krishnaraj (2009), **Knowledge and Attitude on Agricultural Modernization in Darai Ethnic Community of Vyas Municipality of Tanahun District**, Unpublished dissertation, TU, Prithvin Narayan Campus, Pokhara.

Website: www.wikipedia.org

ddc Tanahun.gov.np

# परिशिष्ट : एक

## प्रश्नावली र अन्तरवार्ता तालिका

घरमुलीको नाम : ................................. मिति : .....................

गा.वि.स./न.पा. : .................................... वडा नं. ...........

उमेर : ............. शिक्षा : ...............

परिवार सङ्ख्या : ............. धर्म ..........

१) तपाईको परिवारको सदस्यहरु बारे विस्तृत विवरण दिनुहोस् ।

| क्र.सं. | नाम थर | घरमुलीसँगको नाता | उमेर | पेशा | शिक्षा | अन्य |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |

२) तपाईको घरको प्रकार कस्तो छ ?

क) कच्ची ख) पक्की

३) तपाईको घर परिवार चलाउने जिम्मेबारी कसको काँधमा छ ?

क) श्रीमानको ख) श्रीमतीको

ग) छोराको घ) बुहारीको

ङ) श्रीमान श्रीमती संयुक्त

४) तपाई रोजगारी हुनुहुन्छ ?

क) छ ख) छैन

५) तपाई रोजगारी गर्नुहुन्छ भने के मा गर्नुहुन्छ ?

क) सरकारी ख) गैरसरकारी

ग) नीजि च) अन्य

६) रोजगारीबाट मासिक कति आम्दानी गर्नुहुन्छ ?

क) १० देखि २० हजार ख) २० देखि ३० हजार

ग) ३० देखि ५० हजार घ) त्यो भन्दा बढी

७) तपाईको जिविकोपार्जनको मुख्य पेशा केलाई बनाउनु भएको छ ?

क) ज्यालादारी ख) तरकारी खेती ग) व्यापार व्यवसाय

घ) पशुपालन ङ) अन्य

८) तपाईको आफ्नो उत्पादनले परिवारलाई कति समय खान पुग्छ ?

क) १-३ महिना ख) ४-६ महिना

ग) ७-१२ महिना घ) वर्षभरी खाएर बिक्री गर्न समेत

९) रोजगारी बाहेक अन्य आयस्रोतहरु के के हुन् ?

क) व्यापार व्यवसाय ख) कृषि ग) ज्यालादारी

घ) पशुपालन ङ) अन्य

१०) तपाई कुनै सामाजिक संघसंस्थामा संलग्न हुनुहुन्छ ?

क) छ ख) छैन

११) यदि संलग्न हुनुहुन्छ भने कुन संस्था र कुन भूमिका/पदमा हुनुहुन्छ ?

क) संस्थाको नाम १)

२)

ख) भूमिका १)

२)

१२) तपाईले कुनै किसिमको तालिम लिनुभएको छ ?

क) छ ख) छैन

१३) कति दिने तालिम लिनुभएको छ ?

क) २ दिने ख) ५ दिने

ग) ७ दिने घ) १० दिने

१४) तालिम लिनुभएको छ भने कस्तो तालिम र के सम्बन्धी तालिम लिनुभएको छ ?

क) सिलाइबुनाइ ख) मौरीपालन

ग) कुखुरापालन घ) सिपमूलक

ङ) सौन्दर्यसम्बन्धी च) अन्य

१५) तालिम लिँदा कुन संस्थाबाट लिनुभएको हो ?

क) सरकारी ख) गैरसरकारी

ग) व्यक्तिगत संस्था घ) अन्य निकाय

१६) तालिम पश्चात तपाईमा कस्तो परिवर्तन आयो ?

क) समूहमा आफ्नो परिचय दिन सक्ने

ख) समूहमा आफ्नो समस्या राख्न सक्ने

ग) नेतृत्व लिन सक्ने

१७) तपाईको समुदायमा आमा समूह गठन गर्नुभएको छ ?

क) छ ख) छैन

१८) तपाई कुनै सहकारी संस्थामा संलग्न हुनुहुन्छ ?

क) छ ख) छैन

१९) त्यस संस्थाबाट तपाईले ऋण लिनुभएको छ ?

क) छ ख) छैन

२०) ऋण लिँदा कुन संस्थाबाट लिनुभएको छ ?

क) बैंकबाट ख) सहकारीबाट

ग) फाइनान्सबाट घ) साहुबाट

२१) लिनुभएको भए के कामको लागि लिनु भएको हो ?

क) कुखुरापालन ख) गाईपालन

ग) मौरीपालन घ) व्यापार व्यवसाय

ङ) वैदेशिक रोजगार

२२) ऋण लिएपछि कसरी तिर्नुहुन्छ ?

क) आम्दानीबाट ख) रोजगारीबाट

ग) सानो व्यवसायबाट घ) कृषिबाट

२३) यदि ऋण लिई कृषि वा अन्य कार्य संचालन गर्नु भएको छ भने कति लगानी गर्नुभएको छ ?

क) २० हजार ख) ४० हजार ग) ६० हजार

घ) १ लाख ङ) ५ लाख

२४) यसबाट मासिक कति आम्दानी गर्नुभएको छ ?

क) ५ हजार ख) १० हजार

ग) २० हजार घ) ५० हजार

२५) तपाईको बालबच्चालाई पढाउनु भएको छ ?

क) छ ख) छैन

२६) पढाउनु भएको भए कहाँ पढाउनु भएको छ ?

क) सरकारी स्कुल ख) बोर्डिङ्ग स्कुल

२७) तपाईको स्वामित्वमा घरजग्गा अथवा चलअचल सम्पत्ति के कति छ कि छैन ?

..........................................................................................

२८) तपाइको परिवारमा महिलाहरुले सरकारी कार्यालयमा जागिर खानुभएको छ ?

..........................................................................................

२९) तपाईको परिवारमा महिलाले जागिर खाँदा र नखाँदामा के फरक पाउनु भयो ?

..........................................................................................

३०) तपाईले घर खर्च कसरी चलाउनु हुन्छ ?

..........................................................................................

३१) तपाईको परम्परागत पेशा के हो ?

..........................................................................................

३२) तपाईको हालको पेशा के हो ?

..........................................................................................

३३) तपाइको मासिक आम्दानी कति हुन्छ ?

..........................................................................................

३४) खर्च के के मा हुन्छ ?

..........................................................................................

३५) आर्थिक बचत गर्नुभएको छ ?

..........................................................................................

***सहयोगको लागि धन्यवाद !***

# परिशिष्ट : दुई

## मौलिक स्रोतहरु

## अन्तरवार्ता र वैयक्तिक अध्ययन

| क.सं. | नाम थर | वर्ष | ठेगाना |
|---|---|---|---|
| 1 | संगीता दरै | 35 | व्यास-१, सिर्जनशील टोल |
| 2 | दिलमाया दरै | 55 | व्यास-१, भादगाउँ |
| 3 | मनुमाया दरै | 54 | व्यास-१, सिर्जनशील टोल |
| 4 | हिरालाल दरै | 57 | व्यास-१, भादगाउँ |
| 5 | तमबहादुर गीता दरै | 55 | व्यास-१, भादगाउँ |
| 6 | दिलबहादुर दरै | 30 | व्यास-१, ठूलोगाउँ |
| 7 | शमसेरबहादुर दरै | 33 | व्यास-१, भादगाउँ |
| 8 | उमा दरै | 35 | व्यास-१, ठूलोगाउँ |
| 9 | जमुना दरै | 45 | व्यास-१, भादगाउँ |

# परिशिष्ट : तीन

## नक्साहरु

### नेपालको नक्सा




# तनहुँ जिल्लाको नक्सा



कास्की
लम्जुङ
राइपुर
फिरफिरे
थप्रेक
दुलेगौंडा
स्याम्घा
रुपाकोट
रिस्ती
मिर्लुङ
चिसापानी
सतिस्वाँरा
बसन्तपुर
पुर्कोट
ढोरफिर्दी
खैरनीटार
मनपाङ
क्यामिन
तनहुँसुर
भानुमति
भिमाद
छाङ
भानु
व्यास नगरपालिका
बरभञ्ज्याङ
जामुने
अरुणोदय
स्याङ्जा
घाँसीकुवा
गोरखा
किहुँ
माझकोट
रानीपोखरी
पोखरी भञ्ज्याङ
कोटदरबार
बन्दिपुर
केशवटार
आँबुखैरेनी
काहुँशिवपुर
गजरकोट
घिरिङसुन्धरा
भगवतीपुर
धरमपानी
देउराली
राम्जाकोट
भिरकोट
पाल्पा
वैदी
छिपछिपे
छिम्केश्वरी
नवलपरासी
देवघाट
चितवन
कोटा

## व्यास नगरपालिकाको नक्सा



# परिशिष्ट : चार

## फोटोहरु



*दरै जातिको परम्परागत घुमाउने घर*



*दरै युवायुवती आफ्नो पोशाक र गरगहनामा*



*तिहारे औसींको रात वर्ष दिनको बरखी फुकाउन दरै समाज भवनमा जम्मा भएका दरै समुदायहरु*



*दरै जातिले लौका (एक प्रकारको फल) बाट बनाएको जाड खाने भाँडा*



*दरै गुराउले गाईको बाच्छीलाई झारफुक गर्दै*



*बाखा राख्ने खोर*



धान रोप्नका लागि जोत्दै



धान रोप्दै महिलाहरु



बंगुरको खोर



रक्सी बनाउदै महिला



विद्यालय जाने तयारीमा बालबालिकाहरु



दरै महिलासँग अन्तरवार्ता लिदै